# परिच्छेद : एक

# अनुसन्धानको परिचय

## १.१ परिचय (Introduction)

पृथ्वीको सर्वोत्कृष्ट चेतनशील प्राणी मानिस स्वतन्त्रता चाहन्छ । वर्तमान समयमा विश्वमा नै सबभन्दा बढी प्रचलनमा रहेको शब्द मानवअधिकार हो । मानव अधिकार व्यक्ति व्यक्ति बीचको सम्बन्धको कुरा हो । मावनअधिकार व्यक्ति र राज्य बीच अन्तरसम्बन्धित रहेको हुन्छ । सभ्यताको विकासको क्रमसँगै हरेक समाजले मानव गरिमाको परिभाषा गर्दै आएको छ । यस क्रममा पूरातन सनातन सभ्यताबाट क्रमिकरुपमा विकास हुँदै नविन घटनाहरुको अभ्युदय भएको छ । मानिस स्वतन्त्ररुपमा जन्मन्छ र जीवनभर स्वतन्त्र रुपमा रहन चाहन्छ । स्वतन्त्रता उसको जन्मसिद्ध अधिकार हो । यो स्वतन्त्रतालाई विश्वसमुदायले मानव अधिकारको रुपमा लियो । मानवअधिकार मानव जातिका लागि मात्र हुन्छ । यो अधिकार किन्ने कमाउने र आर्जन गर्ने होइन । यो स्वतः सिद्ध समानताका आधारमा सबैले उपभोग गर्न पाउने अहरणिय (Inalienable) हुन्छ । त्यसैले मानवअधिकारलाई सर्वव्यापी (Universal) भनीन्छ । किनकि मानवअधिकार भनेको कुनै खास समूह नागरिक माथि मात्र लक्षित नभएर सबै व्यक्तिहरुका लागि हो ।

मानवअधिकार संसारका सबै मानिसहरुका लागि हो । मानवअधिकारलाई मौलिक अधिकार, मानवअधिकार, आधारभूत अधिकार, आधारभूत स्वतन्त्रता, संवैधानिक अधिकार सभ्यताको उत्कृष्ट अधिकार पनि भनीन्छ । जति जति सभ्यता परिष्कृत हुँदै गएको छ, त्यति त्यति मानवअधिकारको संरक्षण र सम्बर्न्धन उच्च प्राथमिकता बन्नु पर्ने मान्यता पनि स्थापित हुँदै गएको छ । मानवअधिकार भन्नाले प्राकृतिक अधिकारको पृष्ठभूमिमा नै नैसर्गिकरुपमा प्राप्त ती सम्पूर्ण अधिकारहरु हुन् जसलाई राष्ट्र एवम् मानव समुदायले मानव मात्रको अत्यन्त आवश्यक मान्यता प्राप्त मानवसँग सम्बन्धित सर्वपक्षीय अधिकारको समष्टिगत रुप पनि हुन (बराल, २०५७:८८) ।

जीवन स्वतन्त्रता र मानवता आदि जस्ता अधिकारहरु हुन जसको अभावमा मानिसलाई पशुको श्रेणीबाट छुट्याउन सकिंदैन । मानव गर्भमा हुँदा जन्मन पाउने अधिकार, जन्मपश्चात अवहेलना एवम् तिरस्कारबाट छुटकारा पाउने अधिकार राख्दछ । प्राचीनकालमा मानिसद्वारा प्रयोग गरिने यस्ता अधिकारहरु प्राकृतिक अधिकारका रुपमा

लिइन्थ्यो । अहिले आएर यी अधिकारले राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय मानव अधिकारका रुपमा मान्यता पाउन थालेका छन् ।

परापूर्व कालदेखि नै समाजले आधारभूत मानवमर्यादालाई स्वीकारेको छ । सत्रौं शताब्दीसम्म मावनअधिकार सम्बन्धित व्यवस्था विभिन्न धार्मिक ग्रन्थमा रहेको पाइन्छ । धार्मिक ग्रन्थहरुमा अरुलाई सहयोग गर्नलाई सामान्यतया मानविय सम्मान र जिम्मेवारीको महत्वको बारेमा जोडदिएको पाइन्छ । तीन हजार वर्ष भन्दा अगाडिदेखि हिन्दू बेद, पूराण र उपनिषेध, पच्चीस सय वर्ष अगाडि बुद्धिष्ट बौद्ध धर्मालम्वीको त्रिपिटक, दुई हजार वर्ष अगाडिको क्रिश्चियन ग्रन्थ र छ सय वर्ष यताको इस्लामिक कानूनले सत्य र मानवताको धारणा दिइरहेको पाइन्छ । विभिन्न धार्मिक ग्रन्थहरुले धार्मिक कानून र नियमको रुपमा विभिन्न नैतिक व्यवहारहरु प्रस्तुत गरेको पाइन्छ ।

मावनअधिकारको धार विकसित गर्न मावनअधिकारसँग सम्बन्धित केही घटनाहरु घटेका छन् । तिनीहरुको यहाँ छोटो चर्चा गरिएको छ ।

**म्याग्नाकार्टा (Magna Carta) :-** वेलायतमा त्यहाका राजा र धर्मगुरुहरु बीच संघर्ष चलिरहेको थियो । राजाले जनतामाथि अत्यधिक कर लगाउन थालेका थिए । त्यसै क्रममा बेलायतका जनताले राजाको स्वेच्छाचारिता विरुद्ध संघर्ष गर्न थाले । यहि संघर्षको परिणाम स्वरुप ईश्वीसन् १२१५ मा राजा र जनताबीच लिखित सम्झौता भयो । यो सम्झौतालाई म्याग्नाकार्टा भनीन्छ । यो सम्झौताले बेलायती जनताको स्वतन्त्रतालाई प्रतिविम्वित गऱ्यो । राजाले संसदको अधिवेशन नियमितरुपमा बोलाउनु पर्ने, ऐन पारित गर्ने अधिकार संसदलाई हुने, संसदको स्वीकृतिविना कर लगाउन नपाइने, उचित कानूनी प्रकृया बिना कुनै पनि स्वतन्त्र व्यक्तिलाई थुनामा राख्न नपाइने जस्ता व्यवस्थाहरु म्याग्नाकार्टामा गरियो (मल्ल, २०४८) ।

**नागरिक अधिकारपत्र** :- सन् १६८८ मा बेलायतमा भएको परीवर्तनलाई इतिहासमा रक्तपातविहिन क्रान्ति वा गौरवमयक्रान्ति (Glorious Revolution) को रुपमा चित्रण गरिएको छ । सन् १६४ मा चार्ल प्रथम निरंकुश भए पछि संसदले फँसी दिने निर्णय गरी फाँसी दिइएको थियो । सन् १६४९ मा चार्ल प्रथमलाई फाँसी दिइएपछि बेलायत सन् १६६० सम्म गणतन्त्रात्मक रुपमा रह्यो । चार्ल्स द्वितीयले संसदको निर्णयलाई पालना गर्नु भनी बचनबद्ध भएपछि मात्र चार्लस द्वितीयलाई राजा बनाई पुनः बेलायतमा राजतन्त्र चलेको

थियो । पछिल्ला राजा जेम्स द्वितीयले पनि संसद माथि नियन्त्रको प्रयास गरे र असफलता हासिल गरेपछि सन् १६८८ मा देश छाडेर भागे । यो घटनालाई रक्तपातविहिन क्रान्ति भनीन्छ । यसपछि राजा विलियमले संसद र जनताले हासिल गरेका सबै अधिकारहरुको सम्मान गर्न मञ्जुर गरे । सोही अनुसार सन् १६८९ मा बेलायती संसदले राजा र जनताबीचको सम्बन्ध निर्धारण गर्ने सम्बन्धमा सम्झौताको लिखित तयार गऱ्यो त्यसै सम्झौतालाई 'Bill of Rights 1689' भनेर चिनिन्छ (काफ्ले, २०५८) ।

अठारौं शताब्दीमा यूरोपेली समाजमा मानवअधिकारको विकास क्रममा (Law of Nations) रुशाोद्वारा प्रतिपादित “सामाजिक सम्झौताको सिद्धान्त” मेन्टेस्क्यूको शक्तिपृथकीकरणको सिद्धान्त लकको “मान्छेको अधिकारको सिद्धान्त” त्यस कालखण्डका महत्वपूर्ण उपलब्धि थिए । जसको सम्बन्ध त्यसपछिको उल्लेखनिय परीवर्तनसँग रहेको छ ।

**अमेरिकी स्वतन्त्रताको घोषणा (१७७६)** :- सन् १७७६ को जुलाई ४ तारिकका दिन उत्तर अमेरिकाका १३ वटा राज्यहरुले तत्कालीन व्रिटिश उपनिवेशबाट संयुक्तरुपमा स्वतन्त्रताको घोषणा गरे जसलाई अमेरीकी स्वतन्त्रताको घोषणा भनीन्छ (मल्ल, २०४८) । सन् १२१५ को म्यानकार्टा, सन् १६८९ को बेलायति अधिकारपत्र र तत्पश्चात् विकसित हुँदै आएको नागरिक अधिकारका मान्यताहरु नै अमेरिकी स्वतन्त्रताको घोषणामा समावेश गरिएको थियो । थोमस जेफर्सनद्वारा तयार गरिएको घोषणापत्रमा सबै मानिसहरुको सृष्टि जन्म समानरुपले भएको र जीवन स्वाधीनता (स्वतन्त्रता) र सुख जस्ता केही अहरणीय अधिकारहरु जन्मदै लिएर आएको हुँदा यस्ता अधिकारहरुको हरण गरिनु हुँदैन भन्ने उल्लेख भएको छ (काफ्ले, २०५८) ।

**फ्रान्सेली राज्यक्रान्ति (१७८९)** :- सन् १७८९ मा फ्रान्समा भएको परीवर्तनलाई फ्रान्सेली राज्यक्रान्ति भनिन्छ । त्यसका पछाडिका कारणमा राजनीतिक, सामाजिक, आर्थिक, वौद्धिक लगायत अमेरीकी स्वतन्त्रता आन्दोलनको प्रभाव परेको थियो । त्यसबेला फ्रान्समा राजाको निरंकुशताको कुनै सीमा थिएन । बन्दी प्रत्यक्षीकरणको कुनै ऐन नियम थिएन । अर्थात् राजामात्र होइन राजाका कृपापात्र जो सुकैले पनि स्वच्छाचारी तवरले जसलाई पनि पक्राउ गर्न सक्दथे । शासनमा केन्द्रीकरण थियो र स्वतन्त्रताको अभाव थियो । कानूनहरु विरोधाभाषपूर्ण थिए । फरक शहरमा फरक-फरक कानूनहरु थिए । यिनै कानून तथा

कामका विरुद्ध लोकतन्त्रको स्थापनार्थ सन् १७८९ मा फ्रान्समा आन्दोलन भयो । त्यसपछि घोषणा भयो जुन मानिस र नागरिकका अधिकारहरुको घोषणापत्रका नामले चिनिन्छ । यो घोषणापत्रले सबै मान्छे जन्मजात स्वतन्त्र छन् र स्वतन्त्र रहनेछन्, सबैमा समान अधिकार छ भन्ने उल्लेख गरिएको थियो (शर्मा, २०४९) ।

<u>**संयुक्त राष्ट्र संघको स्थापना**</u> :- सन् १९१४ देखि १९१८ सम्म प्रथम विश्वयुद्ध भयो । यो युद्ध पश्चात् सन् १९१९ मा राष्ट्र संघको स्थापना भयो । यसले मानवअधिकारको संरक्षण गर्न सकेन, विश्वशान्ति कायम राख्न असफल भए पश्चात् सन् १९३९ मा दोस्रो विश्वयुद्ध भयो । यो युद्ध सन् १९४५ सम्म सञ्चालन भयो । यो छ वर्षे युद्धकालमा ठूलो विनाश तथा नरसंहार भयो । जल, थल र आकाशमा युद्ध भयो । करोडौं मानिस मारिए । जापानको हिरोसिमा र नागासाकीमा सन् १९४५ मा (क्रमशः अगष्ट ६ र ९ मा) भएको अणु (एटम) बमले युद्धको विकराल स्वरुप देखायो । युद्ध र नरसंहारको कहालीलाग्दो त्यस शृङ्खलाले मानवतालाई क्षतविक्षत हुनबाट रोक्न नयाँ दिशाबाट सोच्न सबैलाई घचघच्यायो । युद्धको अत्यासबाट विश्वलाई जोगाउन शान्तिका लागि स्थायी विश्वमञ्च स्थापना गर्न एकपटक सबैलाई घचघच्यायो (दाहाल, २०६३:१४३) ।

दोस्रो विश्वयुद्धको मानविय विनाश पछि आधुनिक मानव अधिकार आन्दोलन र मानव अधिकारको परिस्कृत मान्यताले जन्म लियो । सन् १९४१ मा अमेरिकी राष्ट्रपति रुजवेल्टले चारवटा स्वतन्त्रताको घोषणा गरेका थिए । जुन विचार र अभिव्यक्ति, विश्वास भयबाट मुक्ति र अभावबाट मुक्ति थिए । द्वितीय विश्वयुद्धको समाप्तिसँगै २४ अक्टोवर १९४५ मा संयुक्त राष्ट्र संघको जन्म हुन पुग्यो (पहाडी र दाहाल, २०६५:११३) ।

<u>**मावन अधिकारको विश्वव्यापी घोषणापत्र**</u> :- संयुक्त राष्ट्र संघको स्थापनाको तीन वर्ष पछि १० डिसेम्बर १९४८ का दिन संयुक्त राष्ट्र संघ महासभाले मावन अधिकारको विश्वव्यापी घोषणापत्र जारी गऱ्यो जुन मानव अधिकारको विकासक्रम र संरक्षणमा संस्थागत प्रयाका रुपमा अभूतपूर्व घटना क्रमका रुपमा मानिन्छ । त्यही दिन अर्थात् १० डिसेम्बरलाई विश्वभरि अन्तर्राष्ट्रिय मावनअधिकार दिवसका रुपमा मनाइन्छ । यो घोषणापत्रमा प्रस्ताव सहित ३० वटा धाराहरु छन् ।

**सन् १९६६ को नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र** :- सन् १९६६ मा ग्रहण गरी दश वर्ष पछि १९७६ मा लागू भएको नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्रको प्रस्तावनामा मावनअधिकारको विश्वव्यापी घोषणापत्रमा नागरिक तथा राजनीतिक स्वतन्त्रता, भय र अभावबाट मुक्तिको उपभोग गर्ने स्वतन्त्रता मावन अधिकारको आदर्श त्यसबेलामात्र हासिल हुन सक्दछ जब प्रत्येक व्यक्तिले नागरिक तथा राजनीतिक अधिकारहरुका साथै आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारहरु उपभोग गर्न पाउने अवस्था सिर्जना गरिएको हुन्छ भन्ने तथ्यलाई मान्यता दिइएको छ । त्यसैगरी सन् १९६६ मा ग्रहण भइ सन् १९७६ मा लागू भएको आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार सम्बन्धित अन्तर्राष्ट्रिय प्रतिज्ञापत्रको प्रस्तावनामा पनि भय र अभावबाट मुक्तिको उपभोग गर्ने, स्वतन्त्र मावन जातिको आदर्श त्यसबेलामात्र हासिल हुन सक्दछ जब प्रत्येक व्यक्तिले आफ्नो नागरिक तथा राजनीतिक अधिकारका साथै आर्थिक सामाजिक र सांस्कृतिक अधिकारहरु उपभोग गर्न पाउने अवस्था सिर्जना गरिएको हुन्छ भन्ने तथ्यलाई मान्यता दिइएको छ । त्यसैगरी सन् १९६६ मा ग्रहण भई सन् १९७६ मा लागू भएको आर्थिक सामाजिक तथा सांस्कृतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्रको प्रस्तावनामा पनि भय र अभावबाट मुक्तिको उपभोग गर्ने स्वतन्त्रता मानवजातिको आदर्श त्यतिबेला हासिल हुन सक्छ जब प्रत्येक व्यक्तिले आ-आफ्ना आर्थिक सामाजिक तथा सांस्कृतिक अधिकार उपभोग गर्न पाउने अवस्था सिर्जना गरिएको हुन्छ भन्ने तथ्यलाई मान्यता दिइएको छ (पहाडी र दाहाल, २०६५) ।

सन् १९४८ को मानव अधिकारको विश्वव्यापी घोषणापत्रको धारा १ देखि २१ सम्म नागरिक तथा राजनीतिक अधिकार, धारा २२ देखि २७ सम्म आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारहरु प्रतिविम्वित भएका छन् । सन् १९६६ मा आस्तित्वमा आएका २ प्रमुख प्रतिज्ञापत्रहरुको प्रस्तावनामा नै यी सबै अधिकारहरु एक आपसमा अन्तर सम्बन्धित र अन्तरनिर्भर भएको स्वीकार गरिएको छ । शीतयुद्धकालीन समयमा यो बहस र विवाद निकै उत्कर्षमा पुगेको देखिन्छ । यसको मुलकारण राजनीतिक परिवेश वा पद्धति हुन सक्छ । द्वितीय विश्वयुद्ध पश्चात् नागरिक तथा राजनीतिक अधिकारलाई एउटा कोणबाट पश्चिमी अवधारणा हो भनी पन्छिने प्रयास गरेको पाइन्छ भने अर्को कोणबाट आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारको तुलनामा नागरिक राजनीतिक अधिकार ज्यादा महत्वपूर्ण वा पहिलो प्राथमिकता भएको भन्ने खालका बहसले ठाउँ पाएको देखिन्छ ।

नेपालको दोस्रो संविधान “नेपाल अन्तरिम शासन विधान २००७” को भाग -२ मा राज्यका निर्देशक सिद्धान्तहरु उल्लेखित थिए । यस विद्यानले राज्यहरुले सकेसम्म प्रभावपूर्ण रुपले राष्ट्रिय जीवनका संस्थाहरुको आर्थिक राजनितिक न्यायपूर्ण सामाजिक व्यवस्था स्थापना र सुरक्षा गरी जनताको कल्याण बढाउने कोशिस गर्नेछ भन्ने नीति लिन पुग्यो । यसले नागरिकहरुलाई वाक र प्रकाशन स्वतन्त्रता शान्तिपूर्ण विनाहातहतियार सभा सम्मेलन गर्ने र घरजम गर्ने, सम्पत्ति आर्जन गर्ने, कानूनको उल्लघन हुने गरी काम गरेको अवस्थामा वाहेक दोषी नहुने आदिहरुको व्यवस्था गरियो (दहाल, २०६३) । नेपलको तेस्रो संविधान “नेपाल अधिराज्यको संविधान २०१५” मा पहिलाका संविधान भन्दा केही बढी स्वतन्त्रताका हकहरु व्यवस्थित गरिए । यिनीहरुको बैयक्तिक स्वतन्त्रता, समानता, धर्म, सम्पत्ति, राजनीतिक स्वतन्त्रता संबैधानिक उपचारको हक आदि थिए । राजा महेन्द्रले २०१९ सालमा एकदलीय पञ्चायती संविधानले केही मैलिक अधिकारहरुको व्यवस्था गरेको थियो । तिनीहरुमा समानताको हक, देशनिकाली बिरुद्धको हक, शोषण विरुद्धको हक, सम्पत्तिको हक, सबैधानिक अधिकारको हक आदि । २०४६ सालको जनआन्दोलनले पञ्चायती व्यवस्थालाई पल्टाई प्रजातन्त्रको पुनर्स्थापना गरायो । २०४७ सालमा नेपालमा “नेपाल अधिराज्यको संविधान २०४७” जारी गरियो । यो संविधानले व्यवस्था गरेका मैलिक हकहरुमा समानताको हक, स्वतन्त्रताको हक, छापाखाना र पत्रपत्रिका सम्बन्धी हक, फौजदारी न्याय सम्बन्धी हक, निवारक नजरवन्द विरुद्धको हक, सूचनाको हक, सम्पत्तीको हक, गोपनीयताको हक, देश निकाला विरुद्धको हक र संबैधानिक उपचारको हक आदिको व्यवस्था गरिएको थियो ।

राजदरवार हत्याकाण्ड २०५८ पछि ज्ञानेन्द्रले राज्यसत्ता आफ्नो हातमा लिए पश्चात २०६२ मा जनआन्दोलन चर्किंयो । २०६३ सालमा “नेपालको अन्तरिम संविधान २०६३” जारी भयो । यो संविधानले व्याख्या गरेको मौलिक हकहरु यस प्रकार छन् -स्वतन्त्रताको हक, समानताको हक, छुवाछुत तथा जातीय विरुद्धको हक, प्रकाशन, प्रसारण तथा छापाखाना सम्बन्धी हक, वातावरण तथा स्वास्थ्य सम्वन्धि हक, शिक्षा तथा सास्कृति सम्बन्धी हक, रोजगारी तथा सामाजिक सुरक्षा सम्बन्धी हक, बालबालिको हक, धर्म सम्बन्धित हक, सम्पत्तिको हक, महिला सम्बन्धी हक, सामाजिक न्यायको हक, न्याय सम्बन्धी हक, निवरकनजरवन्द बिरुद्धको हक, याताना विरुद्धको हक, सूचनाको हक, गोपनीयताको हक, शोषण विरुद्धको हक, श्रम सम्बन्धी हक, देशनिकाला विरुद्धको हक र

संबैधानिक उपचारको हक आदिको व्यवस्था गरिएको छ (नेपालको अन्तरिम संविधान २०६३) ।

## १.२ शोधपत्रको समस्या कथन (Statement of the Problem)

मानव अधिकार जन्मसिद्ध अधिकार हो र यो अधिकार मानव जातिको लागि मात्र हो । यो स्वतः सिद्धरुपमा मानवताका नाताले सबैले उपभोग गर्न पाउने अहरणिय र जन्मसिद्ध अधिकार हो । मानिसले मानिस जस्तै भएर जिउन पाउनु पर्छ, यसका लागि आवश्यक पर्ने सम्पूर्ण आधारभूत आवश्यकताहरु नै मानव अधिकार हो । संयुक्त राष्ट्र संघद्धारा सन १९४८ मा घोषणा गरिएको मानव अधिकारको विश्वव्यापी घोषणा पत्रमा व्यवस्था गरएका अधिकारहरु नै मानव अधिकारका आधारशिला हुन् ।

संयुक्त राष्ट्र संघीय महासभाले १० डिसेम्वर १९४८ का दिन मानव अधिकारको विश्वव्यापी घोषणा गऱ्यो । मानव अधिकार अभिव्यक्त गर्ने प्रथम दस्तवेज भएकोले यो घोषणा पत्रलाई अत्याधिक महत्वपुर्ण दस्तावेजको मान्यता दिइएको छ (शर्मा, २०५३) । यसको घोषणा पत्रमा व्यवस्थित गरिएको छ कि यो घोषणा पत्र सबै जनताहरु र सबै राष्ट्रहरुमा स्थापित भैसकेको संबैधानिक तथा नागरिक अधिकारमध्ये बढी प्रचलित अधिकारहरुलाई एक ठाँउमा एकतृत गरी अन्तर्राष्ट्रिय स्तरको साझा मापदण्ड घोषित गर्ने गरिएको छ ।

प्राचीन कालदेखि नै समाजले आधारभूत मानव मर्यादालाई स्वीकारेको छ । सत्रौ शताब्दीसम्म मानव अधिकार सम्वन्धी व्यवस्था विभिन्न धर्मिक ग्रन्थहरुमा रहरेको पाइन्छ । तिनमा अरुलाई सहयोग गर्नको लागि समानता, मानवियता, सम्मान र जिम्वेवारीको महत्वको बारेमा जोड दिएको पाइन्छ । सन १२१५ मा बेलायती राजाले जनतालाई दिएको लिखित अधिकारलाई पहिलो लिखित दस्तावेजको रुपमा रहेको म्याग्नाकार्टा (Maganacrta) थियो । त्यसपछि १६८९ मा जारीभएको विल अफ राष्ट्र (Bill of Rights) ले बोल्ने स्वतन्त्रता, धार्मिक स्वतन्त्रता, प्रकाशन गर्न पाउने अधिकारको व्यवस्था गऱ्यो । यसलाई मानव अधिकारको पहिलो चरणको रुपमा लिइन्छ ।

नेपालमा मानवअधिकारको व्यवस्था सम्बन्धी इतिहास छोटो भए तापनि यसले महत्वपूर्ण मोडहरु पार गरेको छ । यी संविधानहरुमा मौलिकहकहरुको व्यवस्था गरिएको छ । नेपालको पहिलो लिखित संविधान “नेपाल सरकार बैधानिक कानून २००४” हो ।

यसको धारा - ४ मा व्यक्तिगत स्वतन्त्रता, सस्तो र सरल न्याय, वाकस्वतन्त्रता प्रकाशन स्वतन्त्रता, भेला र छलफलको स्वतन्त्रता सर्व निःशुल्क र अनिवार्य प्राथमिक शिक्षाको हक वयस्क मताधिकार, व्यक्तिगत सम्पत्तिको सुरक्षाको हक जस्ता मौलिक हक उल्लेखित थिए (पोखरेल, २०६३) । नेपालको दोस्रो संविधान "नेपालको अन्तरिमशासन विधान २००७" मा भएका मौलिकहकहरु यसप्रकार छन् :- कानूनी समानता, वाक र प्रकाशन स्वतन्त्रता, संस्था र संघ खडा गर्ने, नेपाल राज्य भर बिना रोकतोक घुमफिर गर्ने, नेपाल राज्य भर जुनसुकै ठाउँमा निवास गर्ने स्वतन्त्रता, प्रचलित कानून बमोजिम मात्र सजाय दिने, एक अपराधका लागि एक पटक भन्दा बढी सजायदिन नपाइने र आफ्नो विरुद्ध वयान दिन करनलाग्ने आदि । २०१५ सालको "नेपाल अधिराज्यको संविधान - २०१५" को भाग - ३ मा मौलिकहकको व्यवस्था गरिएको थियो । ती हकहरु निम्न छन् : नेपाली नागरिकलाई वैयक्तिक स्वतन्त्रता, समानता, धर्म, सम्पत्ति, राजनीतिक स्वतन्त्रता र संवैधानिक उपचारको समेत छ प्रकारका अधिकार प्रदान गरिएको थियो । तर मुलुकको सुरक्षित, मित्रराष्ट्रसँगको सु-सम्बन्ध, शान्ति र व्यवस्था, विभिन्न वर्ग वा जाति वा प्रयोजनका लागि रोक लगाउन सकिन्थ्यो । नेपालको चौथो संविधान २०१९ सालमा जारी गरियो । यो संविधानको धारा १० देखि १७ सम्म मौलिकहकको व्यवस्था गरिएको थियो । जस अनुसार नेपालीहरुलाई समानताको हक, धर्मसम्बन्धी हक, सम्पत्तिको हक र संवैधानिक उपचारको हक प्राप्त थिए । सार्वजनिक हितका लागि मौलिक हकको प्रयोगमा बन्देजको पनि व्यवस्था थियो ।

२०४७ मा नेपालको पाँचौ संविधान "नेपाल अधिराज्यको संविधान - २०४७" जारी भयो । यो संविधानको धारा ११ बाट २३ सम्म मौलिकहकको व्यवस्था गरिएको थियो । ती हक हुन् : समानताको हक, स्वतन्त्रताको हक, फौजदारी न्यायसम्बन्धी हक, छापाखाना र पत्रपत्रिका सम्बन्धी हक, निवारक नजरबन्द विरुद्धको हक, सूचनाको हक, सम्पत्तिको हक, गोपनीयताको हक, देशनिकाला विरुद्धको हक र संवैधानिक उपचारको हक । २०६२/०६३ मा जनआन्दोलन भयो । यो जनआन्दोलनले राजा ज्ञानेन्द्रको निरंकुशतन्त्रलाई धुलो चटाइदियो । राजनीतिक परीवर्तन भयो । २०६३ सालमा "नेपालको अन्तरिम संविधान २०६३" जारी गरियो । यो संविधानको भाग - ३ मा धारा १२ देखि धारा ३२ सम्म मौलिक हकहरुको व्यवस्था गरियो । ती हकहरु यस प्रकार छन् : स्वतन्त्रताको हक, समानताको हक, छुवाछुत तथा जातीय भेदभाव विरुद्धको हक, प्रकाशन, प्रशारण तथा छापाखान सम्बन्धी हक, वातावरण तथा स्वास्थ्य सम्बन्धी हक, शिक्षा तथा संस्कृति सम्बन्धी हक,

रोजगारी तथा सामाजिक सुरक्षा सम्बन्धी हक, महिलाको हक, सामाजिक न्यायको हक, बालबालिकाको हक, धर्म सम्बन्धी हक, न्याय सम्बन्धी हक, निवारक नजरबन्द विरुद्धको हक, यातना विरुद्धको हक, सूचनाको हक, गोपनियताको हक, शोषणविरुद्धको हक, श्रम सम्बन्धी हक, देश निकाल विरुद्धको हक र संवैधानिक उपचारको हक ।

प्रस्तुत शोधपत्रमा मानवअधिकार सम्बन्धी विश्वव्यापी घोषणापत्रको धारणा के छ ? र मानव अधिकार सम्बन्धी के कस्ता अन्तर्राष्ट्रिय मान्यताहरु छन् ? नेपालका संविधानहरुमा मानवअधिकार सम्बन्धी के कस्ता व्यवस्था गरिएका छन् ? नेपालले के कस्ता मानव अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय सन्धी संझौताहरुको अनुमोदन गरेको छ र के कस्तो पक्ष भई त्यस सम्बन्धी आफ्ना कानूनमा के कस्ता व्यवस्था गर्दै आएको छ ? नेपालको अन्तरिम संविधान २०६३ मानव अधिकारका दृष्टिले कस्तो छ ? यस बारेमा व्यवस्थित अध्ययन भएको नपाइएकोले यस्ता समस्याका बारेमा अध्ययन गरी शोधपत्र तयार गरिएको छ ।

## १.३ शोधपत्रको उद्देश्य (Objectives of the Study)

नेपालमा मानवअधिकारको स्थिति र व्यवस्था बारेमा चर्चा गर्नु यस शोधपत्रको सामान्य उद्देश्य राखिएको छ भने निम्न विशेष उद्देश्यहरु राखिएका छन् :

(क) नेपाल पक्ष भएका अन्तर्राष्ट्रिय सन्धी सम्झौताहरुको खोजी गर्दै यस सम्बन्धी नेपाली कानूनमा भएका परीवर्तनहरुको अन्वेषण गर्नु,

(ख) नेपालका विभिन्न संविधानहरुमा भएका मानव अधिकारको व्यवस्थाबारे तुलनात्मक अध्ययन गर्नु,

(ग) नेपालको अन्तरिम संविधान २०६३ मा भएका मानव अधिकारहरुको व्यवस्थाबारे विश्लेषण गर्नु,

(घ) मानवअधिकारको कार्यान्वयन पक्षको अध्ययन गर्नु ।

## १.४ अनुसन्धान विधि (Research Methodology)

प्रस्तुत शोधअध्ययनमा “मानव अधिकारको दृष्टिमा नेपालको अन्तरिम संविधान, २०६३” को बारेमा अध्ययन गर्दा नेपालमा नेपाली नागरिकले विश्वव्यापी मानव अधिकारलाई नेपालका संविधानमा मौलिक हकहरु के कसरी समावेश गरिएका छन् ।

तिनको तुलनामा २०६२/०६३ को लोकतान्त्रिक जनआन्दोलन पश्चात बनेको यो अन्तरिम संविधानमा के कति मानव अधिकारको वढोत्तरी गरी समावेश गरिएको छ भन्ने बारेमा विवरणात्मक अध्ययनको ढाँचा प्रयोग गरिएको छ । नेपालका सबै संविधानमा व्यवस्था गरिएका मानव अधिकारको तुलनात्मक विश्लेषण गरिएको छ । यो अध्ययनमा पुस्तकालय विधिको प्रयोग गरी द्वितीय स्रोत पुस्तक, जरनल, पत्रपत्रिका लेख रचनाहरु मानव अधिकार संगालो, प्रकाशित अप्रकाशित, प्रतिवेदन, दस्तावेज आदिको उल्लेखनीय रुपमा प्रयोग गरिएको छ ।

## १.५ पूर्व साहित्य समीक्षा (Literature Review)

मावनअधिकार सम्पूर्ण विश्वकै चासोको विषय हो । हरेक राष्ट्रका सरकारले मानव अधिकारको नारा चर्काएर आफ्नो परिचय दिने प्रचलनमा बृद्धि भएको भए तापनि व्यवहारमा यस्तो कमै पाइन्छ । मानवअधिकारको व्यवहारिक पक्ष कमजोर रहेको पाइन्छ । परापूर्व कालदेखि नै समाजको आधारभूत मानव अधिकारलाई स्वीकारेको छ । सत्रौं शताब्दिसम्म मानवअधिकार सम्बन्धी व्यवस्था विभिन्न धार्मिक ग्रन्थहरुमा रहेको पाइन्छ । धार्मिक ग्रन्थहरुमा सहयोग गर्नका लागि समानता, मानवीयता, मानविय सम्मान र जिम्मेवारीको महत्वमा जोड दिइएको पाइन्छ । तीन हजार वर्ष अगाडिदेखिको हिन्दू वेद, पूराण तथा उपनिषद, पच्चीस सय वर्ष अगाडिको बुद्धिष्ट त्रिपिटक, दुई हजार वर्ष अगाडिको क्रिश्चियन ग्रन्थ र छ सय वर्ष यताको स्लामिक कुरानले सत्य र मानवताको धारणा दिइरहेका छन् । विभिन्न धार्मिक ग्रन्थहरुले धार्मिक कानून र नियमको रुपमा विभिन्न नैतिक व्यवहारहरु प्रस्तुत गरेको पाइन्छ । सन् १२१५ मा बेलायतका जनताले राजा जोनलाई मानवअधिकारको पहिलो लिखत दस्तावेजको रुपमा म्याग्नाकार्टा (Magnacarta) जारी गर्न लगाए । तत्पश्चात् सन् १६८९ मा जारी भएको विलअफ राइटले बोल्ने स्वतन्त्रता, धार्मिक स्वतन्त्रता र प्रकाशन गर्न पाउने स्वतन्त्रताको व्यवस्था गऱ्यो जसलाई मानव अधिकारको विकासको क्रममा पहिलो चरणको रुपमा लिइन्छ (तिमिल्सीना र अन्य, २०६६:४८) ।

विकासको जुन क्रममा आदिम समाज (Primitive Society) अन्तर्गत रहेको स्वतन्त्र व्यक्ति क्रमशः परतन्त्र दास र अर्ध स्वतन्त्र कृषकमा परिणत भइ पूनः पूर्ण स्वतन्त्र व्यक्तिमा परिणत भयो । त्यस क्रममा मानिसको प्राकृतिक र नैसर्गिक स्वतन्त्रता पनि कृतिम र वैधानिक स्वतन्त्रतामा परिणत भयो । तर विकासको यो क्रम रोकिएन । विकासको गतिको

साथ साथै उद्योगमा पनि विकास हुन थाल्यो । जसको परिणाम स्वरुप श्रमिकहरुको संख्यामा बृद्धि हुनाका साथै तिनीहरुको जनचेतना पनि विकास हुन थाल्यो । प्रतिदिन चौधदेखि अठ्ठार घण्टासम्म श्रम गर्न बाध्य गराइएका श्रमिकहरु आफ्नो परिस्थितिबाट सन्तुष्ट नभएकाले तिनीहरु आफ्नो हकहितका लागि उद्योगपति विरुद्ध संघर्ष गर्न थाले र विभिन्न संगठनहरुको गठन गर्न थाले प्रारम्भमा श्रमिकहरुको संघर्षको दमन गरियो । तर श्रमिक आन्दोलनको निरन्तर दमन गरिरहन सम्भव नभएकाले श्रमिक आन्दोलन क्रमशः सफल हुँदै गयो र यसै क्रममा कार्य समयको हदवन्दि सम्बन्धी हक, ज्यालामजदुरी सम्बन्धी हक, श्रमसंगठन खोल्न पाउने हक, हडताल गर्न पाउने हक विभिन्न श्रमिक अधिकारहरु विकास र संघर्षको क्रममा उत्पन्न भएकाले भिन्न-भिन्न राष्ट्रमा भिन्न भिन्न समयमा भिन्न भिन्न परिमाणमा यी अधिकारहरु भिन्न भिन्न राष्ट्रमा राष्ट्रिय कानून अन्तर्गत नागरिक र संवैधानिक अधिकारहरुको रुपमा उत्पन्न भए तर सबै राष्ट्रका नागरिकहरुले एकै समयमा एकै नामको अधिकारको उपभोग गर्न पाउने "मानवअधिकार" को सृजना संयुक्त राष्ट्र संघको स्थापनापछि मात्र सम्भव भयो (शर्मा, २०५१) ।

सन् १७८९ मा फ्रान्सेली राज्य क्रान्ति पश्चात् नागरिकका अधिकारहरुको घोषणा गरियो । जसमा जीवनको अधिकार अभिव्यक्तिको स्वतन्त्रता र सम्पत्तिको अधिकारको व्यवस्था गरिएको थियो । सन् १८१५ मा ल्याटिन अमेरिका र फ्रान्सका दासहरुको विद्रोह तथा त्यसै वर्ष भियतनाममा भएको सम्मेलनले तत्कालीन यूरोपमा विद्यमान दासप्रथा तथा दास व्यापारलाई निषेध गर्ने प्रयत्न गरेको थियो । सन् १८३० को दशकमा विभिन्न भागहरुमा आर्थिक तथा सामाजिक अधिकारका लागि आन्दोलनहरु तथा पश्चिमा धार्मिक आन्दोलनहरुको अभ्यूदय भएको पाइन्छ । सन् १८३९ मा बेलायतमा दासत्व विरोधि समाजको स्थापना भयो । सन् १८४० मा आयरल्याण्डमा भएको चर्चित आन्दोलनले गरीब र मजदुरहरुको अधिकारलाई उठान गरेको पाइन्छ । युद्ध पिडितलाई सहयोग गर्न सन् १८६३ मा रेडक्रसको अन्तर्राष्ट्रिय समिति (आइ.सि.आर.सि.) को स्थापना भयो । सन् १८६० देखि ८० को अवधिमा सबै क्षेत्रहरुमा दास व्यापारको अन्त्यको लागि पचासौं द्विपक्षीय सन्धिहरु जारी भए । उल्लेखित आन्दोलनबाट मानिसहरुले धेरै मुलुकमा नागरिक तथा राजनीतिक अधिकारहरु प्राप्त गर्न सके, संसारमा मानिसको किनवेच प्रथा अन्त्य भयो । यो मानवअधिकारको विकासक्रमको दोस्रो चरण हो (तिमिल्सिना र अन्य, २०६६:४९) ।

नेपाल सरकार वैधानिक कानून २००४ नेपालको पहिलो लिखित संविधान मानिन्छ। यस संविधानमा नागरिकलाई केहि मौलिक हकहरु प्रदान गरिएको पाइन्छ । नागरिकलाई मौलिक हकहरु प्रदान गर्ने अभिप्रायले लोकनीति र सदाचारको सिद्धान्तहरुको वर्खिलाप नगरी मौलिक हकहरुका विषयमा हाल प्रचलित र नयाँ बन्ने ऐन र नियमहरुको विरोध नगरी व्यक्तिगत स्वतन्त्रता, वाक स्वतन्त्रता, प्रकाशन स्वतन्त्रता, सभा र संघ स्वतन्त्रता, धार्मिक स्वतन्त्रता, ऐन कानूनी पूर्ण समानता, छिटो र सुलभ साथ पाइने इन्साफ, मुलुकभर अनिवार्य निःशुल्क प्रारम्भिक शिक्षा, उमेर पुगेका सबैले भोट गर्न पाउने समान हक, व्यक्तिगत सम्पत्ति संरक्षणका हकहरुको प्रत्याभूति गरेको थियो । दुनियाको हक र कर्तव्य दुवै हुन्छन्, औ दुवै आम भलाइका निमित्त व्यवहृत हुन्छन्, औ आवश्यकीय खासगरी धर्मको कुरामा बाहेक अरु विषयमा अरु मुलुकहरुमा चलिरहेको भन्दा बढ्ता बन्देज हाम्रो मुलुकमा लगाउने सरकारको इरादा नभएको भनी लोकहित र सदाचारको सिद्धान्तको बर्खिलाप नहुने गरी मौलिकहकहरुको प्रयोग गर्न पाइने कुरा उल्लेख गरियो (दाहाल, २०६३) ।

२०४६ सालको ऐतिहासिक जनआन्दोलनका परिणाम स्वरुप प्रजातन्त्रको पुनर्वाहाली भएकाले जनताको राजनीतिक चेतना र आकांक्षा अनुरुप मौलिक हकको व्यवस्था गरिनु जरुरी थियो । त्यसैले मुलुकको आर्थिक, सामाजिक वास्तविकतालाई ध्यानमा राखेर उन्नतिशील नेपाली समाजको आवश्यकता अनुकुल नेपाल अधिराज्यको संविधान २०४७ मा पहिले भन्दा अति व्यापक र उल्लेख्य ढंगमा मौलिकहकको व्यवस्था गरिएको छ । संविधानको भाग ३ को धारा ११ देखि धारा २३ सम्म नेपाली समाजको आवश्यकतालाई हृदयंगम गरी तर्जुमा गरिएको मौलिकहरुहरु यस प्रकार छन् :- समानताको हक, स्वतन्त्रताको हक, छापाखाना र पत्रपत्रिका सम्बन्धी हक, फौजदारी न्याय सम्बन्धी हक, निवारक नजरवन्द विरुद्धको हक, सूचनाको हक, सम्पत्तिको हक, संस्कृति तथा शिक्षा सम्बन्धी हक, धर्म सम्बन्धी हक, शोषण विरुद्धको हक, देशनिकाला विरुद्धको हक, गोपनीयताको हक र सम्वैधानिक उपचारको हक (पोखरेल, २०६३:१२१) ।

नेपालको संविधान २०१९ को धारा १० देखि धार १६ सम्म नेपाली नागरिकलाई स्वतन्त्रता, समानता, फौजदारी न्याय, शोषण विरुद्ध आदि हक अधिकारको अतिरिक्त संवैधानिक उपचारका हक पनि प्रदान गरिएको थियो । तर उक्त हक अधिकारको प्रयोग गर्न सम्बन्धित धारामा समेत प्रतिवन्धात्मक वाक्यांशद्वारा बन्देज लगाइयो । राजनीतिक दल खोल्न, राजनैतिक भेला र संगठन गर्न प्रतिवन्ध लगाउनका अतिरिक्त धारा १७ ले १० देखि

१६ सम्मका अधिकारको प्रयोगमा विभिन्न नामबाट रोक लगायो । त्यस्तै राजाद्वारा संकटकालीन व्यवस्थाको नाममा मौलिक हक उपर तालालगाउन सक्ने व्यवस्था भएबाट यस संविधानले व्यवस्था गरेका मानवअधिकारहरु असहाय र अप्रभावकारी थिए (बराल, २०५७ :९२/९३) ।

मावन अधिकार भनेका सबै मानवको नैसर्गिक अधिकार हो । यो अधिकार राष्ट्रियता, लिङ्ग, राष्ट्रिय वा जातीय उत्पत्ती, रङ्ग, धर्म, भाषा वा अन्य कुनै स्तरको भेदभाव बिना सबैलाई उपभोगको अधिकार छ । यी अधिकारहरु सर्वव्यापी, अविभाज्य, अन्तरसम्बन्धित छन् र अन्तरनिर्भर गर्दछन् । मावन अधिकारको प्रवर्धन र संरक्षण राज्यको प्रमुख दायित्व हो (पहाडी र दाहाल, २०६५) । मानव अधिकार मानवको जन्म पश्चात मृत्यु पर्यान्तसम्मको नैंसर्गिक अधिकार हो । यो अधिकारको प्रयोग मानव मात्रले मानव हितको लागि गर्छ । मानव अधिकारको प्रयोग गर्दा अरु मानवको अधिकारमा दखल पुऱ्याउनु हुँदैन (दाहाल, २०६४) ।

नेपालको छैटौं तथा वर्तमान संविधान "नेपालको अन्तरिम संविधान २०६३" को प्रस्तावनामा "... प्रतिस्पर्धात्मक बहुदलीय लोकतान्त्रिक शासन व्यवस्था, नागरिक स्वतन्त्रता, मौलिक अधिकार, मताधिकार, आवधिक निर्वाचन, पूर्ण प्रेस स्वतन्त्रता, स्वतन्त्र न्यायपालिका तथा कानूनी राज्यको अवधारणा लगायत लोकतान्त्रिक मूल्य र मान्यता प्रतिको पूर्ण प्रतिवद्धता व्यक्त गर्दै ... लोकतन्त्र, शान्ति, समृद्धि, अग्रगामी आर्थिक सामाजिक र स्वाभिमानलाई केन्द्रमा राख्दै ... ।" भन्ने व्यवस्था गरिएको छ ।

२०१७ सालसम्म मुख्य गरेर राजनैतिक आस्थिरता कारण मानव अधिकार र व्यवहारिकताका बारेमा कुनै प्रस्तुत अगाडि आउन सकेनन् । २०४७ सालदेखि पूर्वको समयलाई हेर्दा पनि अशिक्षा र अज्ञानता तथा राणाशासनका कारणहरु व्यवहारिक पक्ष र मानव अधिकारलाई लिएर स्पष्ट हुने गरी ग्रन्थ आउन सकेनन् । २०४७ पछि विभिन्न संघसंस्थाहरु जसले मानव अधिकारसँग सम्बन्धित भएर काम गर्न थाले तिनीहरुले विभिन्न घटना र बिषयहरुमा रहेर काम गर्न र सोही बमोजिमका लेख रचना प्रकाशित भई सकेका छन् । विभिन्न पत्रिकामा पनि प्रकाशित हुने गरेका छन् । मानव अधिकारवादी र गैह्र सरकारी संस्था इन्सेकले मानव अधिकार वर्ष पुस्तक प्रकाशित गर्दै आएको छ (दाहाल, २०५९) ।

कटक मल्ल (२०४८) को अन्तर्राष्ट्रिय संघ संस्था सम्बन्धी कानून र मानव अधिकार पुस्तकमा नेपालको सन्दर्भमा मानव अधिकार, मानव अधिकार संरक्षण समस्या र समाधान आदिबारेमा उल्लेख गरेको पाइन्छ तर यसमा विश्वव्यापी मानव अधिकारको घोषणापत्र र नेपालको अन्तरिम संविघान २०६३ को तुलनात्मक अध्ययन गरिएको छैन (मल्ल, २०४८) । गिरधारी दाहालको राजनीतिशास्त्रको सिद्धान्तहरु (२०६३) मा व्यवस्था गरिएको मानव अधिकार शीर्षकमा मानव अधिकारको विश्वव्यापी धोषणापत्रमा भएका नागरिक तथा राजनैतिक अधिकार, आर्थिक, सामाजिक र संस्कृतिक अधिकार छुट्याई विश्लेषण गरेको र नेपाल अधिराज्यको संविधान २०४७ मा भएका मौलिकहकको तुलना गरेको पाइन्छ तर नेपालको अन्तरिम संविधान २०६३ मा भएका मानव अधिकारको बारेमा विश्लेषण गरेको पाइएन (दाहाल, २०६३) । डा. गोपाल शर्माको अन्तर्रष्ट्रिय मानव अधिकारको नेपालको संविधान अन्तर्गत मानव अधिकार र मौलिक अधिकारहरु शीर्षकमा २०४७ सालको नेपाल अधिराज्यको संविधान २०४७ मा व्यवस्था भएका मानव अधिकारको विश्लेषण गरेको पाइयो तर यसमा पनि नेपालका सबै संविधानमा व्यवस्था गरिएका मानव अधिकारको तुलनात्मक अध्ययन छैन (शर्मा, २०५१) । कपीलमणी दाहालको “नेपालमा मानव अधिकार र वन्दिप्रत्यक्षीकरण एक अध्ययन (२०५९) मा मानव अधिकारको अवधारणा यसको विकास तथा वन्दीहरुले पाउने कानूनीहक अधिकार आदिबारेमा उल्लेख गरिएको छ (दाहाल, २०५९) । यिनीहरुमा नेपालको अन्तरिम संविधान र मानव अधिकारको विश्वव्यापी घोषणपत्र १९४८ को तुलनात्मक अध्ययन गरीएको छैन । त्यसैले यो शोधपत्र माथि दिइएका पुस्तक तथा शोधपत्र भन्दा परक छ । नेपालका अहिलेसम्म बनेका संविधान विश्वका संविधान र मानव अधिकारको अध्ययन गर्नुपर्ने आवश्यकता हुँदाहुँदै पनि स्रोत र साधनको अभावमा मानव अधिकारको दृष्टिमा नेपालको अन्तरिम संविधान २०६३ शोध शीर्षक राखी अध्ययन गरिएको छ ।

## १.६ अनुसन्धानको औचित्य र महत्व (Justification and Importance of the Study)

मानवका नाताले आफ्ना अन्तर्निहित अधिकारहरु आफूलाई आफ्नो देशको संविधानले के कस्ता मानव अधिकारहरु दिएको छ विश्वव्यापी मानव अधिकार सम्बन्धी घोषणा पत्रको धारण के हो ? त्यसतर्फ चिन्तन हुनु प्रत्येक नागरिकको लागि आवश्यक हन्छ । यस्तो

महत्वपूर्ण विषयबस्तुको अध्ययन अनुसन्धान सबैको लागि रुचि र चासोको विषयवस्तु हुन सक्ने कुरामा दुईमत नहोला । यस अनुसन्धानले राजनीतिशास्त्रका विद्यार्थी, कानूनका विद्यार्थी, कानून व्यवसायी, मानव अधिकारवादी, नीतिनिर्माता तथा प्रशासकलाई समेत यो अध्ययन उपयोगी हुने विश्वास गरेको छु ।

## १.७ अनुसन्धानको सीमा (Limitation of the Study)

प्रस्तुत अध्ययनको सन्दर्भमा मानव अधिकारको दृष्टिमा नेपालको अन्तरिम संविधान २०६३ राखिएको छ । हुनत संसारका नमुना संविधानमा मानव अधिकारको के कसरी मौलिक हक व्यवस्था गरिएको छ साथै नेपालका यस अधिकार संविधानमा मानव अधिकारको मौलिक हकका रुपमा के कसरी राखिएको थियो समग्र अध्ययन विश्लेषण गर्नु पर्ने आवश्यकता हुँदाहुँदै स्रोत र साधनको अभावमा मानव अधिकारको दृष्टिमा नेपालको अन्तरिम संविधान २०६३ मा सीमित रही अध्ययन विश्लेषण गरिएको छ ।

## १.८ अनुसन्धानको संगठन (Organization of the Study)

प्रस्तुत शोधपत्रमा पाँच परिच्छेद राखिएको छ । परिच्छेद एकमा अनुसन्धानको परिचय, परिच्छेद दुईमा मानव अधिकारको अवधारणा र विकास, परिच्छेद तीनमा नेपालमा मानव अधिकार, परिच्छेद चारमा नेपालको अन्तरिम संविधान २०६३ र मानव अधिकार र अन्त्यमा परिच्छेद पाँचमा निष्कर्ष र निचोडको रुपमा राखिएको छ । साथै अन्तमा सन्दर्भ सामग्रीहरु समावेश गरिएको छ र त्यसपछि अनुसूचीहरु समावेश गरिएको छ ।

# परिच्छेद : दुई

# मानव अधिकारको अवधारणा र विकास

## २.१ मानव अधिकारको अवधारणा

पृथ्वी जगत्को सर्वोत्कृष्ट प्राणी मानिस स्वतन्त्रता चाहन्छ । सभ्यताको विकास क्रमसँगै हरेक समाजले मानव गरिमा बारे चिन्तन गर्दै आएको पाइन्छ । मानिसले आफ्नो बुद्धि र चेतनाको विकास गर्ने पूरा अवसर पाउनु पर्दछ । आफ्नो ज्ञानलाई व्यवहारमा लगाउन पाउनु पर्छ (बराल, २०५७) । मानिसको व्यक्तित्वको पूर्ण विकास हुने वातावरणको आवश्यकता पर्दछ । त्यसैले यस्तो वातावरण सिर्जना गर्न विश्वमा मानव अधिकार सम्बन्धमा धेरै घोषणाहरु गरिए । मानिसको बौद्धिक विकासको लागि नागरिक, राजनीतिक, आर्थिक तथा सांस्कृतिक अधिकारहरु दिइनु पर्दछ । कतिपय देशमा मानिसलाई संगठन खोल्ने, बोल्ने, लेख्ने सभा तथा सम्मेलन गर्ने छुट दिइएको हुँदैन । सरकारमा रहने केही मानिसहरु आफ्नो मनोमानी ढङ्गले काम गर्दछन् । तिनीहरु जनता माथि प्रहरी, सेना र कडा कानूनका माध्यमबाट दमनकारी कार्य गर्छन् । यसरी चलाइने सरकार अप्रजातान्त्रिक र निरंकुश हो । अप्रजातान्त्रिक ढङ्गबाट चल्ने राष्ट्रले संयुक्त राष्ट्र संघको वडापत्र, मानव अधिकारको विश्वव्यापी घोषणा जस्ता मानव अधिकार सम्बन्धी विश्वव्यापी मान्यताको उल्लङ्घन गरेका हुन्छन् ।

मानिस जन्मदा स्वतन्त्र जन्मेको हुन्छ र जन्मपश्चात् सदैव स्वतन्त्र रुपमा रहन चाहन्छ, उसका हरेक क्षेत्रका क्रियाकलाप सुख प्राप्तिका लागि गरिएका हुन्छन् । मानिसले आफ्नो जीवन कालभरि सुखशान्ति प्राप्तिको इच्छा राखेको हुन्छ ।

मानिसको सुख प्राप्तिमा सहायता दिने अन्तिम साधन मानव अधिकारको संरक्षण हो । मानिसको सुख प्राप्ति मानिसका निम्ति आवश्यक हितहरुका संरक्षणबाटै सम्भव छ र यिनै मानव अधिकारको आवश्यकता महत्व तथा संरक्षण गर्ने कुरालाई बोध गराउने मुख्य अन्तिम साधन हो ।

मानिस पृथ्वी भरको सर्वोत्कृष्ट चेतनशील प्राणी हो । मानिसले आफ्नो बृद्धि र चेतनाको विकास गर्ने पूरा अवसर पाउनु पर्छ, आफ्नो ज्ञानलाई व्यवहारमा लगाउनु पर्छ,

यसका लागि मानिसको व्यक्तित्वको पूर्ण विकास हुन सक्ने वातावरण आवश्यक हुन्छ (मानव अधिकार र नेपाल, २०४५) ।

सर्वोत्कृष्ट बुद्धिजीवि प्राणी मानिसले आफ्नो चौतर्फी विकासको लागि उसले सबै क्षेत्रमा विनारोकतोक अवसर पाउनु पर्दछ । जसले गर्दा उसको व्यक्तित्व पूर्ण विकास हुन सकोस् जसको लागि आवश्यक पर्ने वातावरणको सिर्जना हुनु पर्दछ । मानिसको चौतर्फी विकासमा वातावरणको साथ दिएको हुनुपर्दछ ।

मानिसले मानिसकै हैसियतमा मर्यादित भएर बाँच्नका लागि आवश्यक पर्ने सबै अधिकारहरुलाई मानव अधिकार भनीन्छ । मानव अधिकार आयोग ऐन २०५३ ले मानव अधिकारलाई व्यक्तिको जीवन स्वतन्त्रता, समानता र मर्यादासँग सम्बन्धित संविधान तथा अन्य प्रचलित कानूनद्वारा प्रदान गरिएका अधिकार तथा नेपाल पक्षभएका मानव अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय सन्धि सम्झौतामा निहित अधिकार भनी परिभाषित गरेको छ (मानव अधिकार प्रश्नोत्तर संगालो, २०६५) ।

मानिस सम्मानजनक जीवन विताउन चाहन्छ । उसले जीवनका हरेक क्षेत्रमा मर्यादित भएर बाँच्नका लागि आवश्यक पर्ने सम्पूर्ण अधिकार उपभोग गर्ने चाहना राख्छ । यिनै अधिकारलाई मानव अधिकार भनीन्छ । मानव अधिकार आयोग ऐन २०५३ ले मानव अधिकारलाई व्यक्तिको जीवन स्वतन्त्रता, समानता र मर्यादासँग सम्बन्धित संविधान तथा अन्य प्रचलित कानूनद्वारा प्रदान गरिएका अधिकार तथा नेपालले हस्ताक्षर गरेका मानव अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय सन्धि सम्झौतामा निहित अधिकार भनी परिभाषित गरेको पाइन्छ ।

मानिसले आफ्नो सुख शान्ति प्राप्तिको लागि सधैं मानव अधिकारको आवश्यकता पर्दछ । यी सुख प्राप्ति सम्बन्धी सम्बन्धित मानवीय अधिकार संरक्षित गरिएको हुनु पर्दछ । यी अधिकारमा सदा सर्वदा मानवीय सुख शान्तिलाई समेटिएको हुनु अनिवार्यता छ । मानिस स्वतन्त्र रुपमा जन्मन्छ र जीवनभर स्वतन्त्र रुपमा रहन चाहन्छ । स्वतन्त्रता उसलाई विश्व समुदायले मानव अधिकारको रुपमा दिन्छ । यो अधिकार मानव जातिका लागि मात्र हुन्छ । यो अधिकार किन्ने, कमाउने र आर्जन गर्ने होइन । यो स्वतः सिद्ध रुपमा मानवताका आधारमा सबैले उपभोग गर्न पाउने अहरणीय (Inaliable) हुन्छ । त्यसैले मानव अधिकारलाई सर्वव्यापी (Universal) भनिन्छ । किनकि मानव अधिकार भनेको कुनै खास समूह, नागरिक माथि मात्र लक्षित नभएर सबै व्यक्तिहरुका लागि हुन्छ ।

मानव अधिकार संसारका सबै मानिसहरुका लागि हो । मानव अधिकारलाई मौलिक अधिकार, आधारभूत अधिकार, आधारभूत स्वतन्त्रता, संवैधानिक स्वतन्त्रता, संवैधानिक अधिकार, सभ्यताको उत्कृष्ट अधिकार पनि भनिन्छ । जति जति सभ्यता परिष्कृत हुँदै गएको छ त्यति त्यति मानव अधिकारको संरक्षणमा र सम्बर्धनमा उच्च प्राथमिकता दिनु पर्ने मान्यता पनि स्थापित हुँदै गएको पाइन्छ । मानव अधिकार भन्नाले प्राकृतिक अधिकारको पृष्ठभूमिमा नै नैसर्गिक रुपमा प्राप्त ती सम्पूर्ण अधिकारहरु हुन् जसलाई राष्ट्र एवम् समूहले मानव मात्रको अत्यन्त आवश्यक मान्यता प्राप्त मानवसँग सम्बन्धित सर्वपक्षीय अधिकारको समष्टिगत रुपमा पनि हुन् (बराल, २०५७) ।

मानव सभ्यतामा जति जति परिष्कृत हुँदै जान्छ त्यति त्यति मानव अधिकारको संरक्षण र सम्बर्धनमा ध्यान दिँदै स्थापित गरिदै लगिएको हुन्छ । यो अधिकार प्राकृतिक अधिकारको पृष्ठभूमिमा नैसर्गिक रुपमा प्राप्त हुने सम्पूर्ण अधिकारहरु हुन् जसलाई मानव समुदायले मानव मात्रको लागि अत्यन्त आवश्यकता पूर्वक मान्यता दिइ सर्वपक्षीय अधिकारको रुपमा व्यवस्थित गरेको हुन्छ ।

जीवन स्वतन्त्रता र मानवता आदि जस्ता अधिकारहरु हुन् जसको अभावमा मानिसलाई पशुको श्रेणीबाट छुट्याउन सकिदैन । मानव गर्भमा हुँदा जन्मन पाउने अधिकार, जन्मेपछि अवहेलना एवम् तिरस्कारबाट छुटकारा पाउने अधिकार राख्दछ भन्ने कानूनशास्त्रीय धारणा रहेको यस अवस्थामा जिवित मानवको लागि विभिन्न नैसर्गिक अधिकारहरु अविभाजित रुपमा रहन्छन् । प्राचीन कालमा मानिसद्वारा प्रयोग गरिने यस्ता अधिकारहरु प्राकृतिक अधिकारका रुपमा लिइन्थ्यो । अहिले आएर यी अधिकारहरुले अन्तर्राष्ट्रिय एवम् राष्ट्रिय मानव अधिकारका रुपमा मान्यता पाउन थालेका छन् ।

परापूर्व कालदेखि नै समाजले आधारभूत मानव अधिकारलाई स्वीकार गरेको पाइन्छ । सत्रौं शताब्दीसम्म मावन अधिकार सम्बन्धी व्यवस्था विभिन्न धार्मिक ग्रन्थहरुमा रहेको पाइन्छ । धेरै त्यस्ता धार्मिक ग्रन्थहरुमा अरुलाई सहयोग गर्नको लागि मावनता, मानवीय सम्मान र जिम्मेवारीको महत्वको बारेमा जोड दिएको पाइन्छ । तीन हजार वर्ष भन्दा अगाडि देखि हिन्दू वेद, पुराण तथा उपनिषद, पच्चीस सय वर्ष अगाडिको बुद्धिष्ट त्रिपिटक, दुई हजार वर्ष अगाडिको क्रिस्चियन ग्रन्थ वाइवल र छ सय वर्ष यताको इस्लामिक कुरानले सत्य र समानताको धारणा दिइरहेका छन् । विभिन्न धार्मिक ग्रन्थहरुले धार्मिक कानून र नियमहरुको रुपमा विभिन्न नैतिक व्यवहारहरु प्रस्तुत गरेको पाइन्छ । सन्

१२१५ मा बेलायतका जनताले राजा जोनलाई मानवअधिकारको पहिलो लिखित दस्तावेजको रुपमा म्याग्नाकार्टा (Magnacarta) जारी गर्न लगाए । तत्पश्चात् सन् १६८९ मा जारी भएको विल अफ राइट (Bill of rights) ले बोल्ने स्वतन्त्रता, धार्मिक स्वतन्त्रता र प्रकाशन गर्न पाउने अधिकारको व्यवस्था गऱ्यो । जसलाई मानव अधिकारको विकास क्रमको पहिलो चरणको रुपमा लिइन्छ (तिमिल्सीना र अन्य, २०६६) ।

लिखित रुपमा मानव अधिकार सम्बन्धी व्यवस्था शुरुमा धर्मशास्त्रमा रहेको पाइन्छ । जसको पहिलो रुप हिन्दू धर्मशास्त्र वेद, पूराण हुन् । त्यसपछि विस्तारै अन्य धार्मिक ग्रन्थहरुमा मानव अधिकारको व्यवस्था गरिएको पाइन्छ । यी ग्रन्थले मानव अधिकारलाई अरुलाई सहयोग गर्नु, उपकार गर्नु, माया ममता दिनु, मानिस एक अर्का प्रति सहयोगी बन्नु पर्छ तब मात्र संसारमा शान्ति, सुख प्राप्ति हुन्छ । अरुले अन्यायी कार्य गरे पनि आफूले सहनु पर्ने, अन्यायीलाई न्यायिक, सहयोगी कामले जित्नु पर्छ भन्ने सन्देश दिएको पाइन्छ । जब मानिस परिवारबाट समाज छुट्टै राज्यमा विश्वास गर्न थाल्यो तब उसलाई साझा नीति नियमको आवश्यकता पऱ्यो । प्राचीन कालमा राज्य सञ्चालनका लिखित नियम बनेका थिएनन् । मानिसहरु धर्मशास्त्रलाई सर्वोपरी ठान्दथे । त्यसैका आधारमा राज्य सञ्चालन हुन्थे । हालसम्म पनि धार्मिक कानून भएका राज्यहरुमा धर्मशास्त्रकै आधारमा शासन संचालन हुने र कानून नियमहरु निर्माण गर्ने गरिन्छ । सबै धर्मशास्त्रमा मानव अधिकार सम्बन्धी व्यवस्था भएको पाइन्छ (नेपालको संवैधानिक कानून, २०५४) ।

हालसम्म सञ्चालनमा रहेको मानव अधिकारको संरक्षण सम्बन्धी सबैभन्दा ठूलो सङ्गठन संयुक्त राष्ट्र संघ हो । यसले द्वितीय विश्व युद्धपछि विश्वलाई भविष्यमा हुन सक्ने सम्भावित युद्धको खतराबाट जोगाउने उद्देश्य राखि २४ अक्टोवर १९४५ मा स्थापित भयो ।

मानव अधिकारको प्रवर्द्धन र संरक्षणका निम्ति संयुक्त राष्ट्र संघ अन्तर्गत वडापत्र र सन्धिमा आधारित दुई किसिमका संयन्त्र तथा प्रावधानहरु रहेका छन् । संयुक्त राष्ट्र संघको वडापत्र अनुरुप गठित भएका एकाइहरुलाई वडापत्रमा आधारित संयन्त्र भनीन्छ । त्यस्तै गरी संयुक्त राष्ट्र संघद्वारा सन्धिको रुपमा जारी गरिएका मानवअधिकार सम्बन्धी कानून र तद्नुरुप गठित समिति तथा निकायहरुलाई सन्धिमा आधारित मानवअधिकार संयन्त्र तथा प्रावधान भनिन्छ । मानव अधिकारका लागि संयुक्त राष्ट्र संघीय उच्च आयुक्तको कार्यालयले उक्त संयन्त्रका लागि सचिवालय सेवा प्रदान गर्दै आएको छ (तिमिल्सीना र अन्य, २०६६:५४) ।

नेपालको वर्तमान संविधान (नेपालको अन्तरिम संविधान, २०६३) प्रस्तावनामा, "... देशमा विद्यमान वर्गीय, जातीय, क्षेत्रीय, लैङ्गीक समस्यालाई समाधान गर्न राज्यको अग्रगामी पुनर्संरचना गर्ने संकल्प गर्दै, प्रतिस्पर्धात्मक बहुदलीय लोकतान्त्रिक शासन व्यवस्था, नागरिक स्वतन्त्रता, मौलिक अधिकार, वालिक मताधिकार, आवधिक निर्वाचन, पूर्ण प्रेस स्वतन्त्रता, स्वतन्त्र न्यायपालिका तथा कानूनी राज्यको अवधारणा लगायत लोकतान्त्रिक मूल्य र मान्यता प्रतिको पूर्ण प्रतिवद्धता व्यक्त गर्दै" भन्ने व्यवस्था छ ।

देशमा देखिएको वर्गीय, जातीय, क्षेत्रीय तथा लैङ्गीक समस्या समाधानको लागि लोकतन्त्रका पूर्वाधारहरु जस्तै प्रतिस्पर्धात्मक बहुदलीय शासन व्यवस्था, नागरिकका स्वतन्त्रता, मौलिक अधिकार, वालिग मताधिकार, प्रेस स्वतन्त्रता, स्वतन्त्र न्यायपालिका र कानूनी राज्यको मान्यता तथा लोकतान्त्रिक मूल्य र मान्यतामा पूर्ण प्रतिवद्धता जाहेर गर्ने व्यवस्था गरिएको पाइन्छ ।

## २.२ परिभाषा

मानव अधिकार भन्नाले त्यस्ता अधिकारको समूहलाई बुझाउँछ, जो मानिस भएर जन्मेको कारणले उसलाई मानिसको रुपमा हुर्कन, बाँच्न तथा जीवन निर्वाहका निमित्त आवश्यक हुन्छन् (ओझा, २०५०:२) ।

मानव भएर जन्मलिए पछि उसलाई आवश्यक पर्ने आधारभूत कुराहरुमा हुर्कन पाउने, बाँच्न पाउने, स्वतन्त्र किसिमले आफ्नो इच्छा अनुसार जीवन निर्वाहको निमित्त प्रत्येक व्यक्तिलाई आवश्यक पर्ने कुराहरुको व्यवस्था मिलाउनुलाई मानव अधिकारका रुपमा लिइन्छ । यी अधिकारको अभावमा मानिसले मानिस जस्तै भएर जीवन यापन गर्न सक्दैन ।

मानवको मानव भएर बाँच्न पाउने अधिकारलाई नै मानव अधिकार भनिन्छ अर्थात् मानिसले मानिसकै हैसियतमा मर्यादित भएर बाँच्नका लागि आवश्यक पर्ने सबै अधिकारलाई नै मानव अधिकार भनिन्छ । बाँच्नका लागि आवश्यक आधारभूत आवश्यकताको परिपूर्ति नै मानव अधिकार हो, जुन मानव भ्रूणमा आएदेखि नै शुरु हुन्छ र उसको सम्पूर्ण जीवन अवधिमा मानिसमा अन्तर्निहित अधिकारहरुको समष्टिरुप नै मानव अधिकार हो (तिमिल्सिना र अन्य, २०६६:४१) ।

मानिसको जीवनको शुरुवात जव आमाको गर्भमा भ्रूण अवस्थाबाट शुरु हुन्छ तब उसलाई अधिकार चाहिन्छ । आमाले स्वस्थ्य खाना खानुपर्ने, पेटको बच्चाको सुरक्षा गर्नु पर्ने,

सुरक्षित रुपमा जन्मन पाउनु पर्ने, जन्म पश्चात् खान, लाउन, शिक्षा आर्जन गर्न, आमाबाबुको स्याहार सुसारको सुविधा पाउनु पर्ने, स्वतन्त्रतापूर्वक हिँडडुल गर्न, व्यवसाय गर्न पाउनु र सम्मानपूर्वक बाँच्न पाउनुलाई मावन अधिकारका रुपमा लिइन्छ । मानिसलाई आवश्यक पर्ने सबै प्रकारका अधिकारहरुको प्राप्ति नै मानव अधिकार हो । मानव अधिकारमा लेख्ने, बोल्ने, सभा संगठन गर्ने जस्ता राजनीतिक अधिकारहरु मात्र आउँदैनन् । यी अधिकार त देशका नागरिकहरुको निम्ति राजनीतिमा सक्रिय रहन पाउने अधिकारहरु हुन् जुन प्रजातान्त्रिक राजनीतिक व्यवस्थामा हुनै पर्दछ (मानव अधिकार र नेपाल, २०४५:२) ।

मावन अधिकारलाई मुख्य गरेर मानिसको लेख्ने, बोल्ने, सभा र संगठन गर्ने जस्ता राजनीतिक अधिकारलाई विशेष जोड दिइएको पाइन्छ । यसमा प्रजातान्त्रिक राजनीतिक व्यवस्थामा हुने सबै मानवीय अधिकारलाई पनि समेट्न खोजिएको देखिन्छ । मानिसले आफ्नो जीवनकाल भरी स्वतन्त्रता पूर्वक जीवन निर्वाह गर्न पाउनु नै मानव अधिकार हो भनि परिभाषित गरेको पाइन्छ ।

मानिसले मानिस कै हैसियतमा मर्यादित भएर बाँच्नका लागि आवश्यक पर्ने सबै अधिकारलाई मानव अधिकार भनिन्छ । मानव अधिकार आयोग ऐन २०५३ ले मानव अधिकारलाई व्यक्तिको जीवन, स्वतन्त्रता, समानता र मर्यादासँग सम्बन्धित संविधान तथा नेपाल पक्ष भएका मानव अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय सन्धि सम्झौतामा निहित अधिकार भनी परिभाषित गरेको छ (मानव अधिकार प्रश्नउत्तर संगालो, २०६५:१) ।

जव मानिसले धर्तीमा जन्म लिन्छ त्यसपछि उसले मानिसकै हैसियतमा सम्मान पूर्वक बाँच्नका लागि आवश्यक पर्ने सम्पूर्ण मानवीय अधिकारलाई मानव अधिकारको रुपमा लिइन्छ । मानव अधिकार आयोग ऐन २०५३ अनुसार व्यक्तिको जीवन, उसको स्वतन्त्रता, समानता र उसका मर्यादासँग सम्बन्धित र अन्य प्रचलित कानूनद्वारा व्यवस्था गरिएका सबै अधिकार तथा नेपाल पक्ष भई मानव अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय सन्धि सम्झौतामा व्यवस्थित अधिकारलाई समेत मानव अधिकार भनी परिभाषित गरिएको पाइन्छ । मानव अधिकार भन्नाले सर्वप्रथम मानिस भएको कारणले मानिसमा स्वभाविक रुपमा अन्तर्निहित अधिकारलाई जनाउँछ (शर्मा, २०५१) ।

मानिस भएर जन्म लिएपछि उसले जन्मसाथै केही अधिकार पाएको हुन्छ, यी अधिकार नैसर्गिक रुपमा प्राप्त हुन्छन् । यी अधिकारलाई कही कसैले रोक्न, छेक्न सक्दैन ।

जीवनमा माया ममता पाउने, शिक्षा आर्जन गर्न पाउने, स्वस्थ्य खानपिन गर्ने, हिँडडुलको स्वतन्त्रता, रोजगारी तथा व्यवसाय जस्ता कुराहरुलाई मानव अधिकारको रुपमा लिइन्छन् ।

नागरिकहरुको व्यक्तित्वको विकासको लागि आवश्यक ठानी जब कुनै राज्यले संविधानद्वारा नै केही आधारभूत अधिकार प्रदान गर्दछ, हामी त्यसलाई मौलिक अधिकार भन्दछौं (पोखरेल, २०६३) । प्रत्येक प्रजातान्त्रिक राज्यका नागरिकहरुको व्यक्तित्वको विकास विना देश विकासको परिकल्पना गर्न सकिदैन । नागरिकहरुको व्यक्तित्व विकासका लागि राज्यले अत्यावश्यक ठानी आ-आफ्ना संविधानमा आधारभूत अधिकारको रुपमा मौलिक अधिकारको व्यवस्था गर्नु पर्दछ । यिनै मौलिक अधिकारलाई मानव अधिकार भनिन्छ । यी नागरिकका चौतर्फी विकासका आधारभूत अधिकार हुन् । मानव अधिकारको विश्वव्यापी घोषणापत्रमा व्यवस्थागरिएका मानवमात्रका हक अधिकार र उन्मुक्तिको साझा प्राप्ति नै मानव अधिकार हो । जसलाई १९६६ को अन्तर्राष्ट्रिय प्रोटोकलले बढी व्यवस्था र व्यवहारिकता प्रदान गरेको छ ।

## २.३ मावन अधिकारको ऐतिहासिक पृष्ठभूमि

शान्ति, न्याय र सामाजिक प्रगतिको लक्ष्य प्राप्तिको लागि अभिव्यक्त प्रत्येक अवधारणाले अझ बढी स्पष्ट र यथार्थ परक ढंगले मानवजातिका अपेक्षाहरु सम्बोधनका लागि योगदान पुर्‍याउँदै आएका छन् । मानव मर्यादाको कानूनी आधारसिला तय गर्ने इतिहास नै मानव अधिकारको इतिहास हो (तिमिल्सिना र अन्य, २०६५:४८) ।

मानिस सदैव शान्ति चाहन्छ, उसले न्याय र सामाजिक प्रगतिको लागि विभिन्न अवधारणाहरुले बढी भन्दा बढी स्पष्ट तवरबाट मानिसका अपेक्षाहरुको सम्बोधनमा मद्दत पुर्‍याएका हुन्छन् । कसैले पनि कुनै व्यक्तिलाई उसको चाहना विपरित व्यवहार गर्न हुँदैन भन्ने सिद्धान्त मानव अधिकारको महत्वपूर्ण पक्ष हो । मानव अधिकार राष्ट्रिय तहमा मात्र सिमित रहने दस्तावेज होइन । अन्तर्राष्ट्रिय तहमा भएका मानव अधिकारको अन्तरसम्बन्ध स्थानीय कानूनी पद्धति, धर्म, संस्कृति र परम्परा रहन्छ । मानव अधिकारको व्यवहारमा राष्ट्रिय र अन्तर्राष्ट्रिय रुपमा गरिएको हुन्छ ।

मानव अधिकारका अन्तर्राष्ट्रिय दस्तावेज भन्नाले मानव अधिकार प्राप्तिलाई नियमित, प्रभावकारी र संरक्षित बनाउन संयुक्त राष्ट्र संघ र उसले मान्यता दिएका अन्य अन्तर्राष्ट्रिय संस्थाहरुले बनाएका कानूनी दस्तावेज भन्ने बुझिन्छ । यस अन्तर्गत सन्धि

(Treaty) वा महासन्धि (Covention) प्रतिज्ञापत्र (Covenant) प्रलेख (Protocal), घोषणापत्र (Dedanation), सिफारिश (Recommendation), शङ्कल्प प्रस्ताव (Resolution) आदि पर्दछन् (मानव अधिकार प्रश्नोत्तर संगालो, २०६५:४) ।

मानव अधिकार सम्बन्धी दस्तावेज राष्ट्रिय स्तरमा मात्र नभएर अन्तर्राष्ट्रिय स्तरमा पनि गरिएको हुन्छ । अन्तर्राष्ट्रिय स्तरमा तयार पारिएका दस्तावेजमा हस्ताक्षर गरि त्यसलाई पालना गर्ने प्रतिबद्धता जनाएका राष्ट्रलाई पक्षराष्ट्र भनिन्छ । सबै अन्तर्राष्ट्रिय दस्तावेजहरु गर्नै पर्ने प्रकृतिका हुँदैनन् । अन्तर्राष्ट्रिय सन्धि, महासन्धि, प्रतिज्ञापत्र र प्रलेखहरुमा सम्बन्धित देशहरुले हस्ताक्षर गर्नुपर्ने हुन्छ र त्यो कानून बाध्यात्मक हुन्छ । घोषणापत्र सिफारिसपत्र र सङ्कल्प र प्रस्तावहरु कुनै पनि राष्ट्रका लागि वाध्यात्मक हुँदैनन् र नैतिक रुपमा दवाव दिने किसिमका हुन्छन् ।

"संसारका जुनसुकै देशमा मानव अधिकारको सम्मान भएको छ । ती देशहरुको विकासक्रम द्रुत गतिमा भएको र प्रजातन्त्र स्थायी एवम् परिस्कृतमात्र भएको होइन मानव सभ्यताको समेत विकास भई सुख प्राप्त भएको आभास हुन्छ (ओझा, २०५०:१२) ।

मानव अधिकार त्यस्तो महत्वपूर्ण विषय हो जुन राज्यले यसको सम्मान गर्दछ त्यस देशको उन्नति, प्रगति, विकास तिब्रगतिमा हुँदै जाने र त्यहा प्रजातन्त्र स्थायी एवम् परिस्कृत भइ मानव सभ्यताको विकास तिब्र गतिमा हुँदै जाने र त्यहाका जनताहरुले सुख शान्ति प्राप्त भएको पाइन्छ । मानव अधिकारको विकासक्रमलाई निम्न घटनाहरुबाट विकसित हुँदै आएको पाइन्छ ।

## नागरिक अधिकार पत्र

बेलायतमा सन् १६८८ मा भएको परीवर्तनलाई रक्तपात विहिन क्रान्ति वा गौरवमय क्रान्ति (Glorious Revolution) को रुपमा चिनिन्छ । सत्रौं शताब्दिमा बेलायती संसद र त्यहाँका राजा बीच शक्ति संघर्ष चुलिँदै गैरहेको थियो । तत्कालीन राजा चार्ल प्रथमका सेना र संसद पक्षधर सेनाबीच भएको लडाइमा संसद पक्षधर सेना विजयी भए पछि जनवरी १६४९ मा चार्ल प्रथमलाई फाँसी दिइयो । पछिल्ला राजा जेम्स द्वितीयले पनि संसद माथि नियन्त्रण गर्ने प्रयास गरे पनि त्यसमा असफल भएपछि सन् १६८८ मा देश छाडेर भागे । यो घटना रक्तहीन क्रान्ति भनेर चिनिन्छ । त्यसको लगत्तै राजा विलियमले संसद र जनताले हासिल गरेका सबै अधिकारहरुको सम्मान गर्न मन्जुर गरे । सोहि अनुरुप

सन् १६८९ मा बेलायतमा बेलायती राजा र जनताबीचको सम्बन्ध निर्धारण गर्ने सम्बन्धमा सम्झौताको लिखत तयार गऱ्यो । त्यो सम्झौता (लिखत) लाई अधिकार पत्र (Bill of Rights, 1689) भनेर चिनिन्छ ।

त्यस अनुसार राजाको शक्ति सीमित भयो र राजाले कुनै पनि काम गर्नुभन्दा पहिले संसदको स्वीकृति लिनुपर्ने भयो । कानूनी सुनुवाईहरु निष्पक्ष न्यायाधीशहरुद्वारा हुनु पर्ने, संसदले तयार गरेको कानूनलाई राजाले निलम्बित गर्न नपाउने, राजाद्वारा विशेष न्यायालयको व्यवस्था गर्न नपाउने लगायतका प्रावधानहरु अधिकारपत्रमा समावेश गरिएका थिए (पहाडी र दाहाल, २०६५:११२) ।

अठारौं शताब्दिमा यूरोपेली समाजमा मानव अधिकारको विकास क्रममा थप धाराहरु जोडिए । डचविधिवेत्ता ग्रेटिअसद्वारा प्रतिपादित “राज्यहरुको कानून (Law of Nations)”, रुशोद्वारा प्रतिपादित “सामाजिक सम्झौताको सिद्धान्त”, मन्टेसक्युको “शक्ति पृथकीकरणको सिद्धान्त” त्यस कालखण्डका महत्वपूर्ण उपलब्धि थिए । जसको सम्बन्ध त्यसपछिका उल्लेख्य परीवर्तनसँग रहेको छ ।

## अमेरिकी स्वतन्त्रताको घोषणा (सन् १७७६)

उत्तर अमेरिकाका १३ वटा राज्यहरुले १७७६ को जुलाई ४ तारिखका दिन (तत्कालीन ब्रिटिश उपनिवेशबाट) संयुक्त रुपमा स्वतन्त्रताको घोषणा गरे जसलाई अमेरिकी स्वतन्त्रताको घोषणा भनिन्छ । “सन् १२१५ को म्याग्नाकार्टा, सन् १६८९ को वेलायती अधिकारपत्र र तत्पश्चात् विकसित हुँदै आएको नागरिक अधिकारका मान्यताहरु नै अमेरिकी स्वतन्त्रताको घोषणामा समावेश गरिएका थिए । थोमस जेफर्सनद्वारा तयार गरिएको घोषणापत्रमा सबै मानिसहरुको सृष्टि (जन्म) समान रुपले भएको र जीवन (स्वतन्त्रता) र सुख जस्ता केही अहरणीय अधिकारहरु जन्मदै लिएर आएको हुँदा यस्ता अधिकारहरुको हरण गरिनु हुँदैन भन्ने उल्लेख गरिएको छ” (पहाडी र दाहाल, २०६५) ।

## फ्रान्सेली राज्यक्रान्ति

सन् १७८९ मा फ्रान्समा भएको परीवर्तनलाई फ्रान्सेली राज्य क्रान्ति भनिन्छ । यस पछाडिका कारणमा राजनीतिक, सामाजिक, आर्थिक, बौद्धिक लगायत अमेरिकाली स्वतन्त्रता आन्दोलनको प्रभाव थियो । त्यसबेला फ्रान्समा राज्यको निरङ्कुशताको कुनै सीमा थिएन । बन्दिप्रत्यक्षीकरणको कुनै ऐन नियम थिएन । अर्थात् राजा मात्र होइन राजाका कृपापात्र

जोसुकैले पनि स्वेच्छाचारी तवरले जसलाई पनि पक्राउ गर्न सक्तथे । शासनमा केन्द्रिकरण थियो । कानूनहरु विरोधाभाषपूर्ण थिए । फरक-फरक शहरमा फरक-फरक कानून चल्तीमा थिए ।

यिनै व्यवस्थाका विरुद्ध लोकतन्त्रको स्थापनार्थ सन् १७८९ मा फ्रान्समा आन्दोलन भयो जुन मानिस र नागरिकका अधिकारहरुको घोषणापत्रका नामले चिनिन्छ । यो घोषणापत्रले सबै मान्छे जन्मजात स्वतन्त्र रहने छन् र सबैको समान अधिकार छ भन्ने उल्लेख गरिएको पाइन्छ ।

## दास व्यापार माथि प्रतिवन्ध र मानवीय कानूनको उद्भव

उन्नाइशौं शताब्दिमा दास व्यापार माथि प्रतिबन्ध लगाउन भएका प्रयास स्वरुप सन् १८१५ मा भियना कांग्रेस र १८८० को दशकमा ब्रशेल्स कांग्रेस हुँदै अन्तता सन् १९२६ मा दासत्व महासन्धि (Slavery Convention) लागू भएको थियो । २५ सेप्टेम्वर सन् १९२६ मा जेनेभामा हस्ताक्षर भएको र १९२७ मार्च ९ देखि लागू भएको यो महासन्धिको मुख्य उद्देश्य दासहरुको ओसार पसार अन्त्य गर्ने, दासत्वका सबै स्वरुपलाई पूर्णतहः उन्मुलन गर्ने रहेको थियो ।

यसैगरी सन् १८६३ मा हेनरी ड्युनाले चार जना सहयोगीसँग मिलेर "घाइतेहरुको सहयोगको निम्ति अन्तर्राष्ट्रिय समिति" स्थापना गरेर त्यो पछि गएर रेडक्रसको अन्तर्राष्ट्रिय समितिमा परिणत भयो । घाइते र मर्न लागेका व्यक्तिहरुलाई सहयोगको अभाव देखेर त्यसबेला दुई वटा उपायहरु हेनरी ड्युनाले प्रस्तावित गरेका थिए । पहिलो प्रस्तावस्वरुप सन् १८६४ मा पहिलो जेनेभा महासन्धिको स्वीकृति भयो र दोस्रो प्रस्ताव स्वरुप सन् १८६४ मा रेडक्रसको स्थापना भयो । युद्धभूमिमा घाइतेभएका सैनिकहरुको स्थिति सुधार विषयक महासन्धि (२२ अगष्ट १८६४) ले युद्ध मैदानमा चिकित्सा सम्बन्धी सैनिक इकाइहरुका गतिविधि सम्बन्धमा कानूनी आधार तयार गऱ्यो । सन् १८६४ मा गरिएको यो महासन्धिले उन्नाइसौं शताब्दिमा आधुनिक अन्तर्राष्ट्रिय कानूनको सूत्रपात गर्ने काम गऱ्यो (तिमिल्सीना र अन्य, २०६६) ।

## लिग अफ नेसन्स

सन् १९१४ देखि १९१८ सम्म प्रथम विश्वयुद्ध भयो । यस युद्धको शुरुवातका थुप्रै कारणहरु थिए । युद्धको विकराल स्वरुप, युद्धमा भएको क्षति र मानवता माथिको निर्मम

प्रहारले प्रताडित विश्वसमूदायले त्यस्तो अवस्थाको रोकथाम गर्न साझा अन्तर्राष्ट्रिय मञ्चको आवश्यकता अनुभव गऱ्यो । सन् १९१९ मा पेरिसमा भएको शान्ति सम्मेलनले यसै सम्बन्धमा प्रस्ताव गऱ्यो । २८ जुन १९१९ मा लिग अफ नेसन्सको स्थापना गर्ने सम्बन्धमा एउटा सम्झौतामा हस्ताक्षर भयो र यसको पहिलो महासभा १० जनवरी १९२० मा सम्पन्न भयो र लिग अफ नेसन्सको जन्म भयो । यस लिग अफ नेसन्सका २६ धारा थिए । पहिला २७ सदस्य राष्ट्रहरु थिए भने पछि ६३ राष्ट्रहरु सदस्य भएका थिए । यसको विधान (Covenant) मा मानव अधिकारबारे विस्तृत उल्लेख नभए तापनि २ क्षेत्रमा जनताको संरक्षणको लागि सक्रियता उल्लेख थियो । सन् १९१९ मा अन्तर्राष्ट्रिय श्रम संगठनको जन्म भएको थियो । पछि लिग अफ नेसन्सको अवसान भए पनि श्रम संगठन जिवितै रह्यो र अहिले राष्ट्र संघको विशेषिकृत निकायको रुपमा कार्यरत छ ।

अन्तर्राष्ट्रिय श्रम मापदण्ड (स्तर) को प्रवर्द्धन र अनुगमनका लागि अन्तर्राष्ट्रिय श्रम संगठन प्रभावकारी रहँदै आएको छ । सन् १९३९ मा दोस्रो विश्वयुद्ध शुरु भयो । सन् १९४० को प्रारम्भसँगै लिग अफ नेसन्स विघटन भयो । युद्ध रोक्न नसक्नु जस्ता यसका असफलताका अनेकौं कारण थिए ।

## संयुक्त राष्ट्र संघको स्थापना

सन् १९३९ मा दोस्रो विश्वयुद्ध शुरुभई १९४५ मा समाप्त भयो । यो ६ वर्षको युद्धमा ठूलो विनाश र नरसंहार भयो । जल, थल र आकाशमा युद्ध भयो अर्थात् हरेक प्रकारको युद्ध अभ्यास भयो । करोडौं मानिसहरु मारिए । जापानको हिरोसिमा र नागासाकिमा १९४५ मा (क्रमशः ६ र ९ अगष्ट) भएको अणु (एटम) बमको प्रहारले युद्धको विकराल स्वरुप देखायो । युद्ध र नरसंहारको कहालीलाग्दो त्यस श्रृङ्खलाले मानवतालाई क्षतविक्षत हुनबाट रोक्न नयाँ शिराबाट सोच्न सबैलाई बाध्य बनायो । युद्धको अत्यासबाट विश्वलाई जोगाउने शान्तिका लागि विश्वमञ्च स्थापना गर्न एक पटक सबैलाई घचघच्यायो (पहाडी र दाहाल, २०६५) ।

द्वितीय विश्वयुद्धको यो त्रासदी पछि आधुनिक मानव अधिकारको परिष्कृत मान्यताले जन्म लियो । सन् १९४१ मा अमेरिकी राष्ट्रपति रुजवेल्टले चारवटा स्वतन्त्रताको घोषणा गरेका थिए । जुन विचार र अभिव्यक्ति, विश्वास, भएबाट मुक्ति र अभावबाट मुक्ति थिए ।

द्वितीय विश्वयुद्धको समाप्तीसँगै २४ अक्टोवर १९४५ मा संयुक्त राष्ट्र संघको विधिवत स्थापना भयो ।

## मानव अधिकारको विश्वव्यापी घोषणापत्र

संयुक्त राष्ट्र संघको स्थापनाको तीन वर्ष पछि १० डिसेम्बर १९४८ का दिन संयुक्त राष्ट्रसंघीय महासभाले मानव अधिकारको विश्वव्यापी घोषणापत्र जारी गऱ्यो । जुन मानव अधिकारको विकासक्रम र संरक्षणमा संस्थागत प्रयासमा अभूतपूर्व घटनाक्रमका रुपमा मानिन्छ । यसैदिन १० डिसेम्बरलाई विश्वभरि अन्तर्राष्ट्रिय मानव अधिकार दिवसका रुपमा मनाइन्छ । यो घोषणापत्रको प्रस्तावना यस प्रकार छ :

मानव परिवारका सबै सदस्यहरुमा अन्तर्राष्ट्रिय प्रतिष्ठा तथा सम्मान र अविछिन्न अधिकारहरुको मान्यता नै विश्वमा स्वतन्त्रता न्याय र शान्तिको आधार भएकाले, मावन अधिकार प्रति अवहेलना र अनादरको परिणाम स्वरुप मानव जातिको अन्तस्करणलाई नै आहत गर्ने वर्वतापूर्ण कामहरु भएका र मानव जातिले आस्था र वाक स्वतन्त्रताको तथा भय र अभावबाट मुक्तिको उपभोग गर्न पाउने विश्वको सिर्जना सर्वसाधारण जनताको उच्चतम आकांक्षाको रुपमा घोषित भएकोले, अत्याचार र दमनको विरुद्ध अन्तिम उपायको रुपमा विद्रोह गर्न मानिसलाई वाध्य नगराउनका लागि कानूनको शासनद्वारा मानव अधिकारको संरक्षण गर्न अत्यावश्यक भएकोले, राष्ट्रहरुका बीच मैत्रीपूर्ण सम्बन्ध विकास प्रबर्धन गर्न अत्यावश्यक भएकोले संयुक्त राष्ट्र संघका जनताहरुले वडापत्रमा मौलिक मानव अधिकारहरुमा व्यक्तिको प्रतिष्ठा तथा मूल्यमा र महिला तथा पुरुषको समान अधिकारहरुमा आफ्नो विश्वास पुनः पुष्टि गरेको र व्यापक स्वतन्त्रता सामाजिक प्रगति र अझ राम्रो जीवन स्तर प्रवर्द्धन गर्न उनीहरु दृढ भएकाले सदस्य राष्ट्रहरुले संयुक्त राष्ट्र संघको सहयोगमा मानव अधिकार र आधारभूत स्वतन्तत्रताको विश्वव्यापी सम्मान र पालनाको प्रवर्धन हासिल गर्न प्रतिज्ञा गरेकाले र यो प्रतिज्ञाको पूर्ण प्राप्तिको लागि यी अधिकार र स्वतन्त्रताहरुको साझा बोध सर्वोत्तम महत्वको कुरा भएकोले (मानव अधिकार प्रश्नोत्तर संगालो, २०६५) । मानव अधिकारको विश्वव्यापी घोषणापत्र अनुसूची १ मा छ ।

यस मानव अधिकारको विश्वव्यापी घोषणापत्रलाई सबै जनताहरु र सबै राष्ट्रहरुले हाँसील गर्ने एक साझा मापदण्डको रुपमा घोषणा गर्दछ र यस उद्देश्यको लागि प्रत्येक व्यक्ति र समाजका प्रत्येक अङ्गले यस घोषणापत्रलाई निरन्तर ध्यानमा राखी शिक्षण र

शिक्षाको माध्यमबाट यी अधिकार र स्वतन्त्रताहरु प्रतिको सम्मान प्रवर्द्धन गर्न र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रगतिशील उपायहरुको माध्यमबाट सदस्य राष्ट्रहरु स्वयम्का जनताहरु बीच र उनीहरुका क्षेत्राधिकार अन्तर्गतका इलाकाका जनताबीच यी अधिकार र स्वतन्त्रताहरुको विश्वव्यापी तथा प्रभावकारी मान्यता र पालना सुनिश्चित गर्न प्रयत्न गर्ने छ ।

## नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र

सन् १९६६ मा ग्रहण गरी १९७६ मा लागू भएको नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्रको प्रस्तावनामा मानव अधिकारको विश्वव्यापी घोषणापत्रमा नागरिक र राजनीतिक स्वतन्त्रता, भय र अभावबाट मुक्तिको उपभोग गर्ने स्वतन्त्रता, मानव अधिकारको आदर्श त्यसबेला मात्र हासिल हुन सक्छ, जब प्रत्येक व्यक्तिले नागरिक तथा राजनीतिक अधिकारका साथै आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारहरु उपभोग गर्न पाउने अवस्था सिर्जना गरिएको हुन्छ भन्ने तथ्यलाई माव्यता दिइएको छ । त्यस्तै गरेर यस नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञा पत्रको प्रस्तावनामा पनि भय र अभावबाट मुक्तिको उपभोग गर्ने स्वतन्त्रता, मानव जातिको आदर्श त्यसबेला मात्र हासिल हुन सक्दछ जब प्रत्येक व्यक्तिले आफ्नो नागरिक तथा राजनीतिक अधिकारका साथै आर्थिक, सामाजिक अधिकारहरु उपभोग गर्न पाउने अवस्था सिर्जना गरिएको हुन्छ भन्ने तथ्यलाई मान्यता दिइएको हुन्छ । यसैगरी सन् १९६६ मा ग्रहण भई सन् १९७६ मा लागू भएको आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्रको प्रस्तावनामा पनि भय र अभावबाट मुक्तिको उपभोग गर्ने स्वतन्त्रता मानव जातिको आदर्श त्यसबेला हासिल हुन सक्छ जब प्रत्येक व्यक्तिले आफ्ना आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारहरुका साथै नागरिक तथा राजनीतिक अधिकारहरु उपभोग गर्न पाउने आस्था सिर्जना गरिएको हुन्छ भन्ने तथ्यलाई मान्यता दिइएको छ (पहाडी र दाहाल, २०६५:१४५) ।

## आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुवन्ध

मानव अधिकारको लागि नागरिक तथा राजनीतिक अधिकार साथसाथै आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारहरु पनि उत्तिकै आवश्यक छन् भन्ने विश्वव्यापी मानव अधिकारको घोषणाको भावना माथि यस अनुवन्धमा जोड दिइएको छ (ओभ्का, २०४५:१९) ।

यस अनुवन्धको धारा १ मा मानिसको आत्मनिर्णयको यो अधिकारमाथि जोड दिइएको छ । यो घोषणाले मानिसले निम्न लिखित अधिकारहरु पाउन पर्ने घोषणा गरेको पाइन्छ ।

रोजगार गर्न, उचित प्राविधिक एवम् व्यवसायिक तालिम पाउने, सम्पूर्ण मजदुरलाई समान कामको लागि समान ज्याला, महिला र मजदुरको लागि पुरुष सरहको वतन पाउने । मजदुर र उसको परिवारको निम्ति समायोचित जीवन स्तर, सुरक्षित र स्वस्थ्य प्रकारको काम गर्ने वातावरण, काम गरिरहेका कार्यालयमा बढुवा हुन पाउने समान अवसर । कामगर्ने निश्चित घण्टाको निर्धारण र आराम तथा फूर्सद लिन पाउने । ट्रेडयूनियन गठन गर्न पाउने र रोजेको यूनियनको सदस्य हुन पाउने, यस्ता यूनियनको राष्ट्रिय संघ खडा गर्ने र अन्तर्राष्ट्रिय स्तरको ट्रेडयूनियन खडा गर्ने तथा त्यसको सदस्य बन्न पाउने, हडताल गर्न पाउने, सामाजिक सुरक्षा, परिवारलाई सुरक्षा र सहयोग दुईजना केटाकेटीको शिक्षाको ग्यारेन्टी, गर्भवती महिलालाई विशेष सुरक्षा दिनु पर्ने । यस अवस्थामा जागिरे महिलाहरुलाई तलबी वा प्रयाप्त सुरक्षा दिनु पर्ने । केटाकेटी र किशोरहरुको आर्थिक र सामाजिक शोषण हुन दिनु हुन्न । बालमजदुर राख्न नपाइने, व्यक्ति र परिवारका निम्ति पर्याप्त जीवन, लत्ताकपडा र बासको व्यवस्था हुनु पर्ने । प्रत्येक व्यक्तिले उच्च स्तरको शारीरिक र मानसिक स्वास्थ्य विकासका निम्ति भने काम गर्नु पर्छ । प्रत्येक व्यक्तिलाई शिक्षा आर्जन गर्ने अधिकार छ । शिक्षा मानव व्यक्तित्व र गरिमाको पूर्ण विकास, मानव अधिकार र स्वतन्त्रतालाई सुदृढ पार्ने तथा विभिन्न देश र राजनीति बीच सहिष्णुता र सद्भावना कायम हुनुपर्ने ।

प्राथमिक शिक्षा अनिवार्य र निःशुल्क हुनु पर्ने, माध्यमिक र उच्च शिक्षा योग्यताका आधारमा सबैले प्राप्त गर्न सकुन् भनेर आवश्यक व्यवस्था गर्नुपर्छ, प्रत्येक व्यक्तिलाई आफ्नो सांस्कृतिक जीवन विताउने, वैज्ञानिक प्रगतिबाट लाभउठाउने, अध्ययन, अनुसन्धान गर्ने र यसका निम्ति अन्तर्राष्ट्रिय सम्पर्क र सहयोग बढाउन पाउने अधिकार ।

## मानव अधिकार सम्बन्धी तेहरान घोषणापत्र

सन् १९६८ को अप्रिल २२ देखि मे १३ सम्म इरानको राजधानी तेहरानमा संयुक्त राष्ट्र संघको आयोजनामा मानव अधिकार सम्बन्धमा एक अन्तर्राष्ट्रिय सम्मेलनको आयोजना भयो ।

"तेहरान घोषणाले सबै देशहरुलाई मानव अधिकारको विश्वव्यापी घोषणामा रहेका मानव अधिकारहरुलाई प्रभावकारी ढङ्गले लागू गर्न आव्हान गऱ्यो । रंग भेद र जाति भेदको भर्त्सना गऱ्यो । संसारभरी मानव अधिकारलाई व्यवहारमा उतार्न विकसित र अविकसित देशहरु बीचको आर्थिक असमानता घट्नु पर्ने, अशिक्षा हट्नु पर्ने, महिलाहरुको पनि समान अधिकार पाउनु पर्ने र हातहतियारमा भइरहेको खर्च घटाउनु पर्ने कुरामा सम्मेलनले जोड दिएको थियो" (मानव अधिकार र नेपाल, २०४५) ।

मानव अधिकारको विकासक्रम सत्रौं शताब्दी पश्चात् संस्थागत रुपमा अगाडि बढेको पाइन्छ । मानव अधिकारको विकासको यस चरणमा विशेष गरेर व्यक्तिको महत्व र समाजमा उसको अधिकारको कुरालाई विशेष जोड दिइएको पाइन्छ । "त्यो विकासक्रम विशेषगरी पश्चिमी राजनीतिक दर्शनको उत्पत्तीसँग जोडिएको छ" (तिमिल्सिना र अन्य, २०६६:४८) । यसमा अमेरिकी स्वतन्त्रताको घोषणा, फ्रान्सेली राज्यक्रान्ति, भियनामा भएको सम्मेलन, यूरोपमा रहेको दासप्रथा तथा दासलाई निषेध गर्ने प्रयत्न, सन् १९४० मा आयरल्याण्डमा भएको चार्टिष्ट आन्दोलनको उठान, सन् १८६३ मा युद्धपिडितलाई गर्नुपर्ने सहयोग सम्बन्धी रेडक्रसको अन्तर्राष्ट्रिय समिति आदि पर्दछन् ।

मानव अधिकारको दोस्रो चरणको विकासक्रम बीसौं शताब्दीमा भएको पाइन्छ । उन्नाइसौं शताब्दीमा मानिसले केही मात्रामा नागरिक तथा राजनीतिक अधिकारको प्राप्ति गरेको पाइन्छ भने त्यतिबेला आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार प्राप्तिका निम्ति ठूलाठूला आन्दोलन भएको पाइन्छ । सन् १९०० र १९१५ को बीचमा औपनिवेशिक अवस्थाका एसिया र अफ्रिकाका जनताहरुको साम्राज्यवादका विरुद्धमा संघर्षहरु गरेको पाइन्छ । सन् १९१७ मा भएको रुशी क्रान्ति पश्चात् नयाँ सरकारको लागि आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारको घोषणा गऱ्यो ।

प्रथम विश्वयुद्ध पश्चात् अनुवन्ध सम्मेलन र संस्थाहरुको स्थापना तथा जातीय भेदभाव विरुद्धका आन्दोलनमा महत्वपूर्ण वर्षका रुपमा सन् १९१९ रह्यो । भर्सेलिज सन्धिले आत्मनिर्णयको अधिकारमा जोड दिएको छ । पान अफ्रिकन सम्मेलनले औपनिवेसिक मुलुकहरुको आत्मनिर्णयको अधिकारका लागि लिग अफ नेसन्स, न्यायालयको अन्तर्राष्ट्रिय अदालत, अन्तर्राष्ट्रिय श्रम संगठन आदि स्थापित गरिएको पाइन्छ ।

प्रथम विश्वयुद्ध पश्चात् स्थापित राष्ट्र संघ अल्पसंख्यक र उपनिवेशमा रहेका जनताको संरक्षणमा क्रियाशील रहेको थियो । सन् १९१९ मा स्थापित श्रम संगठनले

सामाजिक न्यायको प्रत्याभूतिले पनि विश्वव्यापी दिगो शान्ति स्थापित गर्न सक्छ भन्ने मान्यतालाई स्वीकारेको पाइन्छ । यो संगठनले विशेषगरी मजदुरहरुको अधिकार संरक्षण गर्ने कुरालाई सरोकार राखेको पाइन्छ । सन् १९२६ मा दासत्व विरुद्धको अभिसन्धि जारी भयो । त्यस्तै गरी वाध्यात्मक श्रम तथा अनिवार्य श्रम विरुद्धका अन्यव्यवस्थाहरु हुँदै गएको पाइन्छ (तिमिल्सिना र अन्य, २०६५:४१) ।

मानव अधिकारको स्थापना, संरक्षण एवम् विकासको लागि प्रथम विश्वयुद्ध पछि विभिन्न संघसंगठनको स्थापना हुँदै गए जसले गर्दा मानव अधिकारमा सुधार हुँदै गयो । अन्तर्राष्ट्रिय श्रम संगठनको स्थापनाले श्रमिकहरुका हक हितमा महत्वपूर्ण व्यवस्थाहरु गरिए जसले गर्दा विश्वभरका मजदुर तथा श्रमीक आफ्नो श्रमशोषणबाट सुरक्षित रहे ।

सन् १९५० देखि १९९० सम्ममा मानव अधिकार सम्बन्धी केही अभिसन्धी र संयन्त्रहरुको व्यवस्था सँगै मानव अधिकारको विषयवस्तुलाई व्यवहारमा लागू गराउन कानूनी रुपमा व्यवस्था गर्ने प्रयास गरेको पाइन्छ । सन् १९५० मा यूरोपेली मानव अधिकार आयोग र मानव अधिकार अदालतको स्थापना भयो, १९६१ मा एम्नेष्टि इन्टरनेशनलको स्थापना, सन् १९६८ मा तेहरानमा प्रथम मानव अधिकार सम्मेलन, १९७९ मा महिला विरुद्धहुने भेदभाव उन्मुलन सम्बन्धी राष्ट्र संघीय महासन्धि जारी भयो । १९८१ मा जनअधिकारका लागि अफ्रिकन वडापत्र जारी भयो । सन् १९८४ मा संयुक्त राष्ट्र संघीय यातन विरुद्धको महासन्धि १९८८ मा जन अधिकारका लागि अफ्रिकन आयोगको स्थापन भयो । सन् १९८९ मा संयुक्त राष्ट्र संघीय बालअधिकार महासन्धि जारी भएको पाइन्छ ।

## २.४ नेपालमा मानव अधिकार सम्बन्धी व्यवस्था

### क) प्राचीनकाल (Ancient Period)

मानव अधिकार भन्ने कुरा मानिससँग सम्बन्धित हुने भएकोले मानिसको उत्पत्ति कसरी भयो ? भन्ने कुराको महत्व गौण हुन्छ । मानिसको उत्पत्ती भए पछि मात्र यससँग सम्बन्धी विषय सम्बन्धित हुन्छ । नेपालको सन्दर्भमा उल्लेख गर्दा नेपालको प्रायः ऐतिहासिक र मानव विकास वाँदर समूहबाट शारीरिक रुपले पृथक हुँदै मानव गुण तर्फ अग्रसर रामनगर वाँदर महादीपको शिवालिङग पर्वत श्रृङखलामा विकसित भएको पाइन्छ । मध्य पश्चिमाञ्चलको शिवालिक पर्वतको काख वुटवलको तिनहु खोलामा पनि यस नर वाँदरको दाँत फेलापरेकोले यस देशमा थप अन्य अवशेषहरु पाइने सम्भावना देखिन्छ (खत्री,

२०५५) । "पाल्पा, दाङ, नेपालगञ्ज आदि क्षेत्रमा पनि हालका दशकमा सर्वेक्षण उत्खनन् कार्य भएका छन्, यी क्षेत्रबाट नवपारण युगीन प्रसस्त मात्रामा हतियारहरु फेला परे । हिमालका खासगरी सगरमाथाको दक्षिणक्षेत्रमा मानव विकासका थप कडीहरु प्राप्त भएकोमा विद्वानहरु विश्वस्त देखिन्छन्" (शर्मा, २०३९) । यसरी विकासको क्रम अगाडि वढ्दै आजको हामिजस्तो मानव समूहको अस्तित्व रहेको छ । उत्पत्तीको यसै समयदेखि आजसम्म औपचारिक वा अनौपचारिक रुपमा मानव अधिकार सम्बन्धी व्यवस्था भएका थिए भने उद्भवको प्रारम्भिक अवस्थामा पनि मानिसहरुले यी अधिकारको खोजी र आवश्यकताका लागि वीना आज्ञा पनि मानविय अभिव्यक्ति अभिव्यक्त गरेका थिए होलान् ।

विश्वमा मानव अधिकार सम्बन्धी व्यवस्था संयुक्त राष्ट्र संघको स्थापना र यसको वडापत्रको व्यवस्था वमोजिम सन् १९४८ मा मानव अधिकारको विश्वव्यापी घोषणापत्र जारी गरिए पछि मात्र भएको भए पनि मानव अधिकार सम्बन्धी सैद्धान्तिक अवधारणाहरु सन् १२१५ को Magna Carta देखि नै भएको थियो भन्ने कुरा उल्लेख भएको पाइन्छ । नेपालमा पनि मानव अधिकारका लागि औपचारिक रुपमा र मानव अधिकारको संरक्षणको लागि सांगठानिक प्रयासहरु प्राचीनकाल देखि भएका थिए ।

नेपालमा प्राचीनकालमा भएका व्यवस्थाबारे लिखित दस्तावेजहरुको अभावमा यसै भन्न सकिने अवस्था छैन । अन्य विषयहरुमा गरिएका व्यवस्था सरह मानव अधिकार सम्बन्धी विषयमा ज्ञात अज्ञात रुपमा जे भए तापनि केही व्यवस्था भएका थिए । तिनै मानव अधिकारको अवस्थालाई स्पष्ट पार्दछन् । प्राचीनकालमा धर्मशास्त्रको आधारमा शासन व्यवस्था संचालन हुने गर्थ्यो, कानून नै धर्म र धर्म नै कानून थियो (श्रेष्ठ, २०५४) ।

राजा एहाङले सामाजिक कानून बनाइ विहेवारी, जन्म र मृत्यु सम्बन्धी व्यवस्था गरेका थिए (रेग्मी, २०३६) । यस समयमा शुरुमा मौखिक रुपमा र पछि धर्मशास्त्रका आधारमा शासन सञ्चालन गरिएको पाइन्छ । राज्यको शासन, न्याय, अधिकार दिने प्रमुख शास्त्र धर्मशास्त्र नै भएको पाइन्छ । धर्मशास्त्रका पुस्तकका आधारमा हक अधिकार प्रदान गरेको पाइन्छ । वहुविवाह, अन्तरजातिय विवाहलाई निशेध गरिएको थिएन । हाडफोडालाई आजन्मदास बनाइन्थ्यो त्यस्तै दुधफोडालाई गाउँबाट निकालीन्थ्यो (न्यायदुत अङ्क, ३४:७५) । ज्यानको वदला ज्यान सजाय दिइन्थ्यो, साधुले जारकाट्न पाउने प्रचलन थियो (नेपालमा कानून परिचर्चा, अंक २ पृष्ठ ५७) ।

हिन्दू धर्मशास्त्रमा सजायकोरुपमा पनि दास बनाउने प्रावधान थियो मृत्युदण्ड दिनपाउने, दासराख्न पाउने, दास बनाउन पाउने जस्ता व्यवस्थाहरु अवश्य पनि मानव विरोधी थिए । प्रजाको रक्षा गर्नु राजाको कर्तव्य मानिएको थियो । न्याय नभएको देशको राजाको स्थिति पहाडको टाकुरामा बसेको भुत्लावीनाको चराजस्तो हुन्थ्यो । भृङगी लागेको कुकुर जस्तो हुन्थ्यो (शर्मा, २०५४) भन्ने व्यवस्थाले राजालाई अधिकार संरक्षण गराउन सजग गराएको पाइन्छ ।

मानदेवले ऐतिहासिक सन्दर्भमा मानव अधिकार सम्बन्धी केहि काम गरेको पाइन्छ । उनलाई प्रजापालक कुशल प्रशासक न्याय प्रेमी जस्ता विशेषणहरु प्रयोग गरिएको पाइन्छ (यादव, २०४०:४) । यिनको सामन्त र महासामन्त पनि रहेको थियो । जातीय सम्मीश्रण थियो । नेपालको जातीय राष्ट्रिय जीवन लिच्छवी कालमा विशेष समृद्ध र सवल भए तापनि यसको अङकुर किरात कालमा नै देखापरिसकेको थियो (शर्मा, २०३९) ।

अंशुवर्माले नयाँ सम्बत चलाउँदा नेपालका सम्पूर्ण प्रजालाई ऋणमुक्त तुल्यादिएका थिए । बौद्ध धर्म लोकधर्म भैसकेको थियो । नेपालमा अहिर, भोटे, कर्नाट, मल्ल आदि जातिको श्रमिक महिलाहरुको बारेमा पनि प्रवेश भयो । जातजातिको शुरुवात भयो ।

तल्लोजातको लागि पोशाक तोकिएको थियो । कसाइहरुले वाहुला भएको छोटा सुरुवाल र पोटेहरुले टोपी, जुत्ता एवं सुनको गहना लगाउन र झिगटी वाला, घरबनाउनमा प्रतिवन्ध लगाइएको थियो । उच्च जातिका आइमाईको सम्बन्ध तत्लो जातको पुरुषसँग भएमा जातमा झर्ने चलन थियो । साथै आर्थिक दण्ड पनि दिन थालियो ।

“तत्कालीन शिलालेखहरुमा ब्राहमण, क्षेत्री वाहेक अरु हिन्दू जातिको उल्लेख गरिएको देखिदैन । अर्को शिलालेखमा चण्डालको उल्लेख गरिएको छ । चण्डाल जातिलाई निम्न स्तरीय जाति मानिन्थ्यो” (रेग्मी, २०३६:१२१) । हिन्दू धर्मको व्यापकता भएर यसो भनिएको हुनसक्दछ, समग्रमा जातिलाई नै हिन्दू मानिएको पाइन्छ । हिन्दूधर्मलाई सनातन धर्म पनि भनिएको छ यसले गर्दा नै सवैजातिलाई समग्रमा हिन्दू भनियो, लिच्छविकाललाई स्वर्गयुग भनिन्छ । यस युगमा राजनीति, शिक्षा, संस्कृति, आर्थिक, सामाजिक सबै पक्षको प्रशस्त उन्नति भएको पाइन्छ । यस समयमा पनि धर्मको आधारमा शासन चल्थ्यो ।

पछिल्लोपटक वाक दण्ड दोस्रो पटक धिक दण्ड, तेस्रो पटक आर्थिक दण्ड र त्यसपछि अपराध अनुसार शारीरिक अपराध अनुसार शारीरिक कोर्रा आदि हानी वा अंगभंग गरी मारिदिनु उचित हुन्छ त्यस प्रकारको बधदण्ड दिनुपर्छ (श्रेष्ठ, २०५४) । कपटपूर्वक

अर्काको धन हरण गरेमा निजहरुलाई हातखुट्टा कानकाटी बाँधी वध गर्नु कन्याको जवरजस्ती करणी गरेमा मृत्युदण्ड दिनु, त्यतिवेलाको कानूनी व्यवस्था निर्दयी, अमानवीय प्रकृतिको भएको पाइन्छ । अपराधीलाई पटकको आधारमा सजाय थपिदै जाने चलन थियो, यसमा मानवीयता भएको पाइन्दैन ।

## ख) मध्यमकाल (Medieval Period)

मध्यमकालमा पनि प्राचीन कालमाझैं अनौपचारिक रुपमा केही व्यवस्था भएका थिए भने दण्ड सजायलाई हेर्दा र धर्म र धर्मशास्त्रको प्रभावलाई अस्विकार गर्न नसकिएकोले यस समयमा पनि मानव अधिकारको संरक्षण हुन सकेन् । मध्यम कालमा पनि सम्पूर्ण परिवारलाई नै सजाय दिने चलन भएको पाइन्छ । दासप्रथा लोपहुँदै गए पछि यस समयमा नारीहरुले राजनीतिमा भाग लिएर महत्वपूर्ण कार्य गरेको उदाहरण पाइन्छ, देवलदेवी, गंगादेवी, लालमती आदि यसका उदाहरण थिए (यादव, २०४०) । यो समयका बारेमा पनि जानकारी लिने ऐतिहासिक सामग्रीको अभाव नै पाइन्छ । कोर्रा हान्ने, थुन्ने जस्ता कठोर दण्डको व्यवस्था थियो । लिच्छविकाल पछि अन्धकारमय भएको नेपालको इतिहासमा अझ जयस्थिति मल्लले धेरै समयसम्म उज्यालो हुन नदिन ढोका थुन्ने काम गरे । सत्तामा नेपालको समाज ४ वर्ण ३६ जातमा विभाजन गरे । माथिल्ला चार वर्णलाई तल्लो वर्ण (जात) ले छोएको खानपान गर्न प्रतिवन्ध लगाए । पोडे चर्माकारको पानी नचल्ने भयो । तल्लोजातको मानिसले उपल्लो जातको मानिसलाई सम्मान दर्शाउनु पर्ने चलन चलाइएको थियो (यादव, २०४०) ।

यसरी जयस्थिति मल्लले मानिसलाई जातभातमा विभाजित गरी तल्लो र उपल्लो भनि विभाजित गरेको पाइन्छ । यस्तो स्थितिले मानव अधिकारमा रोक लगाइयो । मानिसका समानताका हकको उल्लंघन गरियो । एक मानिसले अर्को मानिसलाई भेदभावको दृष्टिले हेर्ने र काम गर्ने भए ।

सबैले खाएपछि मात्र खाने राजा महीन्द्र मल्लको छुट्टै इतिहास कायम भएको पाइन्छ । जयस्थिति मल्लको मानव न्यायशास्त्रको छुट्टै स्थान रहेको पाइन्छ । एउटै कसुरमा जात अनुसार सजायको व्यवस्था गरियो । त्यतिमात्र होइन तल्ला जातिले लगाउने गहनाहरुमा पनि फरक किसिमको व्यवस्था गरियो । कसाइ जातिले वहुला भएको दौरा लगाउन नपाउने, कसाइ पोडेहरुले झिगटी र घर बनाउन नपाउने जस्ता थिति बाँधे (शर्मा,

२०३९) । कसाई र पोडे जातिलाई ज्यादै तल्लो दर्जामा राखी उनीहरुको खानपान वास र लगाउने कपडामा पनि छुट्टै प्रकृतिको व्यवस्था गरियो ।

करणी सम्बन्धी अपराधमा कठोर दण्डको व्यवस्था थियो । पोइ हुने ब्राह्मीणीलाई क्षेत्रीले करणी गरेमा खोलापारी लगि चण्डालको हातले एक चोटमा मार्ने गरी हानी मार्ने, पोइ हुने ब्राहमणीलाई सुद्रले करणी गरेमा लिङग काटी त्यसैलाई खुवाइ चण्डालको हातले काट्ने (श्रेष्ठ, २०५४) । करणी सम्बन्धमा पनि जातपातको आधारमा सजायको व्यवस्था गरिएको पाइयो । ब्राह्मीणी महिलाको बारेमा मात्र बढी जोड दिइयो पुरुष ब्राह्मणले जबरजस्ती करणी गरेमा के गर्ने, तल्तोजात भनिएकी महिलाको उपल्लो जातको पूरुषले जवरजस्ती करणी गरेमा कस्तो सजाय गर्ने भन्ने बारेमा खुलेको पाइँदैन ।

इटापचलीकोट लिङः धन्सार, टकसार जस्ता अदालतहरुबाट न्याय सम्पादन हुन्थ्यो । यसमा राजा सर्वेसर्वा हुन्थ्ये (शर्मा, २०५४) । राजा रामशाहले विभिन्न २६ वटा थिति बाधेका थिए (श्रेष्ठ, २०५४) । रामशाहले मानापाथीको चलन चलाउने व्यवस्था गरे । साहुहरुले मनपरी गर्दा गरीवहरुलाई मर्का गरेको थियो । व्याजको सम्दर्भमा नगदमा सयकडा १० र जिन्सीमा ऋणलिएको परिणामको चतुर्थाम्स गरेका थिए । निश्पक्ष न्यायालय सम्बन्धी थितिहरु वाधेका थिए जसलाई छिमेकीहरुले पनि आत्मसाथ थरेका थिए (शर्मा, २०३९) । न्याय नपाए गोरखा जानु भन्ने उक्तिले उनी न्यायप्रेमी भएको स्पष्ट हुन्छ । जनतालाई सुखी र सम्पन्न राख्न उचित व्यवस्था कायम गरेका थिए । बोक्सीको आरोपमा प्रमाणित भएमा गाउँबाट निकाल्ने चलन चलाए । एउटै देशका नागरिकलाई छुट्टाछुट्टै सजायको व्यवस्था थियो (यादव, २०४०) । सजाय सम्बन्धी व्यवस्था अन्यायपूर्ण भएको पाइन्छ जसमा जातको आधारमा सजायमा फरक व्यवस्था गरिनु, एउटै कसुरमा दुई किसिमका सजाय गरिनु, वोक्सीजस्तो अन्धविश्वासी परम्परालाई मान्यता दिई कानूनी सजाय गरिनु, व्यक्ति, जातपात हेरेर सजायमा घटीबढीको व्यवस्था गरिनु यी सबै अमानवीय कानूनी व्यवस्था भएको देखिन्छ ।

जयप्रकाश मल्ल र पृथ्वीनारायण शाहको बीचमा भएको झगडाको कारण धेरै मानिसहरुले ज्यान गुमाउन परेको थियो । जयप्रकाश मल्लले जैसी बाहुनलाई प्रभावमा पारेपछि तिनीहरुमध्ये केहीलाई पृथ्वीनारायण शाहले प्राणदण्ड दिएका थिए । जैशी बाहुनको अधिकारमा शाह र जयप्रकाश मल्ल बीच घात प्रतिघातमा चलेका थिए । यसको कारण

पृथ्वीनारायण शाहले आफ्नो विरुद्धमा लागेकाहरुको लागि मार्न लगाएका थिए (दहाल, २०५९:३५) ।

काठमाडौं उपत्यकामा पृथ्वीनारयाण शाहको आक्रमणको क्रममा जयप्रकाश मल्लसँग कडा युद्ध गर्नुपरेको थियो । शाहका थुप्रै सैनिकहरुले पनि ज्यान गुमाउनु परेको थियो । यसको प्रतिरोध स्वरुप आफूले उपत्यका विजय पश्चात् पृथ्वीनारयाण शाहले थुप्रै आफ्नो विपक्षमा रहेका मानिसहरुको ज्यान लिएको पाइन्छ । यिनले प्रतिशोध कै कारण थुप्रै नागरिकहरुको मानव अधिकारको उल्लघन गरेका थिए ।

## ग) आधुनिक काल (Modern Period)

वि.स. १८२५ पछि नेपालमा आधुनिक काल शुरु हुन्छ । गोर्खाका राजा नरभुपालशाहका जेष्ठ सुपुत्र पृथ्वीनारायण शाहको जन्म वि.स. १७७९ मा र मृत्यु १८३१ मा भयो । करिब छ बर्ष १८२५ पछिको समयमा पृथ्वीनारायण शाहबाट आधुनिक काल भित्र परेको छ । यस समयमा पनि मानव अधिकार सम्बन्धी केही घटनाहरु भए जुन अनौपचारिक रुपमा भए तापनि मानव अधिकारसँग सम्बन्धित देखिन्छ । पृथ्वीनारायण शाहको कानून प्रति प्रतिवद्धता थियो । महेन्द्र मल्ल र रामशाहले बाँधेका थितिबाट प्रभावित भई पृथ्वीनारायण शाहले पनि केही थिति बाधेका थिए । पृथ्वीनारायण शाहले बाधेको यसकै आधारमा नेपालको पहिलो लिखित कानूनी दस्तावेज १९१० को मुलकी ऐनमा प्रभाव परेको पाइने हुनाले राणाहरु समेतले यसको कदर गरेको पाइन्छ । उक्त ऐनको कागत जाँचको १६/१७ नं.मा यी ऐन अघि १८२५ मा श्री ५ महाराजधिराज पृथ्वीनारयण शाहबाट बाधिवक्सेको सदर ठहरी सोही ऐन थामियो । (मुलुकी ऐन, १९१०) (आचार्य खण्ड, १) भन्नेबाट यसको पुस्ट्याइ भएको पाइन्छ ।

तत्कालीन समयमा ज्यानमारा मानिसलाई काटी मारिदिने सामान्य नियम थियो । जारलाई साघुले काट्न पाउथ्यो, ब्राहमण, सन्यासी, जोगी र बैरागीले ज्यानमारे प्राणदण्ड नदिई अरु सजाय हुन्थ्यो । कमारा कमारीको रुपमा मानसिलाई बेच्न सकिन्थ्यो । सती प्रथा प्रचलित थियो । सर्वस्वहरण गरी मृत्यु दण्ड समेत दिइन्थ्यो, जसको पाप उसको गर्धन गरी सजाय हुन्थ्यो (श्रेष्ठ, २०५४) ।

पृथ्वीनारायण शाहको मन देश भक्तिमा नै डुवेको थियो । उनी देश भक्त, साहसी योद्धा, संगठन कर्ता र कर्मठ सेनापति पनि थिए । नेतामा हुनुपर्ने गुण पनि थिए (रेग्मी,

२०३६) । कहिले काही यिनले रिसको आवेशमा निर्दयितापुर्वक काम गरे पनि निर्दयी थिएनन् । अभिष्ठ सिद्धिका निम्ति दुस्कर तथा कठिन कार्य गर्न मार्नका लागि सदा प्रस्तुत रहन्थे (ज्ञावली, २०६८) । “पृथ्वीनारायण शाह पछिका राजाहरुबाट पनि कठोर दण्ड सजाय र धर्मप्रभाव स्वीकार गरेका थिए । भिमसेन थापा राष्ट्रभक्त थिए । Old filed ले भिमसेन थापाका बारेमा भनेका छन् - "Nothing is deared and nearer to his heart then the independent of his country" (यादव, २०४०) ।

राजेन्द्रका छोरा देवेन्द्रको मृत्यु भिमसेन थापाले साम्राज्य लक्ष्मीलाई विष खुवाउने षडयन्त्रले गर्दा रानीको मुखमा नपरी देवेन्द्रको मुखमा परी मृत्यु भएको भन्ने अनर्गल प्रचार गरियो । कालगतिले छ महिनामा मरेको अधिराजकुमारको मृत्युलाई आधार बनाइ भिमसेन थापाको पतन गराउन षडयन्त्र गरियो (मिश्र, २०५७) ।

भिमसेन थापाले मगर जातिमा छोरा छोरी बेच्नेमा प्रतिवन्ध लगाएर बेच्नेलाई चुनौती पनि दिए । दासप्रथा अन्त्य गर्न नसकेपनि सामन्त वर्ग विरुद्ध कदम चाल्न पछिल्ला शासकलाई सजिलो पारिदिएका थिए । विहेप्रथामा सुधार जस्तो भाउजु, सानीआमा व्यहोर्ने सुधार गरे । वेठवेगरामा प्रतिवन्ध लगाए । राजाको निजी कार्य एवम् युद्धमा घाइते बोक्ने जस्ता राष्ट्रिय कार्यमा बाहेक कसैले कसैलाई काममा लगाउन नपाइने भयो र लगाएमा पारिश्रमिक दिनुपर्ने भयो (यादव, २०४०) । यसले त्यसवेलाको मानव अधिकार सम्बन्धी व्यवस्थालाई छर्लङ्ग पार्दछ । २००४ देखि २०४७ साल सम्म विभिन्न राजनैतिक व्यवस्था अन्तर्गत बनेको संविधानहरुमा मौलिकहकहरुको व्यवस्था गरिएको छ । कुनै संविधानहरुमा कर्तव्यको पनि व्यवस्था गरिएको पाइन्छ । यिनै व्यवस्थाले मानव अधिकारको सैद्धान्तिक र व्यवहारिक पक्षलाई प्रष्ट पार्दछ ।

### (अ) राणाकाल (Rana Period)

वि.सं. १९०३ देखि २००७ सालसम्म राणाहरुले एकलौटी जहानीया शासन चलाएको पाइन्छ । यो १०४ बर्ष सम्मको समयलाई राणाशासन काल भनिन्छ । वि.सं. १९०३ मा भएको कोतपर्वबाट जंगबहादुर राणाले शासन आफ्नो हातमा पार्न सफल भएको पाइन्छ । वि.सं. १९८८ पछि सुरेन्द्र र राजेन्द्र मध्ये एकलाई राजा बनाउने बारेमा दोहोरो प्रयास भयो । कान्छी रानी पट्टिका रणेन्द्रलाई राजा बनाउन रानी राज्यलक्ष्मी तल्लीन थिइन तर उनले सहयोगीको मन जित्न सकिनन् । १९०२ मा माथवर सिंहको हत्या जंगबहादुरबाट र

गगन सिंहको हत्या जंगबहादुरबाटै भयो । पछि कान्छी रानीका विश्वासपात्र गगन सिंहको पनि हत्या भयो । १९०३ भाद्रको राति गरिएको उक्त हत्याबाट श्रिजित परिस्थिति र परिवेशलाई आफ्नो अनुकुल बनाइ राणा शासन देशमा कायम गरिएको थियो । तर पनि जंगबहादुरकै भाइ समेतले यसको विरोध गरेका थिए । राजा राजेन्द्रले १८४३ मा राजपरिवारबाट सदस्य बाहेक कसैलाई पनि काराबास अंगभंग, देश निकाला , प्राणदण्ड र पदच्युत गर्न नपाउने आज्ञा दिन लक्ष्मीदेवीलाई अधिकार दिएका थिए (शर्मा, २०३९) ।

१९०६ मा जंगबहादुरले बेलायतको भ्रमण गरेपछि त्यसबाट प्रभावित भएर नेपालमा आइ एउटा कानून बनाउन लगाए र १९१० को मुलुकी ऐनको नामले प्रख्यात उक्त ऐन संशोधन हुँदै हालसम्म चलिरहेको छ । त्यसमा मानव अधिकार सम्बन्धी केही व्यवस्था थिए । उक्त ऐनमा १६३ महल रहेको छ । उक्त ऐनको प्रस्तावानामै ऐनलाई थपघट गर्नुपर्ने भएमा देशकाल शास्त्र व्यवहार विचार गरि भारद्वार कौशल वसी छलफल गरी प्रधानमन्त्रीले सच्चाउन सक्ने कुरा उल्लेख छ । उक्त ऐनको शिर व्यहोरामा आगे हाम्रा भरमुलुक सदरमौफसल रहन्थ्यो भारदार, कामदार, गौडा अदालत "... मुखिया, जिम्माल, चौधरी, भरी, महतो, रैयत, गैरपति आजसम्म मरमामिला गर्दा एकै व्यवहोरामा कस्लाई वढ्ता सजाय हुन जान्या हुँदा यो ऐन वनाई जाहि गरियो (मुलुकी ऐन, १९१०) भन्ने उल्लेख गरिएबाट मानव अधिकारका लागि पछिल्लोपटक अनौपचारिक रुपमा भएको भए पनि यो कदमलाई सह्रानीय नै मान्नु पर्दछ । यसदेखि उक्त ऐनको किन्यादिको २ नं मा अदालतका हाकिम, डिट्टा, विचारी ठानाका मालिकले ऐन वमोजिम निसाफ मिलेको कुरा छिन्नु ऐन देखि वाहेकको निशाफ गरी छिनीदेउ भनी सरकारको हुकुम मर्जि आज्ञा प्रमाङगी र सरकारको लालमोहर वर्जिको दस्तखत भै आएपनि नामान्नु, निया निसाफ गरि छिनिदिनु भन्ने व्यवस्था भएको छ । कानूनी शासन (Rule of Law) लाई आभाष दिएको छ" (श्रेष्ठ, २०५४) ।

लाइब्रेरी पर्व राणाहरुको विरुद्ध अगाडि बढ्ने प्रजातान्त्रिक युवाहरुको एक महत्वपूर्ण कदम थियो । जोगविर सिंह कंशाकार, लक्ष्मीप्रसाद देवकोटा समेत ४५/४६ युवाहरुको इजाजतका लागि महाराज कहा निवेदन दिने निर्णय गरी बैठक वसी हस्तक्षार गरी मरिचमानलाई दिएका थिए (अधिकारी, २०५५) । तर उल्टै उनीहरु गिरफ्तारको फन्दामा परे किनभने पुस्कतकालयको उद्देश्य राणाविरोधी भएको पोल एक सदस्य रामचन्द्र अधिकारीले खोलेका थिए (उपाध्याय, २०५४) । यसपछि अधिकारको लागि चेतना दिलाउने कार्य अधुरो रहयो ।

१९८८ मा देशमा पार्लियामेन्ट्री शासन स्थापना गर्ने उद्देश्यले उमेश विक्रम शाह समेतले यस संस्थाको स्थापना गर्न खोजेका थिए । लक्ष्मणराजले पोल खोलेपछि यसका सदस्यहरुलाई मार्ने कैद गर्ने, निश्कासित गर्ने काम गरिएको थियो (शर्मा, २०३९) ।

एकसय चार बर्षको जहानिया शासनको सुत्रपात सन् १८४६ मा जंगबहादुरले गरेका थिए । यस अवधिमा बाँकी संसार उन्नतिको शिखरतर्फ लम्किरहेको थियो भने नेपाल निरंकुश शासनको कालरात्रिबाट गुज्रिनु पऱ्यो (पोखरेल, २०६३) ।

जहानीया राणाशासनकालमा शासकहरु व्यक्तिगत स्वार्थ तथा हकहितमा लागेका थिए । राष्ट्रिय सम्पत्तिलाई व्यक्तिगत सम्पत्तिमा परिणत गरेका थिए । राष्ट्रिय हित तथा स्वार्थमा काम गरिएको थिएन । राणाहरुको मुखनै कानून मानिन्थ्यो । उनीहरुले आफ्नो मनमरी ढंगले शासन सञ्चालन गरेका थिए ।

पूराण बाचनद्वारा नेपाली जनमतमा जनचेतना फैलिएको पत्रपत्रिकाद्वारा नेपाली जनताको दुःखद स्थितिको बोध गराउने, सेवा समिति सम्बन्धी काम गर्ने तथा साप्ताहिक व्याख्यान दिने उद्देश्यले असनटोलको राजालाल कलवरको घरमा माधवराज जोशीका छोरा शुक्रराज शास्त्री, केदारमान व्यथित, मुरलिधर शर्मा, आनन्दराज शर्मा, आदि २१ जना मिली नेपाली नागरिक अधिकार समिति भन्ने संस्था खोलेका थिए । अध्यक्षको हैसियतले इन्द्रचोकमा प्रवचन दिइरहेको बेला शुक्रराज गिरफ्तार गरिए । मुरलीधरले पोल खोली दिएकोले यसका सदस्यहरुको गिरफ्तार गरियो, केही लुकेर बस्न थाले (ज्ञवली र बुर्लाकोटी, २०५४:२८) ।

वि.स. १९०३ मा राणाशासनको एकतन्त्रीय शासन परम्पराको जग बसाल्ने जंगबहादुरको देहावसान भएपछि राणाहरु शक्ति र ओहदा अनि राज्यको सर्वेसर्वा हुने अवसरका निमित्त आफू-आफूमा दाउपेच गर्न लागे देव शमशेर अनि पद्म शमशेरले केहिन केही अंशमा भए पनि सामाजिक सुधार गर्ने चाहना प्रकट गर्दा शासनबाट नै छुट्टिनु पऱ्यो । वि.सं. १९५८ मा चन्द्रशमशेर पनि जंगबहादुर भैं कास्की र लम्जुङका श्री ३ महाराज तथा नेपालका प्रधानमन्त्रीको पदमा आसिन भए । चन्द्रशमसेरले अपिल कचहरी स्थापना गरे जग्गाको नापी गराए, दासत्व प्रथामाथि प्रतिवन्ध लगाए । अनि सिहदरबारको निर्माण पनि गराए (जोशी, २०५५) ।

धार्मिक भावना र सिद्धान्तको आधारमा पछिल्लो यस्तो कानूनको प्रयोग गरिन्थ्यो । भारतमा अंग्रेजहरुले शासन गर्न थालेपछि हिन्दू कानून प्रणाली ‘कमन ल’ मा पर्न आयो ।

अचेल नेपाल र भारत लगायत कानून प्रणालीको प्रचलन भएका ठाँउहरुमा 'कमल ल' को प्रभाव परेको बुझिन्छ । त्यसैले हाल नेपालमा र भारतमा प्रमाणको सिद्धान्त नजीर, अदालति कार्य विधि, 'कमन ल' प्रणाली अनुसार संचालित भएको छ । हिन्दू न्यायप्रणाली उच्चकोटीको भए तापनि यसको विकासमा त्यति ध्यान नदिइएको बुझिन्छ (दुलाल, २०५१) ।

नेपालमा मानव अधिकार समस्यामुलक स्थितिमा छ भन्ने कुरा समय समयमा राष्ट्रिय तथा विदेशी पत्रपत्रिकामा एम्नेष्टि इण्टरनेशनल (Amnesty International) को प्रतिवेदनहरुमा प्रकाशित समाचार, टिप्पणीहरुलाई सरकारले सदा इन्कार गर्दै आएको थियो । नेपालमा मानव अधिकारको समस्या अन्तर्राष्ट्रिय क्षेत्रमा चर्चाको विषय भएको थियो (मल्ल, २०४८) ।

श्री ५ त्रिभूवन वीर विक्रम शाहदेवको राज्यकाल १९६८ सालदेखि शुरु हुन्छ, उनले राज्यकालमा हातहतियार खर खजाना ऐन १९७० र १९७२ सालमा कोर्टमार्सल ऐन १९७१ सालमा तीन राज्यका सन्तानको घरको ऐन १९९३ सालमा पेटेन्ट डिजाइन र ट्रेडमार्क कानून १९९३ बनी लागू भएको थियो । नेपाल बैंक कानून १९९४ साल मार्ग १ गतेमा लागू भै नेपाल बैंकको स्थापना भयो । प्राइभेट कम्पनी कानून २००० सालमा, जङगी ऐन २००४, सालमा बनी लागू भयो । बैधानिक कानून २००४, व्यक्तिगत स्वतन्त्रता ऐन २००६ सालमा जारी भै पञ्चायत अदालतले आफ्नो पञ्चायतको ऐन २००६ जारी भएको थियो । नेपाल कम्पनी कानून २००७ सालमा वनी लागू भएको थियो र यहि कानून बमोजिम कम्पनी स्थापना हुन्थ्यो (श्रेष्ठ, २०५०) ।

### (आ) प्रजातान्त्रिक काल (Democratic Period)

नेपालको संवैधानिक कानून २००४ नेपाली भूमिमा कहिल्यै लागू नभएकोले त्यसको व्यवहारिकता रहेन देखाउने दाँतका रुपमा जारी भएको यो संविधानले जनतालाई चित्त बुझाउन सकेन । उक्त शासन व्यवस्था विरुद्ध आन्दोलन भयो (दाहाल, २०५९) ।

२००७ सालको आन्दोलन सबैभन्दा ठूलो शसस्त्र आन्दोलन थियो । यस क्रममा विभिन्न ठाउँमा आन्दोलनहरु भएका थिए । नेपाली कांग्रेस आन्दोलन गरिरहेको बेला मौलिक हक सम्बन्धी ऐन २००५ र व्यक्तिगत स्वतन्त्रता, ऐन २००६ जारी गरिए तर यी प्राप्त नभएकाले ८ डिसेम्बर १९५० मा भारतीय सरकारबाट ५ सूत्रीय सुझाव सहितको स्मृति

पत्र पठाइयो । यसको परिणाम स्वरुप तत्कालीन प्रधानमन्त्री मोहन शंसेरले २००७ पौष २४ गते केही सुधारका कदम चाल्ने घोषणा गरेपछि भारतीय सरकार र कांग्रेसबाट स्वागत गरियो । मुलतः कांग्रेसले शसस्त्र आन्दोलन बन्द गर्ने निर्णय गऱ्यो (काफ्ले, २०३८) ।

"प्रजातन्त्र प्राप्ति पश्चात् शासन व्यवस्था चलाउने सन्दर्भमा श्री ५ त्रिभूवनले संकल्प गरे बमोजिम तथा श्री ५ लाई शासन संचालन कार्यमा सहायता र सल्लाह दिन एक मन्त्रीमण्डलको नियूक्ति भैसकेको र अन्तरकालीन अवस्थामा वा अन्तरिम सरकारले एक कुनै विधान र निश्चित नियम बमोजिम काम गर्नु पर्ने आवश्यकता देखिएकोले यस विधानको घोषणा गरिएको छ" (दुलाल, २०५९:८७) । श्री ५ त्रिभुवनबाट २००७ साल चैत्र २९ गतेका दिन मन्त्रीमण्डलको सल्लाह अनुसार स्थायी संविधान तयार नभए सम्मका लागि नेपाल अन्तरिम शासन विधान २००७ जारी गरियो (शर्मा, २०५४) ।

प्रस्तावनाबाट शुरु भएको नेपालको दोस्रो लिखित संविधान लागू भएको पहिलो संविधान, अस्थायी र कामचलाउन संविधान, एक सदनात्मक मनोनित व्यवस्थापिका (सल्लाहकार सभा) मौलिक हक संरक्षणको रुपमा अदालत नरहेको, कानूनी राज्यमा जोड दिने आदि विशेषता भएको उक्त संविधान "नेपाल अन्तरिम शासन विधान" (Interim Government of Nepal Act 2007) मा मानव अधिकार सम्बन्धी केही व्यवस्था भएको पाइन्छ । यस संविधान व्यवस्था भएका मौलिक हकहरु निम्न बमोजिम छन् :

कानूनी समानता, धर्म, जातजाति, लिङ्ग आदिका आधारमा भेदभाव नगरीने, मौकाको समान अवसर, कानूनमा मौलिक सिद्धान्त, कानूनी राज्य, व्यक्तिगत, जवरजस्ती काम लगाउन मनाही, वच्चालाई जोखिम कामलगाउन मनाही ।

उक्त संविधान अनुसार चलेको शासन व्यवस्थामा जनताले कस्तो अधिकार पाए त्यो सबैसामु छर्लङ्ग छ । छ पटकसम्म संसोधन गरिएको उक्त संविधानको समयमा सरकार पनि पानीको छाल जस्तै अस्थिर रह्यो । राजा त्रिभुवनबाट २००९ भाद्र १ गते विशेष परिस्थितिको अधिकार ऐन जारी गरियो जसको परिणाम स्वरुप मन्त्रीमण्डलको कार्यपालिका सम्बन्धी अधिकार पनि राजालाई प्राप्त भयो । यस प्रकार संवैधानिक राजतन्त्र परम्परागत (सक्रिय) राजतन्त्रमा परिणत हुने प्रकृया प्रारम्भ भयो (शर्मा, २०५४) । वि.पी. कोइरालाले आफ्नै पार्टीका अध्यक्ष र दाजु समेत रहेका मातृका प्रसाद कोइरालालाई एक व्यक्ति दुईपद हुन नहुने भनी सभापति पदबाट राजिनामा मागे । मातृका प्रसादले नमान्दा आन्तरिक किचड्गलको शुरु भयो (यादव, २०४०) ।

२०१५ सालमा नेपाली जनताले तेस्रो संविधान पाए । यो संविधान (नेपाल अधिराज्यको संविधान २०१५) मा व्यवस्था गरएका मौलिक हकहरु निम्न अनुसार छन् :

व्यक्तिगत स्वतन्त्रता, समानताको हक, धार्मिक स्वतन्त्रताको हक, सम्पत्तिको हक, राजनैतिक हक, सार्वजनिक हितको लागि मौलिक हकमा बन्देज, संवैधानिक उपचारको हक ।

### (इ) पंचायतकाल २०१७-२०४७ (Panchayat Period)

२०१५ सालको चुनावमा नेपाली कांग्रेसले संसदका १०९ सीटमा ७४ सीटमा विजय हासिल गऱ्यो । कांग्रेस पार्टीका सभापति वि.पी. कोइराला प्रधानमन्त्रीमा नियुक्त भए । सरकारले विपक्षी र आफ्ना सांसद समेतको चित्त बुझाउन नसकेको कुरा उठीरहेको थियो । राजा श्री ५ महेन्द्रले शासनको सम्पूर्ण वागडोर आफ्नो हातमा पार्न खोजिरहेका थिए । यस्तैमा २०१७ पौष १ गते काठमाडौंको थापाथलीमा नेपाल तरुण दलको उद्घाटन समारोह चलिरहेको अवस्थामा प्रधानमन्त्री वि.पी. कोइराला, गृहमन्त्री सूर्यनाथ उपाध्याय, निर्माणमन्त्री गणेशमान सिंह र सभामुख कृष्णप्रसाद भट्टराइलाई श्री ५ बाट बोलावट भएको छ भनी बाहिर बोलाएर शाही नेपाली सेनाका अधिकृतहरुद्वारा गिरफ्तार गरेपछि अपरान्ह संविधानको धारा - ५५ प्रयोग गरी मन्त्रीमण्डल र संसदका दुवै सदनहरु विघटन गरेको घोषणा गरियो (अधिकारी, २०५५) । “कुनै नयाँ व्यवस्था गर्न केही समय लाग्ने हुँदा अर्को व्यवस्था नभएसम्म मुलुकको शासनभार हामीबाट ग्रहण गरी बस्केका छौ” (प्रसाइ, २०४३) । यसपछि श्री ५ महेन्द्रबाट २०१७ साल पौष २९ गतेका दिन नेपाल अधिराज्यको शुसान कार्य र विशेष परिस्थितिमा शासन गर्ने उद्देश्यले नेपाल विशेष व्यवस्था ऐन २०१७ जारी गरिएको थियो । यहि ऐन २०१७ देखि २०१९ सम्म नेपालको वास्तविक संविधानको रुपमा रहेको थियो (शर्मा, २०५४) । राजा महेन्द्रले आफ्नो घोषणामा पंचायत पद्धति नै प्रजातन्त्रको जग भएकोले र माथिबाट लादिएको प्रजातन्त्र देशको अनुभवबाट अफापसिद्ध भएकोले हामीले अब प्रजातन्त्रको जग तल्लो तहबाट दरिलो तुल्याउँदै लैजानु परेको छ (देवकोटा, २०३६) ।

२०१७ सालपछि २०४६ चैत्रको जनआन्दोलनबाट वृहत राजनीतिक परीवर्तन नभएसम्म देशको प्रशासनिक यन्त्रलाई निर्दलीयता बचाउने हतियारका रुपमा प्रयोग गर्ने प्रयास भयो । यसो हुँदा प्रशासनमा स्वच्छता अनि गतिशीलता सृजना हुनुको विपरीत

ढिलासुस्ति, चाकरी र चाप्लुसी, स्वार्थन्धता, नातावाद र कृपावाद, भ्रष्टाचार जस्ता विकृत अनियन्त्रित रुपमा बृद्धि भए ... सत्ता परीवर्तनसँगै परीवर्तन हुनुपर्ने बाध्यताको प्रशासनिक संयन्त्र सत्तामुखी र राजनीतिक अभ्यासमा जोड दिनु पर्ने अवस्थाले प्रशासनलाई गतिशील हुन अवश्य नै दिदैन (जोशी, २०५५) ।

### (ई) पुनः प्रजातन्त्रप्राप्ति पछिको काल

पंचायत कालमा पनि जनताले मानव अधिकारको गन्ध रहेको हावाबाट सासफेर्न पाएनन् अन्तत्वगोत्वा विविध गतिविधिहरु संचालन गरिए जसले पंचायती व्यवस्थालाई कमजोर बनाइ रहेको थियो । यसै सन्दर्भमा २०४६ सालमा जनताको असन्तुष्टि कुनै पनि शक्तिले रोक्न नसक्ने गरी बाहिर प्रस्फुटित भयो फलतः पंचायती व्यवस्थाको अन्त्य भयो र प्रजातन्त्रको पुनर्स्थापना भयो, आन्दोलनको क्रममा मानव अधिकारसँग सम्बन्धित विषयहरुलाई उठान गरिएको थियो (यादव, २०४०) ।

२०४७ सालमा प्रजातन्त्रको पुनः प्राप्तिपछि नयाँ संविधान "नेपाल अधिराज्यको संविधान, २०४७" जारी गरियो । "संविधानको प्रस्तावनामा मानव अधिकारको सुरक्षाको लागि प्रतिबद्धता व्यक्त गरिएको छ र ती अधिकारहरु पूर्ण प्रत्याभूतिमा बहुदलीय शासन प्रणालीको सफलता सम्भव छ भन्ने मर्म उद्घाटित भएको छ । ती अधिकारहरुको हनन भएमा उपचार दिलाउने सक्षम र स्वतन्त्र न्यायपालिकाको आवश्यकतालाई औल्याउँदै कानून बमोजिमको शासन (Rule of Law) लाई साकार पार्ने लक्ष्य राखिएको छ" (मल्ल, २०४८) ।

मानव अधिकार तथा शान्ति समाजको विधान २०५३ को प्रस्तावनामा मानव अधिकार सम्बन्धमा निम्न व्यवस्था भएको पाइन्छ, "मानव अधिकारको संरक्षण र मानव गरिमाको सम्मान नै जीवन पद्दतिको आधार हुनुपर्ने तथ्यलाई आत्मसाथ गर्दै मानव अधिकार उल्लङ्घनको कारणबाट नै अशान्तिको जन्म हुने र त्यसबाट भयमुक्त वातावरण सिर्जना हुन सक्ने सन्दर्भमा शान्तिको कुनै विकल्प हुँदैन भन्ने मान्यतालाई हृदयङ्गम गर्दै व्यक्तिको आत्मसम्मान र गरिमामय जीवन यापनका लागि भय रहित सामाजिक परिवेशको सिर्जनाहेतु, मानव संस्कृति र मानव अधिकार समुदायको बलियो आधार तयार गर्न व्यापक अभियान सञ्चालन गरी जनमानसलाई परिचालित गर्ने उद्देश्यले, संयुक्त राष्ट्र संघद्वारा प्रतिपादित मानव अधिकारको विश्वव्यापि घोषणापत्र र अन्य अन्तर्राष्ट्रिय संयन्त्रद्वारा निर्दिष्ट

लक्ष्यलाई शिक्षा सचेतना आदि कार्यक्रम मार्फत अभिवृद्धि गर्दै जाने तथा हिंसालाई बढावा दिने कुनै पनि प्रवृत्ति, प्रचलन वा परम्परालाई निरुत्साहित गर्ने उद्देश्यले गैर सरकारी, गैह्र राजनीतिक लाभ निरपेक्ष्य संस्थाको रुपमा ..." (पहाडी र दाहाल, २०६५) ।

मुलुकी ऐन १२ औं संसोधनको प्रस्तावनामा भएको व्यवस्था यस प्रकार छ, "... वर्तमान राजनैतिक, आर्थिक, सामाजिक व्यवस्थाको विचारबाट आवश्यक देखिएको अरु पनि शंसोधन गरी नेपाल राज्यमा चीर कालसम्म शान्ति र व्यवस्था कायम राख्ने र विभिन्न वर्ग, जात, जाति वा क्षेत्रका जनताको सु-सम्बन्ध कायम राख्ने समेतको महान उद्देश्यले ... जनआन्दोलन भाग - २ को बलबाट पुनः स्थापित प्रतिनिधिसभाबाट 'प्रतिनिधि सभाको घोषणा २०६३ जारी भएको पहिलो वर्षमा प्रतिनिधि सभाले प्रचलित नेपाल कानूनमा महिला पुरुष बीच कायम गरेका भेदभाव जन्य व्यवस्थालाई समयानुकूल परीवर्तन गरी लैङ्गिक समानता कायम गर्न विद्यमान मुलुकी ऐनमा आवश्यक संसोधन र हेरफेर गरी लागू गरिएको हो । त्यस्तै मुलुकमा विकृतिको रुपमा रहेको अपहरण र शरीर बन्धक गरी फिरौति रकम माग गर्ने सामाजिक अपराधलाई निरुत्साहित गरी अपराधिलाई कानूनको घेरामा ल्याउन मुलुकी ऐनमा २०६४ मा बाह्रौ संसोधन गरिएको छ" (मुलुकी ऐन, २०६४) ।

### (उ) २०६२/०६३ को लोकतान्त्रिक आन्दोलन र मानव अधिकार

- मानव अधिकार सार्वभौम अधिकार हो यो कुनै वा केही नाममा उलंघन, स्थगन र अन्य कुरा हुन सक्दैन ।
- जनता सार्वभौम मानवअधिकार सम्पन्न हुन्छन् त्यसैले आफ्नो राजनीतिक स्वतन्त्रताको अधिकार प्रयाग गरी राजतन्त्रको अन्त्य र गणतन्त्रको स्थापना गर्न सफल ।
- समावेशी लोकतन्त्रको माग ।
- परिवर्तित राजनीतिक व्यवस्था र आधारभूत मानवअधिकारको तत्काल व्यवस्था गर्न नेपालको अन्तरिम संविधान २०६३ निर्माण गरी लागू भैरहेको ।
- यस आन्दोलन पछि अझ आन्दोलन वा यस आन्दोलनको शसस्त्र संघर्षका क्रममा भएका जघन्य मानव अधिकार विरुद्धका अपराध सन्दर्भमा व्यापक राष्ट्रिय तथा अन्तर्राष्ट्रिय वहस हुँदै आएको पाइन्छ ।

# परिच्छेद : तीन

# नेपालमा मानव अधिकार

## ३.१ नेपालमा मानव अधिकारको विकासक्रम

"नेपाल प्राचीन कालदेखि नै स्वतन्त्र, सार्वभौम रहि आएको भए तापनि यसको प्रथम लिखित कानून दोस्रो विश्वयुद्ध पछि नै निर्माण भएको हो" (मानव अधिकार संगालो, २०५०:२४) । नेपाल औपचारिक रुपमा कुनै पनि राज्यको औपनिवेशिक राज्यको रुपमा रहेन । शुरुमा वाइसे चौविसे राज्यमा विभाजित थियो । प्रमुखतः हिन्दू धर्मशास्त्रका आधारमा शासन गरिएको पाइन्छ । पछि पृथ्वीनारायण शाहले एकिकरण गरे उनले दिव्य उपदेशको आधारमा शासन गरे । राजा र राणा बीचमा शक्तिको लागि संघर्ष भयो । जङ्गबहादुरले राज्यशक्ति आफ्नो हातमा पार्न सफल भए वि.सं. १९०३ मा कोतपर्व पछि उनी श्री ३ बन्न सफल भए । उनको पालामा हुकुमी जहानिया शासन संचालन भयो । वि.सं. २००४ मा राणाशासन टिकाउन राणाहरुद्वारा ल्याइएको नेपाल सरकार वैधानिक कानून २००४ वास्तवमा लागू हुन सकेन ।

नेपाल पनि सन् १९५५ देखि संयुक्त राष्ट्र संघको सदस्य रहेको छ । यसका साथै नेपालले अन्तर्राष्ट्रिय श्रमसंगठन, यूनेस्को आदि जस्ता संयुक्त राष्ट्र संघीय विशिष्टिक्रित अंगहरुको पनि सदस्य रहेको छ (मानव अधिकार र नेपाल, २०४५) ।

विश्वव्यापी रुपमा संयुक्त राष्ट्र संघले सन् १९४८ मा मानव अधिकारको घोषणा गऱ्यो । नेपालले १९५५ मा संयुक्त राष्ट्र संघको सदस्यता ग्रहण लिएपछि नैतिक रुपमा मानव अधिकारका प्रावधानहरु मान्न बाध्य भयो । त्यसपछि नेपाली कानूनहरुमा पनि मानव अधिकार सम्बन्धी व्यवस्था गरिन थालेको पाइन्छ । नेपालमा मानव अधिकार सम्बन्धी भएका पहलहरु निम्नानुसार छन् :

- वि.सं. २००४ सालको नेपाल सरकार बैधानिक कानूनमा स्वतन्त्रता सम्बन्धी व्यवस्था गरिएको ।
- मानव अधिकार सम्बन्धी व्यवस्था भएको नेपाल अन्तरिम शासन विधान २००७ जारी गरिएको ।
- २०१५ मा नेपाल अधिराज्यको संविधान २०१५ जारी गरिएको ।

- २०१७ सालमा राजामहेन्द्रले ‘कु’ मार्फत निर्दलीय पञ्चायती व्यवस्थाको स्थापना पछि मानव अधिकारको चर्चा गरिनु ।
- पञ्चायतकालमा एमनेष्टि इन्टरनेशनलको प्रभावमा व्यापकता ।
- ऋषिकेश शाह, नुतन थपलिया आदिबाट एमनेष्टिको कार्यारम्भ ।
- मानव अधिकारको क्षेत्रमा क्रियाशील व्यक्ति तथा संस्थाहरु मुल रुपमा शान्तिपूर्ण आन्दोलनमा पक्राउपरेको रिहाइको लागि पत्राचार अभियानमा सम्लग्न भएको पाइन्छ ।
- २०३६ सालमा भएको जनमत संग्रहको घोषणा पश्चात् राजवन्दीको आम रिहाइ नभएपछि विशेष गरी “वामपन्थी विचारका युवाहरुबाट जनमत संग्रहमा विचारको स्वतन्त्रता कुण्ठित भएकाले मानव अधिकार हनन भएको बहस शुरु ।
- नेपालमा भएको राजनैतिक दमनलाई मानव अधिकार मुद्धाको रुपमा अगाडि बढाउने उद्देश्यले २०४० सालमा पहिलो मानव अधिकार संस्था मानव अधिकार संरक्षण मञ्च (मासम) को स्थापना भएको छ । मासमको गठन विरगञ्जमा स्व. गोपाल गोतामे अध्यक्ष एवम् स्व. प्रकाश काफ्ले महासचिब ।
- २०४६ को जनआन्दोलनमा प्रस्तुत मागहरुमा मानव अधिकारलाई प्रमुख स्थान दिलाउनमा मानव अधिकारकर्मी सफल ।
- २०४६ साल यताका राजनीतिक अभियान तथा लोकतान्त्रिक प्रक्रियाहरुमा मानव अधिकार समूहको सक्रिय संलग्नता ।
- २०४६ मा भएको बहुदलीय प्रजातन्त्रको स्थापना पश्चात् गठित अन्तरिम सरकारले उल्लेख्य मात्रामा अन्तर्राष्ट्रिय मानव अधिकार दस्तावेजको अनुमोदन तथा सन्धि ऐन २०४७ मार्फत तिनको स्थानियकरण ।
- २०४७ सालमा जारी भएको संविधानको मौलिकहकमा विश्वव्यापी मानव अधिकारको घोषणापत्रमा भएको नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी प्रावधान समावेश ।
- २०४८ मा सम्पन्न पहिलो बहुदलीय आमचुनावमा मानव अधिकार संरक्षण मञ्चको अगुवाइमा राष्ट्रव्यापी पर्यवेक्षण ।
- २०४८ सालमा राष्ट्रिय निर्वाचन पर्यवेक्षण समिति ‘नियोग’ को गठन ।

- २०४९ सालदेखि नेपालमा मानव अधिकार स्थितिको अनुगमन र प्रकाशन शुरु ।
- मानव अधिकार समुदायको दवावको फलस्वरुप २०५३ सालमा राष्ट्रिय मानव अधिकार आयोग ऐन प्रतिनिधि सभाबाट पारित भई २०५७ सालमा राष्ट्रिय मानव अधिकार आयोगको गठन ।
- नेपालमा मानव अधिकार समुदाय अत्याधिक सक्रिय र संगठित नागरिक समाजको संगठनको रुपमा स्थापित ।
- मानव अधिकार वकालत - अनुगमन - खोज शिक्षा इत्यादि र मानव अधिकारका अन्य विधामा पनि व्यापक अभियान ।
- नेपालको अन्तरिम संविधान २०६३ मा “राष्ट्रिय मानव अधिकार आयोगको” संवैधानिक व्यवस्था” (तिमिल्सिना र अन्य, २०६६:५२-५३) ।

## ३.२ नेपालमा मानव अधिकार सम्बन्धी संवैधानिक व्यवस्था

मानव अधिकारको विश्वव्यापी घोषणा संयुक्त राष्ट्र संघको महासभाद्वारा पारित भयो । संयुक्त राष्ट्र संघका सदस्यहरुका लागि यो मान्य दस्तावेजका रुपमा रहेको छ (मानव अधिकार र नेपाल, २०४५) ।

सन् १९५५ देखि नेपाल संयुक्त राष्ट्र संघको सदस्य बन्यो । यसका साथै नेपाल अन्तर्राष्ट्रिय श्रम संगठन, युनेस्को यूनिसेफ आदिको पनि सदस्य बन्यो । संयुक्त राष्ट्र संघीय पद्धति अनुरुप मानव अधिकारहरु केही हदसम्म नेपालको संविधानमा पनि उल्लेख गर्न बाध्य भयो तर ती अधिकारहरुलाई खोस्न सकिने कुरा संविधान र कानूनमा व्यवस्था गरिएको छ ।

आर्थिक सामाजिक तथा सांस्कृतिक अधिकारको अन्तर्राष्ट्रिय अनुसन्धान तथा नागरिक तथा राजनीतिक अधिकारको अन्तर्राष्ट्रिय अनुसन्धानलाई नेपालले हालसम्म अनुमोदन गरेको छैन । यसबाट संयुक्त राष्ट्र संघको वडापत्रको प्रस्ताववनामा उल्लेखित मानव अधिकार तथा मानव समुदायलाई व्यापक स्वतन्त्रता अन्तर्गत जीवन यापन गर्न सक्षम बनाउने संयुक्त राष्ट्र संघको उद्देश्यप्रति नेपाल उदासीन रहेको देखिन्छ (मानव अधिकार र नेपाल, २०४५) ।

मूलभूत वा मौलिक अधिकार पनि आधारभूत मानव अधिकार नै हुन् । कुनै पनि देशमा कति मानव अधिकारलाई मौलिक हकको रुपमा संविधानद्वारा सुरक्षित गरियो भन्ने प्रश्न ज्यादै महत्वपूर्ण हुन्छ । देशको आर्थिक सामाजिक तथा शैक्षिक विकास, चेतनाको

स्तर, मौलिक हक संरक्षण गर्ने, क्रममा राष्ट्रको परिपालना गर्न सक्ने क्षमता आदिकुरामा कति मानव अधिकारलाई संविधानले मुलभूत अधिकारको रुपमा ग्यारेन्टी गर्न पर्दछ वा गर्न सकिन्छ वा सक्तछ वा गरेको छ भन्ने कुरा निर्भर गर्दछ (ओझा, २०५०)।

संवैधानिक विकास र यसको इतिहासको अध्ययन संविधानको रचना सर्वोच्च वैधानिक रचनासँग सम्बन्धित हुन्छ । संविधान र राज्य संचालनको सर्वोच्च वैधानिक राजनैतिक दस्तावेज हो । जसले राज्यको सर्वोच्च शक्ति प्रयोग गर्ने संवैधानिक माध्यम र तरिका निश्चित र निर्देशित गरेको हुन्छ । कुनै पनि संवैधानिक उत्थान र पतन तत्काल स्थापित राजनैतिक अवस्था र त्यसप्रतिको जनधारणामा आधारित हुन्छ (हमाल र दुलाल, २०४९)।

फैसलाका सकारात्मक तथा नकरात्मक पक्ष जेभए पनि आफ्नो ठाउँमा छन् । तर मानव अधिकारको परिप्रेक्ष्यमा हेर्ने हो भने यस फैसलालाई सम्मान गर्नै पर्दछ । यसले व्यक्तिको निजी मामिला प्रकट गर्ने वा नगर्ने भन्ने व्यक्तिगत स्वतन्त्रतासँग जोडिएको गोपनियताको हकलाई स्थापित गरेको छ । नेपाली नागरिकको मौलिक हक तथा मानव अधिकार दुबैलाई यसले उचित संरक्षित गरेको छ । यसले नेपालीको व्यक्तिगत आकांक्षा, आचरण र व्यवहार सबैलाई उचित संरक्षण प्रदान गर्दै मानव सभ्यताको विकासलाई टेवा पुऱ्याउने कार्य गरेको छ (श्रेष्ठ, २०५९)।

वि.स. १९०३ को कोतपर्वको परिणाम राज्यको शक्ति हत्याउन सफल भएका जंगबहादुर राणाले फ्रेन्च पद्धतिबाट प्रभावित भई नेपोलियन संहिता जस्तो नेपालमा पनि कानून तर्जुमा गर्ने इच्छाले वि.सं. १९१० सालमा संहितावद्ध कानूनको रुपमा मुलकी ऐन जारी गरे तापनि यहि मुलुकी ऐन नेपालको पहिलो संहितावद्ध कानून भए तापनि राज्य सञ्चालनको संवैधानिक चरित्रहरुलाई त्यसमा समावेस गर्न नसकेकाले संवैधानिक कानूनको प्रारम्भ मुलुकी एनेबाट हुन सकेन (दुलाल, २०५१)।

### ३.२.१ नेपाल सरकार बैधानिक कानून २००४ र मानव अधिकार

नेपालको पहिलो लिखित संविधान “नेपाल सरकार बैधानिक कानून २००४” वि.सं. २००५ बैशाख १ गते जारी गरिएको पाइन्छ । यो बैधानिक कानूनको भाग २ मा मौलिक हकको व्यवस्था गरिएको पाइन्छ । यो कानून राणा प्रधानमन्त्री खड्ग निसानाबाट लागू गरिएको थियो (श्रेष्ठ, २०५०)।

नेपाल सरकार बैधानिक कानून २००४ मा व्यवस्था भएका मौलिक हकहरु यस प्रकार छन् -

- लोकनीति र सदाचारको सिद्धान्तहरुको बर्खिलाप नगरी र मौलिक हकहरुका विषयमा रोम नियमको विरोध नगरी व्यक्तिगत स्वतन्त्रता, वाक स्वतन्त्रता, प्रकाशन स्वतन्त्रता, सभा वा सङ्घ स्वतन्त्रता, धार्मिक स्वतन्त्रता, ऐन कानूनी पूर्ण समानता, छिटो र सुलभसाथ पाइने इन्साफ मुलुकभर अनिवार्य निःशुल्क प्रारम्भिक शिक्षा, उमेरपुगेका सवैले भोट गर्न पाउने समान हक, व्यक्तितगत सम्पत्ति संरक्षणका हकहरु दिने कुराहरु मौलिक हकको रुपमा व्यवस्था भएको थियो (श्रेष्ठ, २०५०) ।
- शारीरिक, मानसिक र आर्थिक क्षमता अनुसारको सुरक्षा र कल्याणको निमित्त शारीरिक र मानसिक परिश्रम गर्नमा तत्पर रहने, सरकारलाई दिनु पर्ने कर दिने लोक हित हुने काममा सहायता दिने श्री ५ र श्री ३ हरुमा सच्चा राजभक्तिका साथ नेपाल राज्य र नेपाल राज्य विधान पद्धतिमा इमान्दारी साथ सद्भाव राख्ने काम प्रत्येक नागरिकको हुने कुरा पनि उल्लेख गरिएको थियो (श्रेष्ठ, २०५०) ।

### ३.२.२ नेपालको अन्तरिम शासन विधान २००७ र मानव अधिकार

नेपालको अन्तरिम शासन विधान २००७ नेपालको दोस्रो लिखित संविधान हो । यो संविधान २००७ साल चैत्र, २९ गते जारी गरिएको थियो । राजेश हमाल र टंकप्रसाद दुलालको संवौधानिक कानून अनुसार यस विधानलाई ७ भाग ४ परिच्छेद र ४७ दफाहरुमा विभक्त गरिएको थियो । यस विधानको प्रश्तावनामा “प्रजाको शासन उनीहरुले नै रोजेको विधान परिषद्ले बनाएको प्रजातान्त्रिक विधान अनुसार हुनु पर्दछ भन्ने भावनाबाट अभिप्रेरित भई श्री ५ लाई सल्लाह र सहायता दिन एक मन्त्रीपरिषद् हुनुपर्ने हुँदा सोको निर्णय गरि यस अन्तरिम समयमा अन्तरिम सरकारले कुनै निश्चित नियम र सिद्धान्त बमोजिम काम गर्नु पर्ने आवश्यकता भएकोले यो विधान श्री ५ बाट मन्त्रीपरिषदको सल्लाह अनुसार जरी गरिएको उल्लेख गरिएको छ । यो अन्तरिम संविधानले उल्लेख गरेको राजनीतिक निर्देशक सिद्धान्तहरु मौलिक हकको व्यवस्थालाई नै निर्देशक सिद्धान्त अन्तर्गत व्यवस्थित गर्न पुग्यो (दाहाल, २०६३) ।

यो संविधानको धारा १३ देखि २० सम्म मौलिक हकहरुका व्यवस्था गरिएको छ । समानताको हकमा राज्यले धर्म, जात, लिङ्ग, स्थानको आधारमा भेदभाव नगर्ने, तर वालक र

स्त्रीजातिको संरक्षण गर्न सक्ने, सरकारी नोकरीमा समानता तर विपन्न र स्थान नपाएका लीग छुट्टै व्यवस्था गर्न सक्ने र कुनै धार्मिक संस्थामा सोही धर्म वा संप्रादायको कर्मचारी नियुक्त गर्न सक्ने स्वतन्त्रताको हकमा वाक तथा प्रकाशन स्वतन्त्रता, शान्ति पूवर्क हातहतियार विना भेला हुन पाउने स्वतन्त्रता, विनारोकतोक नेपालमा बासस्थान गर्न पाउने, सम्पत्ति आर्जन, भोग र बेचविखन गर्न पाउने, पेशा, रोजगार वा उद्योग गर्न पाउने व्यवस्था थियो । ऐन विपरित कार्य नगरी दोषी ठहर नगरीने र अपराध गर्दा कायम रहने कानून भन्दा वढी सजाय नदिने, एउटै अपराधमा एक पटक भन्दा बढी मुद्दा नचलाइने र दण्ड नगरीने, आफ्नो विरुद्ध साक्षी हुन कर नलाग्ने, सार्वजनिक हित शान्ति र राज्यको सुरक्षाको लागि कानूनमा व्यवस्था गरिएको बाहेक बैयक्तिक स्वतन्त्रता अपहरण नहुने मानिसको वेचविखन र जवरजस्ती काम लगाउन नपाइने १४ बर्ष मुनिका बालकलाई कारखाना वा खानीमा काम गर्न लगाउन नहुने समेतका मौलिक हक हरुको संवैधानिक प्रत्याभूति गरिएको थियो (अन्तरिम शासन विधान, २००७) ।

### ३.२.३ नेपाल अधिराज्यको संविधान, २०१५ र मानव अधिकार

नेपालको संविधान तत्कालीन राजा श्री ५ महेन्द्रबाट २०१५ साल फागुन १ गते घोषणा गरिएको थियो ।

प्रजाहरुको अधिकारको रक्षा गरी श्री ५ त्रिभुवनद्वारा संरक्षित क्रान्तिकारी नेतृत्व र मौलिक हकहरुको संरक्षण गरी संसदीय शासन प्रणाली, संवैधानिक राजतन्त्र एवं बहुदलीय प्रजातन्त्र स्थापित गरी सोही आधारमा शासन संचालन गरी राजनैतिक स्थिरता कायम राखी सामाजिक एवं आर्थिक न्याय प्रदान गरी राष्ट्रिय एकता कायम राखि परम्परादेखि निहित राजकीय सत्ता एवं विशेषाधिकारको प्रयोग गरी यो संविधान जारी गरिएको छ भन्ने कुरा उक्त संविधानको प्रस्तावनामा उल्लेख भएबाट संविधानको श्रोत श्री ५ रहेको प्रस्ट हुन्छ । यसको धारा १ मा संविधान मुल कानून भनी संवैधानिक सर्वोच्चता कायम राखिएको थियो (हमाल र दुलाल, २०४९:६०-६१) ।

यो संविधानको भाग - ३ मा मौलिक हक अधिकारको व्यवस्था गरिएको थियो । यसले प्रदान गरेको अधिकारको अन्तरिम शासन विधानबाट सापट लिइएको थियो । नेपाली नागरिकलाई बैयक्तिक स्वतन्त्रता, समानता, धर्म, सम्पत्ति, राजनीतिक, स्वतन्त्रता र संबैधानिक उपचारको समेत ६ प्रकारको अधिकार प्रदान गरिएको थियो । तर यी अधिकार

निरंकुश वा अनियन्त्रित थिएनन् । मुलुकको सुरक्षा, मित्रराष्ट्रसँगको सु-सम्बन्ध, शान्ति र व्यवस्था, विभिन्न वर्ग वा जाति वा जनताको सु-सम्बन्ध सार्वजनिक हितका प्रयोजनका लागि यिनमा रोक लगाउन सकिन्थ्यो (पोखरेल, २०६३) ।

प्रजातन्त्रको प्राप्ति पश्चात् तयार पारिएको यो संविधानले पहिलाका संविधानका तुलनामा केही थप अधिकार प्रदान गरेको पाइन्छ तर ती सबै अधिकारलाई राजाको नियन्त्रणमा नियन्त्रित भएको पनि देखिन्छ । त्यसैले यी अधिकारलाई स्वतन्त्ररुपमा प्रयोग गर्ने अवस्थामा नभएको पाइन्छ ।

यो संविधानको धारा ५५ र ५६ मा संकटकालीन अधिकारको व्यवस्था गरिएको थियो । धारा ५५ मा युद्ध वा वाहिरी आक्रमणले वा आन्तरिक गडबढीले नेपालको सम्पूर्ण वा कुनै भागमा उत्पन्न हुने गम्भीर संकटबारे उल्लेख थियो भने धारा ५६ मा संबैधानिक यन्त्र विफल भएको वेला उत्पन्न हुने संकटको व्यवस्था गरिएको थियो । दुबै अवस्थामा श्री ५ लाई संकटकालीन स्थितिको घोषणा गर्ने अधिकार थियो । संकटकालमा सर्वोच्च अदालतमा निहित अधिकारहरु बाहेक अन्य कुनै पनि संस्था वा निकायको अधिकार श्री ५ ले ग्रहण गर्न सक्ने अवस्था थियो । एक पटकमा १२ महिनाका लागि गरिएको संकटको घोषणा श्री ५ ले चाहेमा जतिपटक पनि बढाउन सक्ने व्यवस्था थियो (पोखरेल, २०६३) ।

यो संविधान १० भाग र ७७ धारामा विभाजित थियो । यसमा कार्यपालिका, व्यवस्थापिका र न्यायपालिकाको अधिकार क्षेत्र र कार्यहरु स्पष्ट रुपले किटिएको पाइन्छ । यो संविधानको भाग ३ को धारा ३ देखि ९ सम्म मौलिक हकको सम्बन्धमा व्यवस्था गरिएको देखिन्छ ती हकहरु निम्न बमोजिम छन् -

**व्यक्तिगत स्वतन्त्रता -** संविधानको भाग ३ को धारा ३ को उपधारा १ मा कुनै पनि नेपाली नागरिकको कानून बाहेक अन्य उपायबाट ज्यान मारिनेछैन वा व्यक्तिगत स्वतन्त्रताको हरण गरिने छैन । कुनै पनि व्यक्तिको वेचविखन गर्न, कमाराकमारी बनाउन पाउन र जवरजस्ती काम लगाउन निषेध गरिएको छ तर सार्वजनिक हितको लागि अनिवार्य सेवा सरकारले लागू गर्न सक्नेछ (धारा, ३ को उपधारा २) । तत्काल प्रचलित कानूनले सजाय नहुने कुनै पनि काम गरे वापत कुनै व्यक्ति सजायको भागी हुनेछैन र कुनै पनि व्यक्तिलाई कसुर गर्दाको अवस्थामा प्रचलित कानूनमा तोकिएको भन्दा बढी सजाय दिइने छैन (धारा ३ उपधारा ३) । कुनै पनि व्यक्ति उपर अदालतमा उही कसुरमा एक पटक भन्दा बढी मुद्दा

चलाउने र साजय दिइने छैन (धारा ३ को उपधारा ४) । कुनै व्यक्तिले कसुरमा अभियोग लागेको व्यक्तिले स्वैच्छाले बयान दिएमा वाहेक निजलाई आफ्नो विरुद्धमा वयान दिन कर लगाइने छैन (धारा ३ को उपधारा ५) । कुनै गिरफ्तार भएको व्यक्तिलाई गिरफ्तार भएको कारण सहितको सूचना, यथाशक्य चाँडो नदिई थुनामा राखिने छैन र त्यस्ता व्यक्तिलाई आफूले रोजेको कानूनी व्यवसायी सँग सल्लाह लिने र निजद्वारा पुर्पक्ष गर्ने अधिकारबाट वञ्चित गरिने छैन (धारा ३ को उपधारा ६) । गिरफ्तार भएको ठाँउबाट बाटोको म्याद वाहेक चौवीस घण्टा भित्र मुद्दा हेर्ने अधिकारीका समक्ष उपस्थित गराउनुपर्छ र कुनै पनि व्यक्तिलाई त्यस्ता अधिकारको आदेशले वाहेक सो अवधिभन्दा बढी थुनामा राख्नु हुँदैन (धारा ३ को उपधारा ७) । तर उपरोक्त कुराहरु शत्रुदेशका नागरिक र सुरक्षा कानून अन्तर्गत परेका व्यक्तिहरुका सम्वन्धमा लागू हुदैनन् (धारा ३ को उपधारा ८) सुरक्षा कानूनमा ३ महिना भन्दा वढी समयसम्म थुनामा राख्नुपर्ने आवश्यकता पर्न गएमा एउटा सल्लाहकार समिति रहनेछ जसले निर्णय दिने छ । यस्तो सल्लाहकार समितिमा सर्वोच्च अदालतको लागि न्यायाधिश बन्न सक्ने योग्यता भएको व्यक्तिहरु रहनेछन् तर सार्वजनिक हितका विरुद्ध भएका थुनाको आदेश दिने अधिकारीले थुनाको कारण नदिन पनि सक्छ (धारा, ३ को उपधारा, ९, १०, ११) ।

**समानताको हक -** संविधानको धारा ४ मा नागरिकहरुलाई समानताको हक प्रदान गरेको छ । सबै नागरिक कानूनको समान संरक्षण हकदार हुनेछन् (धारा ४ को उपधारा १) । सामान्य कानूनको प्रयोगमा कुनै पनि नागरिक माथि धर्म, वर्ण, लिङग, जाति वा ती मध्ये कुनै कुराको आधारमा भेदभाव गरिने छैन (उपधारा २) । सरकारी सेवामा नियूक्तिको लागि कुनै पनि नागरिकसँग केवल धर्म, वर्ण, लिङ्ग, जात, जाति वा ति मध्ये कुनै कुराको अधारमा भेदभाव गरिनेछैन (उपधारा ३) नेपाल अधिराज्यका विभिन्न क्षेत्रमा निवास गर्ने नागरिकका बीच वा राज्यका जाति जातका बीच घृणा र शत्रुता फैलाउन पाइने छैन (उपधारा ४) ।

**धार्मिक स्वतन्त्रताको हक -** संविधानको धारा ५ मा नेपाली नागरिकका लागि धार्मिक स्वतन्त्रता प्रदान गरिएको छ । प्रत्येक व्यक्तिले आफ्नो परम्पराको मर्यादा राखी सनातन देखि चलिआएको आफ्नो धर्मको अवलम्वन र आफ्नो इच्छाको धार्मिक कार्य गर्न पाउने छ तर कसैले कसैको धर्म परीवर्तन गराउन पाउने छैन ।

**सम्पत्तिको हक -** कानून वमोजिम बाहेक कुनै पनि व्यक्तिको सम्पत्ति अपहरण हुने छैन । धारा ६ को उपधारा १) प्रत्येक नागरिकलाई सम्पत्ति आर्जन गर्ने वा वेचविखन गर्ने अधिकार छ (उपधारा २) ।

**राजनैतिक हक -** नेपाल अधिराज्यको संविधानको धारा ७ मा नेपाली नागरिकलाई राजनैतिक हकहरु प्रदान गरेको  पाइन्छ । ती राजनैतिक हकहरु निम्न बमोजिम छन् -

- वाक र अभिव्यक्तिको हक ।
- विना अस्त्र शस्त्र भेला हुन पाउने हक ।
- संघसंस्था खोल्न पाउने हक ।
- नेपालको कुनै पनि भागमा घुम्न पाउने वा बसोबास गर्न सक्ने हक आदि ।

**सार्वजनिक हितको लागि मौलिक हकहरुमा बन्देज -** "संविधानको धारा ८ मा नागरिकहरुका मौलिक हक माथि वन्देज लगाउन सक्ने अवस्थाको वर्णन गरिएको छ । सार्वजनिक हित वा देश हितलाई ध्यानमा राखी सरकारले मौलिक हकहरु माथि बन्देज लगाउन सक्दछ" (काफ्ले, २०३८) । त्यस्ता सर्वजनिक हित निम्न लिखित छन् :

- देशको शान्ति सुरक्ष कायम राख्न ।
- नेपाल र अन्य देशसँग समुधुर सम्बन्ध कायम गर्न ।
- देशमा विभिन्न जात जातिबीच सुमधुर सम्बन्ध कायम राख्न ।
- संविधान अनुसार शासन सञ्चालन गर्न ।
- संसद वा न्यायपालिकोको अपहेलनाबाट जोगाउन आदि ।

तर सैनिक र पूलिस सेवामा मौलिक हकहरु लाग्ने छैनन् (काफ्ले, २०३८) ।

**संवैधानिक उपचारको हक -** नेपाल अधिराज्यको संविधान २०१५ ले नागरिकलाई संवैधानिक उपचारको हक पनि प्रदान गरेको पाइन्छ । कुनै व्यक्ति वा संस्थामा सरकारले मौलिक हकको अतिक्रमण गरेमा संविधानको धारा ९ अनुसार नागरिकलाई सर्वोच्च अदालतमा रिट दायर गर्न सक्ने अधिकार प्रदान गरेको थियो । सर्वोच्च अदालतले पनि मौलिक हकहरुको अतिक्रमण भएको हो, होइन छुट्याएर अतिक्रमण भएको भए

वन्दीप्रत्यक्षीकरण, उत्प्रेषण, परमादेश, निषेध अधिकार पृच्छा आदि जारी गरी नागरिकको मौलिक हक संरक्षण प्रदान गर्न सक्थ्यो । खास गरी सरकारले विरोधीहरुलाई अनाहक थुनछेक गर्ने व्यवस्थालाई न्यायालयले हाँक दिन सक्थ्यो सरकारको त्यस्तो कारवाहिलाई गैह्रकानूनी नागरिकहरुको मौलिक हकको संरक्षण गर्दथ्यो । मौलिक हकहरुको उल्लेख गरेरमात्र संविधान प्रजातान्त्रिक हुदैन तर उत्ति मौलिक हकहरुको संरक्षण हुदा नेपाल अधिराज्यको संविधानमा यसको व्यवस्था गरिएको थियो (काफ्ले, २०३८) ।

### ३.२.४ नेपालको संविधान २०१९ र मानव अधिकार

२०१९ साल पौष १ गते तत्कालीन श्री ५ महेन्द्रबाट नेपालको संविधान २०१९ जारी गरिबक्सेको थियो । २० भाग ९७ धारा र ६ अनुसूचीहरुमा विभक्त यस संविधानको प्रस्तावनामा लोक सम्मती अनुकुल शासन सञ्चालन गर्न जनमतको कृयाशील ता सहयोग पाउने विकेन्द्रिकरणको सिद्धान्तलाई अंगाल्ने दल विहिन पञ्चायत प्रणलीबाट मात्र सम्भव हुने तथा प्रजाको सुख तथा सवृद्धि राजाको एक मात्र लक्ष्य भएको उल्लेख गर्दै श्री ५ मा निहित राजकिय सत्ता र विशेषाधिकार प्रयोग गरि राजाबाट उक्त संविधान जारी गरिएको कुरा उल्लेख गरिएको थियो (हमाल र दुलाल, २०४९) ।

यो संविधानको भाग ३ मा मौलिक कर्तव्य र हकको व्यवस्था गरिएको छ । नागरिकको मौलिक कर्तव्य र हकको व्यवस्था गर्नु यो संविधानको एक विशेषता हो (पोखरेल, २०६३) ।

नेपालको संविधान २०१९ मा व्यवस्था गरिएका मौलिक कर्तव्य र हक निम्न बमोजिम छन् :

**नागरिकको मूल कर्तव्य (धारा ९) -** देहाय बमोजिम गर्नु नागरिकको मूल कर्तव्य हो ।

क) नेपाल अधिराज्य प्रति आस्था र वफदारी राख्नु ।

ख) कानूनको मर्यादा राखी आफ्नो हकको प्रयोग अरुको हकको हनन नहुने गरी गर्नु,

ग) संविधान बमोजिमको व्यवस्था पालना गर्नु र

घ) नेपालको सार्वभौमसत्ता, अखण्डता र एकतामा खलल पर्ने गरि जात, जाति, क्षेत्र, सम्प्रदाय, वर्ग, धर्म वा त्यस्तै प्रकारका अन्य आधारमा घृणा, द्वेष,

अवहेलना हिंसात्मक कार्य वा सार्वजनिक व्यक्तिगत सम्पत्तिको हानि नोक्सानी हुने कार्य नगरी समाजमा समन्जस्य कायम गर्नु ।

**समानताको हक (धारा -१०)**

क) सबै नागरिक कानूनको समान संरक्षणका हकदार हुने छन् ।

ख) सामान्य कानूनको प्रयोगमा कुनै पनि नागरिक माथि धर्म वर्ण, लिंग, जात, जाति वा तिमध्ये कुनै कुराको आधारमा भेदभाव गरिने छैन ।

ग) सरकारी सेवा वा अरु कुनै सार्वजनिक सेवाको नियूक्तिमा कुनै पनि नागरिकमाथि केवल धर्म, वर्ण, लिङ्ग, जातजाती वा ती मध्ये कुनै कुराको आधारमा भेदभाव नहुने ।

**स्वतन्त्रताको हक (धारा -११)**

क) कानून बमोजिम बाहेक कुनै पनि व्यक्तिको ज्यान वा वैयक्तिक स्वतन्त्रताको अपहरण हुनेछैन ।

ख) नागरिकलाई यो भागमा लेखिएका अन्य कुराहरुका अधिनमा रही निम्नलिखित स्वतन्त्रताको हक प्राप्त हुनेछ :-

क) वाक र प्रकाशन स्वतन्त्रता,

ख) शान्तिपूर्वक र विना हातहतियार भेलाहुने स्वतन्त्रता,

ग) संघ र संस्था खोल्ने स्वतन्त्रता,

घ) नेपालको कुनै भागमा आवतजावत र बसोबास गर्ने स्वतन्त्रता र

ङ) सम्पत्ति आर्जन गर्ने, भोग गर्ने, बेचविखन गरि वा अन्य किसिमले उठाउन पाउने स्वतन्त्रता ।

धारा २ मा जुनसुकै कुरा लेखिएको भए तापनि राजनैतिक दल वा दलगत राजनैतिक उद्देश्यले प्रेरित भएको संगठन, संघ र संस्था खोल्न, खोलाउन वा चलाउन पाइने छैन ।

❖ तत्काल प्रचलित कानूनले सजाय नहुने कुनै काम गरेको वापतमा कुनै व्यक्ति सजाय भागी हुने छैन र कुनै पनि व्यक्तिलाई कसुर गर्दाको अवस्थामा प्रचलित कानूनमा तोकिए भन्दा बढी सजाय दिइने छैन ।

❖ कुनै पनि व्यक्ति उपर अदालतमा त्यसै कसुरमा एक पटक भन्दा बढी मुद्दा चलाइने र सजाय गरिने छैन ।

- ❖ कुनै कसुरको अभियोग लागेको व्यक्तिले स्वैच्छाले वयान दिएमा वाहेक निजलाई आफ्नो विरुद्धमा वयान दिन कर लगाइने छैन ।
- ❖ कुनै गिरफ्तार भएको व्यक्तिलाई गिरफ्तार भएको कारण सहितको सूचना, यथासक्य चाडो, नदिइ थुनामा राखिने छैन र त्यस्ता व्यक्तिलाई आँफूले रोजेको कानूनी व्यवसायीसँग सल्लाह लिने र निजद्वारा पुर्पक्ष गर्ने अधिकारबाट बञ्चित गरिने छैन । स्पष्टिकरण - यस उपधाराको प्रयोजनको निमित्त कानून व्यवसायी भन्नाले कुनै अदालतमा कुनै व्यक्तिको प्रतिनिधित्व गर्न तत्काल प्रचलित कानूनले अधिकार दिएको जुनसुकै व्यक्तिलाई समेत जनाउछ ।
- ❖ गिरफ्तार गरिएको र थुनामा राखिएको प्रत्येक व्यक्तिलाई गिरफ्तार भएको ठाउँबाट बाटाको म्यादबाहेक चौविस घण्टा भित्र मुद्धा हेर्ने अधिकारीका समक्ष उपस्थित गराउनु पर्दछ र कुनै पनि व्यक्तिलाई त्यस्ता अधिकारीको आदेशले वाहेक सो अवधि भन्दा बढी थुनामा राख्न हुँदैन ।
- ❖ उपधारा ६ र ७ मा लेखिएका कुरा देहायका व्यक्तिलाई लागू हुने छैन (उपधारा ८)
  - क) शत्रु राज्यको नागरिक, वा
  - ख) निवारक नजरवन्द राख्ने व्यवस्था गर्ने कुनै कानून अन्तर्गत गिरफ्तार भएको वा नजरवन्द रहेको व्यक्ति ।

**देश निकाला विरुद्धको हक (धारा १२) :-** कुनै पनि नागरिकलाई देश निकाला गरिने छैन ।

**शोषण विरुद्धको हक :-** मानिसको वेचविखन, दासत्व र मानिसलाई कुनै किसिमको जवरजस्ती काम गराउन निषेध गरिएको छ । तर सार्वजनिक प्रयोजनको लागि कानूनद्वारा अनिवार्य सेवाको व्यवस्था गर्न वाधा पार्ने छैन (धारा १३) ।

**धर्म सम्बन्धी हक (धारा १४) :-** प्रत्येक व्यक्तिले परम्पराको मर्यादा राखि सनातनदेखि चलिआएको आफ्नो धर्मको अवलम्बन र आफ्नो धार्मिक कृत्य गर्न पाउने छ तर कसैले कसैको धर्म परीवर्तन गराउन पाउने छैन ।

**सम्पत्तिको हक :-** कानून बमोजिम बाहेक कुनै पनि व्यक्तिको सम्पत्ति अपहरण हुने छैन (धारा १५) ।

**संवैधानिक उपचारको हक :-** यस भागद्वारा प्रदत्त हकको प्रचलनका लागि धारा ७१ मा लेखिएको तरीका अनुसार कारबाहि चलाउन पाउने हक सुरक्षित गरिएको छ (धारा १६) ।

**सार्वजनिक हितको निमित्त मौलिक हकको प्रयोगमा बन्देज (धारा १७) :-** यस भागमा लेखिएका हकहरुको प्रयोगलाई सार्वजनिक हितको निमित्त व्यवस्थित वा नियन्त्रित गर्नका लागि कानून बनाउन सकिने छ ।

देहायको कुनै वा सबै उद्देश्यले बनेको भनी कुनै ऐनको प्रस्तावनामा लेखिएको छ भने त्यस्तो ऐन वा त्यस अन्तर्गतको कानून सरहको नियम, आदेश वा उपनियम सार्वजनिक हितको निमित्त बनेको कानून मानिने छ ।

क) नेपालको सुरक्षा कायम राख्न,

ख) शान्ति र व्यवस्था कायम राख्न,

ग) विदेशी राज्यसँग मित्रताको सम्बन्ध कायम राख्न,

घ) विभिन्न वर्ग, पेशा वा क्षेत्रका जनताका बीच सुसम्बन्ध कायम राख्न,

ङ) सर्वसाधारण जनताको सदाचार, स्वास्थ्य, सुविधा, आर्थिक हित, शिष्टाचार वा नैतिकता कायम राख्न,

च) वालक वा स्वास्नी मानिसको हितको संरक्षण गर्न,

छ) आन्तरिक अशान्ति वा वाह्य आक्रमण रोक्न,

ज) अदालत वा राष्ट्रिय पञ्चायतको अवहेलना हुन नदिनबाट रोक्न,

झ) यो संविधान वा तत्काल प्रचलित अन्य कानूनको व्यवस्था उल्टाउने कुचेष्टा वा अरु कुनै त्यस्तो कुचेष्टा रोक्न,

ञ) मौलिक कर्तव्य पालना गराउन ।

❖ व्यापक राष्ट्रिय दृष्टिकोणबाट विभिन्न वर्ग र व्यवसायको हितमा सामन्जस्यता ल्याई एउटा प्रजातान्त्रिक, न्यायपूर्ण, गतिशिल र शोषण रहित समाजको सृजना गरी जनकल्याणको अभिवृद्धि गर्नु पञ्चायत प्रणालीको उद्देश्य हुनेछ ।

❖ साधारण जनतालाई जागरुक र चेतनशिल बनाई क्रमिक विकेन्द्रिकरणद्वारा प्रत्येक तहको शासनमा जनप्रतिनिधिहरुलाई अधिकाधिक मात्रामा सम्मिलित गराइ देशको प्रतिभा र साधनलाई सकभर बढी मात्रामा स्वइच्छाले अनुरुपको समाजको सृजना गर्ने काममा परिचालन गर्नु पञ्चायत प्रणालीको राजनैतिक लक्ष्य हुनेछ ।

❖ उक्त समाजको सृजना गर्ने काममा साधारण जनतालाई क्रियाशिल तुल्याउने मार्गमा रहेका बाधाहरु हटाइ सामान्जस्यपूर्ण नैतिकतामा आधारित सामाजिक जीवनको स्थापना गर्नु तथा परापूर्वकालदेखि नेपालको समृद्धि तथा वैभव र राष्ट्रिय

चरित्रको रुपमा नेपाली नागरिकले अवलम्बन गरी आएको नेपालको सांस्कृतिक र परम्परागत मान्यताप्रति रहीआएको पारस्परिक सुमधुर सहिष्णुतालाई कदर गर्दै राष्ट्रिय एकता कायम गर्नु पञ्चायत प्रणालीको सामाजिक लक्ष्य हुनेछ ।

❖ संयुक्त राष्ट्र संघको मुलभूत मान्यता तथा असंलग्नताको सिद्धान्तलाई अवलम्बन गरी नेपाललाई शान्ति क्षेत्र बनाउने प्रयास गर्नु पञ्चायत प्रणालीको परराष्ट्र नीतिको लक्ष्य हुनेछ ।

### ३.२.५ नेपाल अधिराज्यको संविधान २०४७ र मानव अधिकार

नेपालको संवैधानिक कानूनको इतिहासमा देखा परेको प्रायः सबै दस्तावेजहरुमा कुनै न कुनै रुपमा मौलिकहकको विषयमा व्यवस्था गरिएको पाइन्छ तर नेपाल अधिराज्यको संविधान २०४७ को भाग ३ मा गरिएको मौलिक हक सम्बन्धी व्यवस्थालाई अन्य संविधानको तुलनामा बढी व्यापक मात्रामा नभएर सर्वोत्कृष्ठ मान्न सकिन्छ (थापा र पौडेल, २०५९:९) ।

नेपाल अधिराज्यको संविधान २०४७ को भाग ३ मा मौलिक हकको व्यवस्था गरिएको छ ।

क) **समानताको हक** (**धारा ११**)

❖ सबै नागरिक कानूनको दृष्टिमा समान हुनेछन् । कसैलाई पनि कानूनको समान संरक्षणबाट वञ्चित गरिने छैन ।

❖ सामान्य कानूनको प्रयोगमा कुनै पनि नागरिक माथि धर्म, वर्ण, लिङ्ग, जात, जाति वा वैचारिक आस्था वा ती मध्ये कुनै कुराको आधारमा भेदभाव गरिने छैन ।

❖ राज्यले नागरिकका बीच धर्म, वर्ण, लिङग, जात जाति वा वैचारिक आस्था वा ती मध्ये कुनै कुराको आधारमा भेदभाव गर्ने छैन ।

तर महिला, वालक, बृद्ध वा शारीरिक वा मानसिक रुपले अशक्त व्यक्ति वा आर्थिक, सामाजिक वा शैक्षिक दृष्टिले पिछडिएको वर्गको संरक्षण वा विकासको लागि कानूनद्वारा विशेष व्यवस्था गर्न सक्ने छ भन्ने व्यवस्था उपधारा ३ ले गरेको देखिन्छ ।

- ❖ कुनै पनि व्यक्तिलाई जातिपातिका आधारमा छुवाछुतको भेदभाव गरिने वा सार्वजनिक स्थलमा उपस्थित हुन वा सार्वजनिक उपयोगका कुराहरुको प्रयोग गर्नबाट वञ्चित गरिने छैन यस्तो कार्य कानून वमोजिम दण्डनीय हुनेछ ।
- ❖ समान कामका लागि महिला र पुरुषका बीच पारिश्रमिकमा भेदभाव गरिने छैन ।

**ख) स्वतन्त्रताको हक (धारा १२)**

कानून बमोजिम बाहेक कुनै पनि व्यक्तिको वैयक्तिक स्वतन्त्रताको अपहरण हुने छैन र मृत्यु दण्डको सजाय हुने गरी कुनै कानून बनाइने छैन । सबै नागरिकलाई देहायको स्वतन्त्रता हुनेछ :

क) विचार र अभिव्यक्तिको स्वतन्त्रता,

ख) विनाहातहतियार शान्तिपूर्वक भेला हुने स्वतन्त्रता,

ग) संघ र संस्थाखोल्ने स्वतन्त्रता,

घ) अधिराज्यभरि आवतजावत र बसोबास गर्ने स्वतन्त्रता र

ङ) कुनै पेशा, रोजगार, उद्योग र व्यापार गर्ने स्वतन्त्रता

तर नेपाल अधिराज्यको सार्वभौमसत्ता, अखण्डता वा विभिन्न जात, जाति वा सम्प्रदायका बीचको सुसम्बन्धमा खललपार्ने वा राजद्रोह, गाली वेइज्जती वा अदालतको अवहेलना हुने वा अपराध गर्न दुरुत्साहन दिने वा सार्वजनिक शिष्टाचार वा नैतिकताको प्रतिकुल हुने कार्यमा मुनासिब प्रतिबन्ध लगाउने गरी कानून बनाउन रोक लगाएको मानिने छैन । नेपाल अधिराज्यको सार्वभौम सत्ता, अखण्डता वा सार्वजनिक शान्ति र व्यवस्थामा खलल पार्ने कार्यमा मुनासिव प्रतिबन्ध लगाउने गरी कानून बनाउन रोक लगाएको मानिने छैन । नेपाल अधिराज्यको सार्वभौमसत्ता अखण्डता वा विभिन्न जात, जाति वा सम्प्रदायका बीचको सुसम्बन्धमा खलल गर्ने वा हिंसात्मक कार्य गर्न दुरुत्साहित गर्ने वा सार्वजनिक नैतिकताको प्रतिकुल हुने कार्यमा मुनासिब प्रतिबन्ध लगाउने गरी कानून बनाउन रोक लगाएको मानिने छैन । उक्त कुराले सर्वसाधारण जनताको हित वा विभिन्न जात, जाति वा सम्प्रदायका बीचको सुसम्बन्धमा खलल पर्ने वा हिंसात्मक कार्य गर्न दुरुत्साहित गर्ने वा सार्वजनिक नैतिकताको प्रतिकुल हुने कार्यमा मुनासिव प्रतिबन्ध लगाउने गरी कानून बनाउन रोक लगाएको मानिने छैन ।

कुनै कुराले सर्वसाधारण जनताको सार्वजनिक स्वास्थ्य वा नैतिकताको प्रतिकुल हुने कार्यमा रोक लगाउने वा कुनै खास उद्योग, व्यापार वा सेवा राज्यले मात्र सञ्चालन गर्ने वा कुनै उद्योग, व्यापार, पेशा वा रोजगार गर्नका लागि कुनै सर्त वा योग्यता तोक्ने गरी कानून बनाउन रोक लगाएको मानिने छैन भन्ने व्यवस्था धारा १२ को उपधाराले गरेको छ ।

**ग) छापाखाना पत्रपत्रिका सम्बन्धी हक** (धारा १३)

कुनै समाचार लेख रचना वा अन्य कुनै पाठ्य सामग्री प्रकाशित गर्न पूर्व प्रतिवन्ध लगाइने छैन । तर नेपाल अधिराज्यको सार्वभौमसत्ता वा अखण्डता वा विभिन्न जात, जाति वा सम्प्रदायका बीचको सुसम्बन्धमा खलल पर्ने वा राजद्रोह, गालिवेइज्जत वा अदालतको अवहेलना हुने वा अपराध गर्न दरुत्साहन दिने वा सार्वजनिक सिष्टाचार वा नैतिकताको प्रतिकुल हुने कार्यमा मुनासिव प्रतिवन्ध लगाउने गरी कानून बनाउन रोक लगाएको मानिने छैन ।

कुनै समाचार लेख वा अन्य कुनै पाठ्य सामग्री मुद्रण गरेवापत् छापाखाना वन्द वा जफत गरिने छैन ।

कुनै समाचार लेख वा अन्य कुनै पाठ्य सामग्री प्रकाशित गरेवापत कुनै समाचार पत्र वा कुनै पत्रिकाको दर्ता खारेज गरिने छैन ।

**घ) फौजदारी न्यायसम्बन्धी हक** (धारा १४)

तत्कालीन प्रचलित कानूनले सजाय नहुने कुनै काम गरे वापत कुनै व्यक्ति सजायको भागी हुने छैन र कुनै पनि व्यक्तिलाई कसुर गर्दाको अवस्थामा प्रचलित कानूनमा तोकिए भन्दा बढी सजाय दिइने छैन । कुनै पनि व्यक्ति उपर अदालतमा त्यसै कसुरमा एक पटक भन्दा बढी सजाय दिइने छैन । कुनै कसुरको अभियोग लागेको व्यक्तिलाई आफ्नो विरुद्ध साक्षी हुन कर लगाइने छैन ।

अनुसन्धान, तहकिकात वा पूपर्क्षको सिलसिलामा वा अरु कुनै किसिमले थुनामा रहेको कुनै पनि व्यक्तिलाई शारीरिक वा मानसिक यातना दिइने वा निजसँग निर्मम अमानवीय वा अपमानजनक व्यवहार गरिने छैन । त्यस्तो व्यवहार गरिएको व्यक्तिलाई कानूनले निर्धारित गरे बमोजिम क्षतिपूर्ति दिइने छ । पक्राउ परेको व्यक्तिलाई पक्राउ भएको कारण सहितको सूचना यथाशक्य चाडो नदिइ थुनामा राखिने छैन र त्यस्तो अभिव्यक्तिलाई

आफूले रोजेको कानून व्यवसायीसँग सल्लाह लिने र निजद्वारा पूपर्क्ष गर्ने हकबाट बञ्चित गरिने छैन । पक्राउ गरिएको र थुनामा राखिएको प्रत्येक व्यक्तिलाई पक्राउ भएको ठाउँबाट बाटाको म्याद वाहेक चौबीस घण्टा भित्र मुद्धा हेर्ने अधिकारीका समक्ष उपस्थित गराउनु पर्छ र कुनै पनि व्यक्तिलाई त्यस्तो अधिकारीको आदेशले वाहेक सो अवधिभन्दा बढी थुनामा राखिने छैन । उपधारा ५ र ६ मा लेखिएका कुराहरु शस्त्रु राज्यको नागरिकको हकमा र उपधारा (६) मा लेखिएको कुराहरु निवारक नजरवन्द राख्ने व्यवस्था गर्ने कुनै कानून अन्तर्गत पक्राउ भएको वा नजर वन्द रहेको व्यक्तिको हकमा लागु हुने छैन ।

## ३.३ नेपालको मानव अधिकार संरक्षणमा भएका व्यवस्थाहरु

नेपालको संवैधानिक विकासको सिंहावलोकन गर्दा प्राचिनयुगमा (गोपाल, महिसपाल र किराँतहरुले आ-आफ्नै बैदेशिक मान्यता अनुसार देशको शासन गरेको देखिन्छ (दाहाल, २०६३:११) । नेपालको प्राचिन मध्यकाल शाहकाल र राणाकाल निश्चित विधानको आधारमा शासन सञ्चालन गरेको पाइदैन । कृष्ण पोखरेलको नेपाल तथा भारतको सरकार र राजनीति पुस्तकको नेपालमा संवैधानिक विकास शीर्षकमा (पेज नं. ४३) ... त्यती वेला राज्य सञ्चालनका प्रमुख दुई वटा आधारहरु थिए । (क) हिन्दू धर्मशास्त्रमा वर्णन गरिएका शाषकहरुका कर्तव्य र (ख) राज्य राज्यले बाहुनबाट आर्जेको हुनाले त्यसमा राजाको सर्वाधिकार र सम्प्रभुता रहन्छ भन्ने परम्परगत संस्कार भन्ने उल्लेख गरिएको पाइन्छ । नेपालको पहिलो लिखित कानूनको रुपमा मुलुकी ऐन जारी गरिएको पाइन्छ । यसमा नागरिकालाई केही अधिकार दिन खोजियो तै पनि यो पूर्णरुपमा लागू भएको पाइदैन । ... त्यती खेर जंगबहादुरले १९१० मा वेलायतबाट फर्केपछि मुलुकी ऐन जारी गरी वन्दुक र विधि दुवैको शासन चलाउन खोजियो, आखिर बन्दुक उपर विधिको जित भयो । सन् १९४८ अर्थात २००४ वि.स. मा नेपाल सरकार वैधानिक कानून ल्याउने प्रयत्न गरियो तर यो आफैमा लागू हुन सकेन (ज्ञवाली, २०६८:१३) । यो संविधान अनुसार वास्तविक शक्ति प्रधानमन्त्रीले संविधान माफ गर्ने संवैधानिक व्यवस्था गरियो, व्यावस्थापकीय अधिकार ग्राम पञ्चायत नगर पंचायत र राज्यको संसदबाट मात्र प्रयोग हुने व्यवस्था गरिएको पाइन्छ । कुनै अपराधको दोषी ठहरिएको कुनै व्यक्तिलाई दण्डसजाय माफी गर्ने, निलम्वन गर्ने, घटाउने वा वदल्ने वा मुलतवी राख्ने अख्तीयार राजामा हुने ... (दाहाल, २०६३:१९) ।

मानिसका मौलिक मानव अधिकारहरु वा प्राकृतिक अधिकारहरु अहरणीय हुन्छन् । त्यसैले तिनीहरुको सम्मान गर्नु, संरक्षण गर्नु र उल्लघन भएमा उचित उपचार व्यवस्था दिलाउनु राज्यको प्रमुख कर्तव्य हो । प्रजातान्त्रिक राज्यमा नागरिक अधिकारहरुको प्रत्यभूति गरिएको हुन्छ (मल्ल, २०४८:२४८) ।

नेपालको राजनीतिक परीवर्तन पछि २००७ सालमा प्रजातन्त्रको स्थापना भयो । प्रजातन्त्रको स्थापना पश्चात् नेपाल अन्तरिम शासन विधान २००७ जारी गरियो । "यो संविधानले राज्यले सकेसम्म प्रभावपूर्ण रुपले राष्ट्रिय जीवनका संस्थाहरुमा सामाजिक, आर्थिक र राजनीतिक न्यायपूर्ण भएको सामाजिक व्यवस्था स्थापना र सुरक्षा गरी जनताको कल्याण बढाउने कोशिस गर्नेछ भन्ने राज्यको नीति लिन पुग्यो (दाहाल, २०६३) ।
यस संविधानमा निम्न लिखित व्यवस्थाहरु भएको पाइन्छ :

क) नेपालमा लागू भएको पहिलो संविधान (२) कामचलाउ संविधान (३) राज्यको नीति निर्देशक सिद्धान्तको व्यवस्था (४) कार्यपालीकाको प्रावधान (५) व्यवस्थापिकाको रुपमा सल्लाहकार सभा (६) प्रधान न्यायलयको व्यस्था (७) निर्वाचन आयोगको व्यवस्था (८) लोकसेवा आयोगको व्यवस्था ।

यी माथिका संवैधानिक व्यवस्थाको माध्यमबाट मानव अधिकारको संरक्षण गर्ने व्यवस्था गरिएको पाइन्छ ।

"नेपालको अन्तरिम संविधान २००७ को धारा ४ र ५ ले समाजवादी समाजको सिर्जना गर्ने लक्ष्य राखेको देखिन्छ । एउटा न्यायप्रेमी, आर्थिक र राजनैतिक समानतामा आधारित समाजको निर्माणको लागि सरकार प्रयत्नशील हुनेछ" (काफ्ले, २०३८) । नेपाली पुरुष र स्त्री दुवैले आजिविका पाउन सकुन, देशको स्रोत नेपाली हितमा उपभोग गर्न सकियोस, आर्थिक व्यवस्थाको पहिचान यस प्रकारले गर्ने जसले गर्दा सम्पत्ती एक ठाँउमा नथुपरी सबैको लागि होस्, पुरुष र स्त्री दुवैले समान कामको वेतन पाउन सकुन, केटाकेटी, पुरुष र महिला सबैको स्वास्थ्य र शक्ति आर्थिक आवश्यकताले गर्दा नष्ट हुन नपाओस् र केटाकेटी र युवक नैतिक तथा शारीरिक शोषणबाट बच्न सकुन (नेपालको अन्तरिम संविधान, २००७) ।

अन्तरिम संविधानको धारा १३ मा अन्तर्राष्ट्रिय सम्बन्धमा नेपालले अँगाल्ने नीतिको व्यवस्था गरिएको छ । (अ) अन्तर्राष्ट्रिय शान्ति र सुरक्षाको अभिवृद्धिको लागि सरकार प्रयत्नशिल रहने छ । (आ) राष्ट्रहरु बीच उचित र आदरयुक्त सम्बन्ध राख्नको लागि

सरकारले प्रयत्न गर्ने छ । (इ) अन्तर्राष्ट्रिय कानून र शर्तहरुलाई आदर गर्दै सरकारले अन्य सरकार सँग सुमधुर सम्बन्ध कायम राख्नेछ । (ई) अन्तर्राष्ट्रिय विवादहरु पञ्च फैसलाबाट गराउन सरकारले प्रोत्साहित गर्नेछ । नेपालको अन्तर्राष्ट्रिय सम्वन्धका विषयमा अन्तरिम शासन विधानमा जुन सिद्धान्तहरु उल्लेख गरिए ती आजसम्म जिवीत छन् र यी सिद्धान्तकै आधारमा नेपालको आजसम्म आफ्नो बैदेशिक नीतिको परिचालन गरेको छ । "मानव अधिकारको संरक्षणमा अन्तर्राष्ट्रिय कानूनले विशेष योगदान दिइआएको छ र राष्ट्रिय ऐन कानूनहरुले पनि मानव अधिकार सम्बन्धी कानूनहरुको विकासमा सहयोग नपुऱ्याएको होइन तापनि मानव अधिकारहरु मौलिक र मौलिक स्वतन्त्रताको संरक्षणको व्यवस्था प्रत्येक राष्ट्रको आन्तरिक कानून (संविधान, ऐन इत्यादि) तथा व्यवहारिक कार्यपालिका र न्यायपालिकामा नभएसम्म मानव अधिकारहरुको अन्तर्राष्ट्रिय संरक्षणको सम्बन्धमा गरिएका प्रयासहरु सफल हुनमा धेरै बाधा पुग्नेछ" (शर्मा, २०४९) । जनताको जीउ, धन र स्वतन्त्रताको संरक्षण गरी सामाजिक, आर्थिक एवं राजनैतिक क्षेत्र लगायत राष्ट्रिय जीवनका संवैधानिक क्षेत्रमा न्यायपूर्ण व्यवस्था कायम गरी खुला समाजमा आधारित लोक कल्याणकारी व्यवस्थाको अभिवृद्धि गर्नु राज्यको प्रमुख उद्देश्य हुनेछ (नेपाल अधिराज्यको संविधान, २०१५) ।

यो व्यवस्थाले देशवासी नागरिकको प्राप्त मौलिकहरुको सुरक्षा कायम गरी सवै क्षेत्रमा न्यायपूर्ण व्यवस्थाको जोड दिइएको साथै खुला समाजलाई आधार मानि लोककल्याणकारी व्यवस्थामा सुधारको लागि व्यवस्था गरिने उद्देश्य राखेको पाइन्छ । जसले गर्दा मौलिक हकहरुलाई सुरक्षादिइ समाज कल्याणको बाटोमा काम गर्ने देखिन्छ ।

नेपालको अधिराज्यको संविधानको २०४७ को धारा २५ को उपधारा ३ मा सबै किसिमका आर्थिक एवम् सामाजिक असमानताहरुलाई हटाई विभिन्न जात, जाति, धर्ममाया, वर्ण र सम्प्रदायका बीच सामन्जस्य स्थापना गरी न्याय र नैतिकतामा आधारित स्वास्थ्य सामाजिक जीवनको स्थापना र विकास गर्नु राज्यको सामाजिक उद्देश्य राखिएको पाइन्छ । त्यस्तै संविधानको धारा २५ को उपधारा ४ मा व्यवस्था भए अनुसार समाजमा शान्ति र व्यवस्था कायम गरी समान अधिकारहरुको संरक्षण र संवर्द्धन गर्दै सार्वजनिक हितको प्रदर्शन गर्ने र विकेन्द्रिकरणको माध्यमद्वारा जनतालाई शासनमा अधिकाधिक मात्रामा उपभोग गर्न सक्ने व्यवस्थालाई कायम गरी राज्यको मुख्य दायित्व हुने व्यवस्था गरिएको पाइन्छ ।

संविधानकै धारा २६ को उपधाारा ९ मा भएको व्यवस्था अनुसार राज्यले अनाथ बालबालिका, असहाय, महिला, बृद्धा अपाङ्ग तथा अशक्तहरुको संरक्षण र उन्नतीका लागि शिक्षा, स्वास्थ्य र सामाजिक सुरक्षाको विशेष संरक्षण र उन्नतीका लागि शिक्षा, स्वास्थ्य र सामाजिक सुरक्षाको विशेष व्यवस्था अनुसार शिक्षा, स्वास्थ्य र रोजगारीको विशेष व्यवस्था गरी आर्थिक तथा सामाजिक रुपले पिछडिएको जनजाती र समुदायको उत्थान गर्ने नीति राज्यले अवलम्वन गर्नेछ । धारा २६ को उपधारा ११ मा देशको समुन्नीतिको लागि विज्ञान तथा प्राविधिकको विकासलाई प्राथमिकता दिने नीति राज्यले अवलम्बन गर्नुका साथै स्थानिय प्रविधिको विकास तर्फ आकर्षित नीति राज्यले अवलम्बन गर्नेछ । त्यस्तै धारा २६ को उपधारा १४ अनुसार कानूनी राज्यको सिद्धान्त अनुरुप सबैलाई समान रुपमा न्याय उपलब्ध गराउने नीति राज्यले अवलम्बन गर्नेछ । यसैगरी संविधान व्यवस्था गरिए अनुसार संयुक्त राष्ट्र संघको वडापत्र असंग्लनता, पञ्चशीलको सिद्धान्त, अन्तर्राष्ट्रिय कानून र विश्वशान्तिको मान्यताको आधारमा नेपालको परराष्ट्र नीति सञ्चालन हुने व्यवस्था गरिएको छ ।

नेपालको संविधान २०१९ मा मानव अधिकारको संरक्षणमा भएका व्यवस्था नेपालको संविधान २०१९ को भाग ४ मा पञ्चायत प्रणालीका निर्देशक सिद्धान्तहरुको व्यवस्था गरिएको छ । यी निर्देशक सिद्धान्तमा व्यवस्था गरिएका मानवअधिकार सम्बन्धी व्यवस्थाहरु यस प्रकार छन् ।

- व्यापक राष्ट्रिय दृष्टिकोणबाट विभिन्न वर्ग र व्यवसायको हितमा सामञ्जस्य ल्याई एउटा प्रजातान्त्रिक, न्यायपूर्ण, गतीशिल र शोषणरहित समाजको सिर्जना गरी जनकल्याणको अभिबृद्धि गर्न पञ्चायत प्रणालीको उद्देश्य हुनेछ भन्ने व्यवस्था गरेको देखिन्छ ।
- साधारण जनतालाई जागरुक र चेतनाशिल बनाई क्रमिक विकेन्द्रिकरणद्वारा प्रत्येक तहको प्रशासनमा जनप्रतिनिधिहरुलाई अधिकाधिक मात्रामा सम्मिलित गराई देशको प्रतिभा र साधनलाई सकभर बढी मात्रामा र स्वेच्छाले समाजको सिर्जना गर्ने काममा, परिचालन गर्नु, पञ्चायत प्रणालीको राजनैतिक लक्ष्य हुनेछ भन्ने व्यवस्था गरिएको थियो ।
- समाजको सृजना हुने काममा साधारण जनतालाई क्रियाशिल तुल्याउने मार्गमा रहेको बाधाहरु हटाई सामञ्जस्य पूर्ण नैतिकतामा आधारित सामाजिक जीवनको स्थापना

गर्नु तथा परापूर्वकालदेखि नेपालको समृद्ध तथा वैभव र राष्ट्रिय चरित्रको रुपमा नेपाली नागरिकले अवलम्बन गरी आएको नेपालको संस्कृति र परम्परागत मान्यता प्रति रही आएको परस्परिक सुमधुर सहिष्णुतालाई कदर गर्दै राष्ट्रिय एकता कामय गर्नु पञ्चायत प्रणालीको सामाजिक लक्ष्य हुनेछ ।

- नेपालको प्राकृतिक स्रोत तथा सम्पदालाई उपयोग गरी र लाभदायी हुने गरी तिनको न्यायोचित रुपमा परिचालन गरी समान अवसरको आधारमा नेपाल अधिराज्यका विभिन्न क्षेत्र बीच सन्तुलीत विकास गर्ने प्रयास गरी सबै क्षेत्रका जनतालाई समान स्थितिमा ल्याउन उचित सुविधाहरु प्रदान गर्ने हेतुले आर्थिक विकासलाई अघि बढाउन जोड दिनु पञ्चायत प्रणालीको विकासको लक्ष्य हुनेछ ।
- संयुक्त राष्ट्र संघको मूलभूत मान्यता तथा असंलग्नताको सिद्धान्तलाई अवलम्बन गरी नेपाललाई शान्ति क्षेत्र बनाउने प्रयास गर्नु पञ्चायत प्रणालीको परराष्ट्र नीतिको लक्ष्य हुनेछ ।

यस संविधानले विभिन्न संवैधानिक व्यवस्थाहरु गरेको पाइन्छ । तिनीहरुका आख्तियार दुरुपयोग निवारण आयोग, सर्वोच्च अदालत, महालेखा परिक्षक, लोक सेवा आयोग, निर्वाचन आयोग तथा महान्यायधिवक्ता हुन् । यो संविधानले संविधानलाई मूल कानूनको रुपमा स्विकार गरेको पाइन्छ ।

"संविधानको भाग ३ को धारा ९ को दाफ १ र २ मा मौलिक कर्तव्यको उल्लेख गरिएको छ ... मौलिक कर्तव्यको व्यवस्था प्रायः विश्वका कमै राष्ट्रहरुमा भएको पाइन्छ, यद्यपी केही राष्ट्रहरुको संविधानमा भने मौलिक कर्तव्यको पनि उल्लेख भएको पाइन्छ" (काफ्ले, २०३८:११३) ।

नेपालको ३० बर्षे निर्दलिय पञ्चायती व्यवस्थाबाट रुष्ट भएका नेपाली जनताले जनआन्दोलन मार्फत राजनीतिक परिवर्तन ल्याउन सफल भए । देशमा प्रजातन्त्रको पुनः प्राप्ति, भयो । २०४७ सालमा बहुदलीय प्रजातान्त्रिक व्यवस्था अनुकुलको "नेपाल अधिराज्यको संविधान २०४७ लागू गरियो । यो संविधान मानव अधिकारको संरक्षणमा बढी जोड दिइएको पाइन्छ । यस संविधानको प्रस्तावनामा मौलिक हकको संरक्षण भएको व्यवस्था, "प्रत्येक नेपाली नागरिकले आधारभूत मानव अधिकार सुरक्षित गरी स्वतन्त्रता र समानताको आधारमा नेपाली जनताका बीच भातृत्व र एकता कायम गरी बालीग मताधिकार संसदीय शासन प्रणाली संवैधानिक राजतन्त्र तथा बहुदलीय प्रजातन्त्रलाई सुदृढ

गर्न र स्वतन्त्र एवम् सक्षम न्याय प्रणालीको व्यवस्था गरी कानूनी राज्यको अवधारणालाई साकार पार्न" भएको पाइन्छ । यो प्रावधानले मानव अधिकारलाई माथिल्लो श्रेणीमा राखी सुरक्षा दिन खोजेको आभाष मिल्छ ।

"बहुदलीय प्रजातान्त्रिक व्यवस्थाको पुनः स्थापना पश्चात् नेपालमा धेरै राजनीतिक दलहरु स्थापना भएका छन् । सबै राजनीतिक दलहरुले मानव अधिकारको संरक्षण र सम्मान हुनुपर्दछ भन्ने विचार व्यक्त गर्दै आएका छन् । प्रजातन्त्रमा सत्तारुढ दल तथा विपक्षीदल सबैको महत्वपूर्ण भुमीका हुन्छ, प्रत्येक प्रजातन्त्रको संस्थागत विकास भएमा मानव अधिकारको संरक्षण र सम्बर्धन स्वभाविक रुपमा हुने भएकोले राजनीतिक दलहरुले जनता समक्ष जाँदा वा हरेक काममा मानव अधिकारको सुदृढिकरणको प्रश्नलाई भूल्नु हुदैन" (मल्ल, २०४८) ।

नेपालमा गैर सरकारी संस्था संगठनको रुपमा रहेर पनि मानव अधिकारको संरक्षण र सम्वर्धन गरी ठोस योगदान पुऱ्याउने उद्देश्यले नेपाल मानव अधिकार संरक्षण मञ्च र मानव अधिकार संगठनको स्थापना भए । यी संगठनले मानव अधिकार प्रति नागरिकहरुलाई सचेत बनाउने, गोष्ठि गर्ने, तालिम, सेमिनार, आदिका माध्यमद्वारा आफ्ना क्रियाकलाप संचालन गरेको पाइन्छ ।

२०५३ साल मानव अधिकार सम्बन्धी ऐन निर्माण भयो यसले मानव अधिकारको संरक्षणमा ठूला योगदान दिइएको पाइन्छ । २०४७ को संविधानले नेपाली नागरिकको सम्बन्धमा संविधानको धारा ९ को उपधारा -२ मा नेपाल अधिराज्यभित्र फेलापरेको पैतृत्वको ठेगान नभएको प्रत्येक वालक निजको बावुको पत्ता नलागेसम्म वंशजको नाताले नेपालको नागरिक मानिनेछ भन्ने व्यवस्था गरिएको छ । संविधानको धारा ११२ मा राजनैतिक संगठन वा दललाई प्रतिवन्द लगाउन वन्देजको व्यवस्था गरिएको छ । यस व्यवस्थाले जुनसुकै राजनैतिक पार्टीले मौलिक हकको संरक्षणमा सहयोग गर्न पाउने भएको पाइन्छ । संविधानको धारा ११५ मा "संकटकालीन अधिकार" को व्यवस्था गरिएको सार्वभैम सत्ता, अखण्डता वा कुनै भागको सुरक्षामा युद्ध, वाह्य आक्रमण, शसस्त्र विद्रोह वा चरम आर्थिक विश्रृङखलताको कारणले गम्भिर संकट उत्पन्न भएमा श्री ५ बाट नेपाल अधिराज्यमा वा कुनै खासक्षेत्रमा लागू हुने गरी संकटकालीन अवस्थाको घोषणा गर्नु वा आदेश जारी गर्न सकिवक्सने छ । संविधानको यो व्यवस्थाले मौलिक हकहरु माथि संकट आइपर्ने खतरा देखिन्छ ।

मौलिक हकको हनन् भएमा देशको सर्वोच्च न्यायिक सर्वोच्च अदालतबाट यसको उपचार गर्न पाउने व्यवस्था संविधानले गरेको छ (थापा र पौड्याल, २०५९:८०) । यो संविधानले मृत्युदण्डको उन्मुलन गरेको छ । वदनियतपूर्वक निवारक नजरबन्दमा नराखीने र कसैलाई त्यस्तो नजरवन्दमा राखिएमा निजलाई क्षतिपूर्ती दिइने व्यवस्था छ । नेपाल अधिराज्यको संविधान २०४७ को धारा -२३ ले सर्वोच्च अदालतमा रिट निवेदन दिएर आफ्नो हक प्रचलन गराउन पाउने व्यवस्था गरेको छ (थापा र पौड्याल, २०५९:२४) । नेपाल इतिहासको पहिलो पटक प्रस्तुत संविधानमा सार्वभौमसत्ता जनतामा निहित रहेको घोषित गरिएको थियो (ज्ञवाली, २०६८) ।

"मानव अधकारको संरक्षण र सम्वर्धनका लागि संयुक्त राष्ट्र संघको पहलमा विभिन्न अन्तर्राष्ट्रिय संयन्त्रहरु जारी भएका छन् । यसैगरी मानव अधिकारको संरक्षण र संवर्द्धनका लागि स्वतन्त्र सक्षम र प्रभावकारी राष्ट्रिय निकायको स्थापनार्थ पनि पहल हुँदै आएको छ" (पहाडी र दाहाल, २०६५) । नेपाल अधिराज्यको संविधान २०४७ ले नेपाली नागरिकका मौलिक अधिकारको सम्बोधन पूर्णतः सफल भएन । संवैधानिक राजतन्त्र वास्तविक संवैधानिक राजतन्त्रमा परिणत हुन सकेन । परिणाम स्वरुप निरंकुश राजतन्त्रमा परिणत भयो । यसरी देशमा नेपाली जनताका मौलिक हक र मानव अधिकार माथि पटक पटक निरंकुश राजतन्त्रको हमला भए पछि एकातिर संसदवादी सात राजनीतिक दल आन्दोलनमा उत्रे भने अर्कोतर्फ नेकपा (माओवादी) ले २०५२ सालदेखि सञ्चालन गरेको जनयुद्ध पनि चलि रहेको थियो । दुवै आन्दोलनकारी शक्तिको निशाना निरंकुश राजतन्त्र रहेको ठहर गरी संसदवादी सात राजनीतिक दल र नेकपा (माओवादी) का बीच १२ बुँदे समझदारी भयो । सो समझदारी कै आधारमा संयुक्त लोकतान्त्रिक जनआन्दोलन २०६२/०६३ को शुरुवात २०६२ साल चैत्र २४ गते भयो । उक्त लोकतान्त्रिक जनआन्दोलन १९ दिनसम्म चली २०६३ साल वैशाख ११ गते निरंकुश राजतन्त्रलाई घुडा टेकाउन सफल भयो । उक्त लोकतान्त्रिक जनआन्दोलनको जनादेश लोकतान्त्रिक गणतन्त्र भएको पुनः स्थापित संसदले २०६३ साल जेष्ठ ४ गते संसदबाट महत्वपूर्ण निर्णय गरे । श्री ५ को सरकारको ठाउँमा नेपाल सरकार, श्री ५ मा भएका सम्पूर्ण अधिकारहरु खोसी दाह्रा नग्रा झिकिएको बाघ जस्तो रुपमा मात्र राजालाई राख्ने काम संसदले गर्‍यो । नेपाल राज्यलाई धर्मनिरपेक्ष राज्यको रुपमा घोषणा गरियो । तत्कालीन विद्रोही नेकपा (माओवादी) सँग विभिन्न सम्झौता र समझदारीहरु भए । युद्ध विरामको घोषणा गरियो । विस्तृत शान्ति

सम्झौता गरियो । नेपालको अन्तरिम संविधान २०६३ सहमतिका आधारमा तयार गरी २०६३ माघ १ गते लागू गरियो ।

नेपालको अन्तरिम संविधान २०६३ मा नागरिकहरुले प्राप्त गर्ने मौलिकहकमा पूर्वका संविधानहरुमा भन्दा वढोत्तरी गरियो ।

**नेपालले अनुमोदन गरेका मानव अधिकार सम्बन्धी महासन्धिहरु :**

१. दासत्व महासन्धि, नेपालले अनुमोदन गरेको मिति ७ जनवरी १९६३ । दासहरुको ओसारपसारको अन्त्य गर्न, दासत्वका सबै स्वरुपहरुलाई पूण रुपमा उन्मुलन गर्न, जमिन वा सामुद्रिक मार्गबाट गरिने दास व्यापार र दासत्वको विकास गर्न मद्दत पुऱ्याउने बलयुक्त श्रम जस्ता अभ्यासहरुलाई अन्त्य गर्ने उद्देश्यले यो महासन्धि गरिएको हो ।

२. दासत्व महासन्धिलाई संसोधन गर्ने उपलेख १९५३, अनुमोदन गरेको मिति : ७ जनवरी १९६३ । दासत्व माहासन्धिमा हस्ताक्षर भएपछि विश्वसमाजमा आएको परीवर्तन तथा संयुक्त राष्ट्र संघलाई मानव अधिकारको संरक्षण र सम्बर्द्धन गर्ने उद्देश्यले यो उपलेख ल्याइएकोले यो माहासन्धिलाई संसोधन गर्ने उपलेख अनुमोदन गरेको ।

३. दास, दासव्यापार र दासत्व समान संस्था र अभ्यासहरुको उन्मुलन सम्बन्धी पुरक महासन्धि, अनुमोदन मिति ७ जनवरी १९६३ । दास व्यापार दासत्व समाजससंस्था र अभ्यासहरु विरुद्धका विभिन्न भागबाट अझैसम्म उन्मुलन हुन नसकेकोले दासत्व माहासन्धिलाई अझवढी सुदृढ गरी दासत्व दास व्यापार र दास समानका अभ्यास र संस्थाहरुको उन्मुलन गर्ने उद्देश्यले यो पूरक महासन्धि बनेको पाइन्छ ।

४. जाति हत्या अपराधको रोकथाम र सजाय सम्बन्धी महासन्धि, अनुमोदन मिति १७ जनवरी १९६९ । जाति हत्याले मानवतामा पुऱ्याएको क्षतीलाई स्मरण गर्दै अर्न्राष्ट्रिय सहयोगको माध्यमबाट जात हत्याबाट मानव जातिलाई मुक्ति दिलाउनु यो महासन्धिको उद्देश्य हो ।

५. जीउ मास्ने बेच्ने तथा अरुको वेश्यावृत्तिको शोषणको दमनका लाग व्यवस्था भएको महासन्धि, अनुमोदन मिति २७ डिसेम्बर १९९५ । वेश्यावृत्तिको उद्देश्यले जीउ मास्ने बेच्ने कार्यमा सन्निहित खराबी मानव व्यक्तित्वको प्रतिष्ठा तथा मूल्यसँग मेल

नखाने भएको र त्यसले व्यक्ति, परिवार तथा समूदायको कल्याणलाई खतरामा पार्ने भएकोले यस्तो कार्य बिरुद्ध प्रभावकारी उपायको अवलम्बन गर्नु रहेको छ ।

६. महिलाहरुको राजनीतिक अधिकार सम्बन्धी महासन्धि, अनुमोदन मिति २६ अप्रिल १९६६ । समानताको सिद्धान्तलाई कार्यान्वयन गर्न स्वतन्त्रतापूर्वक छानिएका प्रतिनिधिहरु मार्फत आफ्नो देशको सरकारमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा भाग लिन पाउने अधिकारको तथा संयुक्त राष्ट्र संघको वडापत्र र मानव अधिकारको विश्वव्यापी घोषणा पत्रका व्यवस्था अनुसार राजनीतिक अधिकारको उपभोग र प्रयोगमा महिला र पुरुषको हैसियतलाई समान बनाउने उद्देश्यले यो महासन्धि गरिएको हो ।

७. सबै किसिमका जातीय भेदभाव उन्मुलन गर्ने सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, अनुमोदन गरेको मिति ३० जनवरी १९७१ । संयुक्त राष्ट्र संघको उद्देश्य मध्ये जाति, लिङ्ग, भाषा वा धर्मको आधारमा भेदभाव नगर्ने, मानव अधिकारको विश्वव्यापी घोषणापत्रको खासगरी जातजाती, वर्ण वा उत्पत्तीको भेदभाव बिना सो घोषणापत्रमा उल्लेखित सम्पूर्ण अधिकार र स्वतन्त्रताको कदर गर्ने उद्दश्यले यो महासन्धि गरिएको हो ।

८. आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, सम्मिलन गरेको मिति १४ मे १९७१ । मानव अधिकारको विश्वव्यपी घोषणपत्र अनुसार भय तथा अभावबाट स्वतन्त्रता उपभोग गरिरहेका मानव जतिको आदर्श प्रत्येक व्यक्तिको आफ्नो आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारका साथै नागरिक तथ राजनीतिक अधिकारहरु उपभोग गर्न पाउने अवस्था सृजना गर्नु यो प्रतिज्ञाको उद्देश्य हो । यो प्रतिज्ञापत्र अनुसुचि २ मा दिइएको छ ।

९. नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र, सम्मिलन गरेको मिति १४ मे १९९१ । यस प्रतिज्ञापत्रमा व्यवस्था गरिएका व्यक्ति वा समूहका नागरिक तथा राजनैतिक अधिकारहरु बिना भेदभाव समान रुपमा उपभोग गर्न पाउने अवस्था सृजना गर्नु यो प्रतिज्ञाको उद्देश्य हो ।

१०. नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्रको स्वैच्छिक उपलेख - १९६६, सम्मिलन गरेको मिति १४ मे १९९१ । नागरिक तथा राजनीतिक अधिकार संम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्रका उद्देश्यहरु अझ बढी हाँसिल गर्ने र यस

व्यवस्थालाई कार्यान्वयन गर्ने उद्देश्यले यो उपलेख तयार गरेको पाइन्छ । (यो उपलेख अनुसूची ३ मा दिइएको छ)

११. मृत्युदण्ड उन्मुलन गर्ने उद्देश्यले व्यवस्था भएको नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्रको दोस्रो स्वैच्छिक उपलेख, सम्मिलन मिति ४ मार्च १९९८ । मृत्युदण्डको उन्मुलनद्वारा मानव अधिकारको प्रगतिशिल विकास गरी समान प्रतिष्ठामा बृद्धि गर्नु यो उपलेखको उद्देश्य हो ।

१२. महिला विरुद्धका सबै प्रकारका भेदभाव उन्मुलन गर्ने सम्बन्धी महासन्धि, १९७९, अनुमोदन मिति २२ अप्रिल १९९१ । महिला विरुद्ध हुने सबै प्रकारका र स्वरुपका भेदभाावलई उन्मुलत गर्न पक्षराष्ट्रले अपाउनु पर्ने विभिन्न उपायहरुका सम्बन्धमा व्यवस्था गर्ने यो माहासन्धिको उद्देश्य हो ।

१३. महिला विरुद्ध सबै प्रकारका भेदभाव उन्मुलन गर्ने सम्बन्धी महासन्धिको स्वैच्छिक उपलेख, नेपालले अनुमोदन गरेको मिति १५ जुन २००७ । महिला विरुद्ध सबै प्रकारका भेदभाव उन्मुलन गर्ने सम्बन्धी महासन्धिद्वारा व्यवस्था गरिएका कुनै पनि अधिकारको कुनै पक्ष राष्ट्रबाट उल्लघन भए आफू पिडित भएको दावी गर्ने व्यक्ति वा व्यक्तिको समूहले व्यस्तो व्यक्ति वा समूहको तर्फबाट पेश गरेको सूचनाबाट विचार गर्न सक्नु यस उपलेखको उद्देश्य हो ।

१४. यातना तथा अन्य क्रुर अमानविय वा अपमानजनक व्यवहार वा दण्ड विरुद्धको महासन्धि, सम्मिलन मिति १४ मे १९९१ । यो महासन्धिको उद्देश्य विश्वव्यापी रुपमा मानव अधिकार र आधारभूत स्वतन्त्रताको सम्मान र पालन गर्ने कार्यको प्रबर्द्धन गर्दै विश्वभर नै यातना तथा अन्य क्रुर अमानवीय वा अपमानजनक व्यवहार वा दण्ड विरुद्धको संघर्षलाई अझ प्रभावकारी बनाउने हो ।

१५. खेलकुदमा रङ्गभेद विरुद्धको अन्तर्राष्ट्रिय महासन्धि, नेपालले अनुमोदन गरेको मिति १ मार्च १९८९ । खेलकुदमा गरिने रङ्गभेद सम्बन्धी अभ्यासलाई निर्मुल पार्न आवश्यक सबै उपायहरु अवलम्बन गर्ने र ओलम्पिक सिद्धान्त बमोजिम खेलकुदमा अन्तर्राष्ट्रिय सम्पर्कको प्रवर्द्धन गर्नु यो महासन्धिको उद्देश्य हो ।

१६. वालअधिकार सम्बन्धी महासन्धि, नेपालले अनुमोदन गरेको मिति १४ सेप्टेम्बर १९९० । बालबालिकामा शारीरिक र मानसिक अपरिपक्वता हुने हुनाले तिनीहरुलाई

विशेष सुरक्षा र हेरचाहको आवश्यकता पर्ने भएकाले तिनीहरुलाई विशेष कानूनी संरक्षण दिने यस महासन्धिको उद्देश्य हो ।

१७. शसस्त्र द्वन्द्वमा बालबालिकाको सम्लग्नताका सम्बन्धमा व्यवस्था भएको बाल अधिकार सम्बन्धी महासन्धिको स्वैच्छिक उपलेख, अनुमोदन गरेको मिति ३१ अक्टोवर २००५ । यस स्वैच्छिक उपलेखको मुख्य उद्देश्य सशस्त्र द्वन्द्वरत पक्षहरुले बालबालिकाहरुलाई सशस्त्र फौजमा अनिवार्य रुपमा भर्ना गर्ने, तालिम दिने तथा प्रयोग गर्ने कार्य गर्न निशेध गरी बालबालिहाहरुको संरक्षण गर्ने गरेकोले सोको रोकथाम गर्नु यस स्वैच्कि उपलेखको उद्देश्य हो ।

१८. बालबालिकाको वेचविखन, बालवेश्यावृत्ति तथा बाल अश्लिल चित्रण सम्बन्धमा व्यवस्था भएको बाल अधिकार सम्बन्धी महासन्धिको स्वैच्छिक उपलेख, नेपालले अनुमोदन गरेको मिति २० जनवरी २००६ । बालबालिकाको बेचबिखन, बालवेश्यावृत्ति तथा अश्लिल चित्रणलाई निशेध गरी यौन जन्य शोषणबाट संरक्षण गर्नु यो उपलेखको उद्देश्य हो ।

१९. रङ्गभेद अपराधको दमन र दण्ड सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, सम्मिलन गरेको मिति १२ जुलाई १९७७ । यस महासन्धिको प्रमुख उद्देश्य राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा अझ प्रभावकारी उपायहरुको अवलम्बन गरी रङ्भेद अपराधको दमन र दण्ड सजाय सम्बन्धी व्यवस्था गर्नु यसको उद्देश्य हो ।

**अन्तर्राष्ट्रिय श्रम महासन्धिहरु**

नेपालले १८८ वटा अन्तर्राष्ट्रिय श्रम कानूनहरु मध्ये ११ वटा अन्तर्राष्ट्रिय श्रम महासन्धिलाई मात्र अनुमोदन गरेको छ (पहाडी र दाहाल, २०६५) । ती महासन्धिहरु यसप्रकार छन् :

१. औद्योगिक प्रतिष्ठानमा साप्ताहिक विदा लागु हुने सम्बन्धी महासन्धि - अनुमोदन गरेको मिति सन् १९८६

२. वलयुक्त बालश्रम महासन्धि - अनुमोदन गरेको मिति सन् २००२

३. संगठित हुने र सामूहिक रुपमा सौदावाजी सम्बन्धी महासन्धी - अनुमोदित मिति सन् १९९६

४. समान पारिश्रमिक सम्बन्धी महासन्धि - अनुमोदित मिति सन् १९७६

५. वलयुक्त श्रमको उन्मुलन सम्बन्धी महासन्धि - अनुमोदित मिति सन् २००७
६. भेद (रोजगारी र पेशा) - अनुमोदन गरेको मिति १९७४
७. विकासोन्मुख मुलुकहरुमा न्यूनतम ज्याला निर्धारण सम्बन्धी महासन्धि - अनुमोदन गरेको मिति सन् १९७४
८. रोजगारीमा सम्लग्नता हुन पाउने न्यूनतम उमेर सम्बन्धी महासन्धि - अनुमोदन गरेको मिति सन् १९७४
९. अन्तर्राष्ट्रिय श्रम कानूनको स्तर कार्यान्वयनको स्तर प्रवर्द्धन गर्न पारित त्रिपक्षीय परामर्श सम्बन्धी महासन्धि - अनुमोदन गरेको मिति सन् १९९५
१०. आदिवासी जनजाती सम्बन्धी महासन्धि - अनुमोदन मिति सन् २००७
११. निकृष्ट प्रकारको बालश्रम उन्मुलन सम्बन्धी महासन्धि - अनुमोदन गरेको मिति सन् २००२

**नेपालले आगामि दिनमा अनुमोदन गर्नुपर्ने मानव अधिकार सम्बन्धी महासन्धिहरु :**

१. अन्तर्राष्ट्रिय फौजदारी अदालतको रोम विधान
२. अपाङ्गता भएका व्यक्तिहरुका अधिकार सम्बन्धी महासन्धि २००६
३. अपाङ्गता भएका व्यक्तिहरुको अधिकार सम्बन्धी महासन्धिको ऐच्छिक उपलेख, २००६
४. मानव विरुद्ध लक्षीत वारुदी सुरुङ (Anti Personnel Mines) को प्रयोग भण्डारण, उत्पादन तथा ओसारपसार माथि प्रतिबन्ध तथा तिनको विनास सम्बन्धी महासन्धि
५. भ्रष्टाचार विरुद्ध संयुक्त राष्ट्रसंघीय महासन्धि
६. शरणार्थीको स्तर सम्बन्धी सन् १९५१ को महासन्धि
७. शरणार्थीको स्तर सम्बन्धी सन् १९६७ को उपलेख
८. यातना तथा अन्य क्रुर अमानविय एवम् अपमानजनक व्यवहार तथा सजाय विरुद्धको महासन्धिको ऐच्छिक उपलेख
९. जवर्जस्ती वेपत्ताबाट सबै व्यक्तिको वचाउ गर्ने अन्तर्राष्ट्रिय महासन्धि

## ३.४ मौलिक हकका रुपमा मानव अधिकार

मानिस शुरुबाट अन्तिमसम्मको उद्देश्य सुख र शान्ति हो । यसकै आशामा जन्मन्छ, हुर्कन्छ र उसको अन्त्य हुन्छ । यसैको लागि राज्यले प्रत्येक व्यक्तिलाई मौलिक हकको व्यवस्था गर्नु पर्दछ । अन्यथा त्यो राज्य र त्यहाका नागरिकले पूर्ण विकासको परिकल्पना गर्न सक्दैनन् ।

मानव अधिकार आयोग ऐन २०५३ ले मानव अधिकारलाई "व्यक्तिको जीवन, स्वतन्त्रता, समानता र मर्यादासँग सम्बन्धित संविधान तथा अन्य प्रचलित कानूनद्वारा प्रदान गरिएका अधिकार तथा नेपाल पक्ष भएका मानव अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय सन्धि-सम्झौतामा निहित अधिकार भनी परिभाषित गरेको छ" (मानव अधिकार संगालो, २०५०) । "राष्ट्रहरुले सन्धिहरु प्रति औपचारिक सहमती जनाएको तथ्यको आधारमा मानव अधिकारको वास्तविक संरक्षण भएको तवसम्म मान्न सकिदैन जबसम्म त्यस्तो क्षेत्रीय वा विश्वव्यापी अन्तर्राष्ट्रिय सन्धिहरु प्रति सहमति जनाउने राष्ट्रहरुले राष्ट्रिय कानून अन्तर्गत ती सन्धिहरुको कार्यान्वयनको व्यवस्था मिलाउँदैनन् । यस प्रकार अन्तर्राष्ट्रिय (क्षेत्रीय वा विश्वव्यापी) सन्धिको आधारमा भए पनि राष्ट्रिय कानूनको आधारमा भए पनि अन्तत्वोगत्वा मानव अधिकार सम्बन्धी सबै कुराहरु कानूनको व्यवस्था अन्तर्गत मात्र लागु हुन सक्छन्" (शर्मा, २०५१) । "मानव अधिकार भनेको सबै मानवको नैसर्गिक अधिकार हो । यो अधिकार राष्ट्रियता, लिङ्ग, राष्ट्रिय वा जातीय उत्पत्ति, रङ्ग, धर्म, भाषा वा अन्य कुनै स्तरको भेदभाव बीना सबैलाई उपभोगको अधिकार छ । यी अधिकार सर्वव्यापी, अविभाज्य अन्तरसम्बन्धित छन् र अन्तर निर्भर गर्दछन् । मानव अधिकारको प्रवर्द्धन र संरक्षण राज्यको प्रमुख दायित्व र कर्तव्य हो" (पहाडी र दाहाल, २०६५) ।

विश्वव्यापी मानव अधिकारको घोषणापत्र, मानव अधिकार सम्बन्धी महासन्धि तथा सन्धिसम्झौता जे जति दस्तावेजमा राष्ट्रहरुले हस्ताक्षर गरे तापनि आ-आफ्ना राष्ट्रिय कानूनमा मानव अधिकार सम्बन्धी व्यवस्था नगरेसम्म मानव अधिकारको कार्यान्वयन हुन सक्दैन । त्यसैले लिखित संविधान भएका सबैजसो राष्ट्रहरुले आफ्ना संविधानमा मौलिकहकको व्यवस्था गरेको पाइन्छ ।

# परिच्छेद : चार

# नेपालको अन्तरिम संविधान २०६३ र मानव अधिकार

## ४.१ नेपालको अन्तरिम संविधान २०६३ र मानव अधिकार

अन्तरिम संविधान निर्माण गर्ने अधिकार जन आन्दोलनकारी शक्ति वा परीवर्तनको वाहक शक्तिलाई हुन्छ पुरानोसत्ताले त्यस संविधान अन्तर्गत विद्रोहि र परीवर्तनकारी शक्तिलाई गैह्र कानूनी शक्तिको रुपमा हेरिरहेकोले परीवर्तन पछि पनि पुरानै संवैधानिक संरचना भित्र त्यस्ता शक्तिहरु समेटिन नसक्ने हुँदा अन्तरिम संविधान बनाउन आवश्यक मानिन्छ (दहाल, २०६३:४९) ।

हामी सार्वभौमसत्ता र राजकिय सत्ता सम्पन्न नेपाली जनता, नेपाली जनताले २००७ साल पहिलेदेखि हालसम्म पटक पटक गर्दै आएको ऐतिहासिक संघर्ष र जनआन्दोलन मार्फत लोकतन्त्र, शान्ति र अग्रमनका पक्षमा प्रकट भएको जनादेशको सम्मान गर्दै,

देशमा विद्यमान वर्गिय, जातिय, क्षेत्रीय, लैंगीक, समस्याहरुलाई समाधान गर्न राज्यको अग्रगामी पुनसंरचना गर्ने संकल्प गर्दै, प्रतिस्प्रधात्मक बहुदलीय लोकतन्त्रिय शासन व्यवस्था  नागरिक स्वतन्त्रता मौलिक अधिकार, मानव अधिकार, वालकमताधिकार, आवधिक निर्वाचन, पूर्ण प्रेश स्वतन्त्रता, स्वतन्त्र न्यायपालिका तथा कानूनी राज्यको अवधारणा लगायत लोकतन्त्रिक मूल्य र मान्यता प्रतिको प्रतिवद्धता व्यक्त गर्दै,

नेपाली जनताको आफ्नो लागि आफैँ संविधान बनाउन पाउने र भयमुक्त वातावरणमा संविधानसभाको स्वतन्त्र र निश्पक्ष निर्वाचनमा सहभागी हुन पाउने आधारभूत अधिकारको प्रत्याभूति गर्दै,

लोकतन्त्र, शान्ति, समृद्धि, अग्रगामी आर्थिक सामाजिक परीवर्तन तथा देशको सार्वभौमिकता, अखण्डता, स्वतन्त्रता र स्वभिमानलाई केन्द्रमा राख्दै राजतन्त्रको विधिवत अन्त्य गरी नेपाल एक संङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य भएको घोषणा गर्दै,

आजसम्मका क्रान्ति र आन्दोलनबाट प्राप्त उपलब्धिहरुलाई संस्थागत गर्न संविधानसभाबाट नयाँ संविधान नबनेसम्मको लागि राजनैतिक सहमतिबाट तयार भएको यो नेपालको अन्तरिम संविधान, २०६३ जारी भएको घोषणा गर्दछौँ भन्ने कुरा ने.अ.सं. २०६३ को प्रस्थावनामा व्यवस्था गरिएको छ (अन्तरिम संविधान, २०६३) ।

यस पूर्वका संविधानमा भन्दा यस संविधानमा नागरिका लागि मौलिक हकमा बृद्धि गरिएको पाइन्छ । नेपालको अन्तरिम संविधान २०६३ को भाग - ३ मा व्यवस्था गरिएका मौलिक हक निम्नानुसार छन् ।

**क) स्वतन्त्रताको हक**

- प्रत्येक व्यक्तिलाई सम्मान पूर्वक बाँच्न पाउने हक र मृत्युदण्डको सजाय हुने गरी कुनै कानून बनाइने छैन ।
- कानून बमोजिम वाहेक कुनै पनि व्यक्तिको वैयक्तिक स्वतन्त्रता अपहरण हुने छैन ।
- प्रत्येक नागरिकलाई देहायको स्वतन्त्रता हुनेछ : -

१. विचार र अभिव्यक्तिको स्वतन्त्रता

२. विना हातहतियार शान्तिपूर्वक भेला हुने स्वतन्त्रता

३. राजनैतिक दल खोल्न पाउने स्वतन्त्रता,

४. संघसंस्था खोल्न पाउने स्वतन्त्रता

५. नेपालको कुनै पनि भागमा आवतजावत तथा बसोवास गर्ने स्वतन्त्रता

६. कुनै पेशा, रोजगार, उद्योग र व्यापार गर्ने स्वतन्त्रता,

तर

(क) खण्ड १ को कुनै पनि कुराले नेपालको सार्वभौमसत्ता, अखण्डता वा विभिन्न जात, जाति, धर्म वा सम्प्रदायहरुका बीचको सुसम्वन्धमा खलल गर्ने वा गाली वेइज्जती वा अदालतको अवहेलना हुने वा अपराध गर्न दुरुत्साहित गर्ने वा सार्वजनिक शिष्टाचार वा नैतिकताको प्रतिकुल हुने कार्यमा मनासिक प्रतिवन्ध लगाउने गरी कानून बनाउन रोक लगाइएको मानिने छैन ।

(ख) खण्ड २ को कुनै पनि कुराले नेपालको सार्वभौमसत्ता, अखण्डता वा सार्वजनिक शान्ति र व्यवस्थामा खलल पर्ने कार्यमा मनसिक प्रतिवन्ध लगाउने गरी कानून बनाउन रोक लगाएको मानिने छैन ।

(ग) खण्ड ३ र ४ को कुनै कुराले नेपालको सार्वभौमसत्ता, अखण्डता वा विभिन्न जातजाति, धर्म वा सम्प्रदायका बीचको सुसम्बन्धमा खलल पर्ने वा हिंसात्मक कार्य गर्न दुरुत्साहित गर्ने वा सार्वजनिक नैतिकताको प्रतिकुल हुने कार्यमा मानसिक प्रतिवन्ध लगाउने गरी कानून बनाउन रोक लगाएको मानिने छैन ।

(घ) खण्ड ५ को कुनै कुराले सर्वसाधाराण जनताको सार्वजनिक स्वास्थ्यम वा नैतिकताको प्रतिकुल हुने कार्यमा रोक लगाउने वा कुनै खास उद्योग व्यापार वा सेवा राज्यले मात्र सञ्चालन गर्ने वा कुनै उद्योग, व्यापार पेशा वा रोजगार गर्नको लागि कुनै सर्त वा योग्यता तोक्ने गरी कानून बनाउन रोक लगाएको मानिने छैन ।

"स्वतन्त्रता भन्ने शब्द आफैमा खुला छ । अर्थात् स्वतन्त्रता भन्नासाथ बीना सीमाको खुला भन्ने बुझिन्छ वास्तवमा स्वतन्त्रता भन्ने चिजले मानवताको साँचो अर्थको परिचय दिन्छ" (थापा र पौड्याल, २०५८:११) । "मौलिकहक संवैधानिक विशेषतायुक्त हक हुन अर्थात् संविधान स्वयम्ले मानव मौलिकहकको प्रष्ट व्यवसथा र हकको सुनिश्चित उपचारको बाटो निर्धारण गरेको हुन्छ । साधारण संसदले सामान्य कानूनमा भएकाले अन्य कानूनको स्रोत संविधान हुन्छ" (पाठक, २०५५) । वर्तमान संविधानले यस पूर्वका संविधानमा भन्दा अगाडिबढेर भाग ३ मा निम्नानुसारका हकको व्यवसथा गरेको छ ।

अन्तरिम संविधानमा स्वतन्त्रता तथा मौलिक हकलाई मौलिकता प्रदान गरिएको पाइन्छ । धारा १२ मा स्वतन्त्रतालाई मौलिकहकको रुपमा बृहत्तर साथै वैयक्तिक स्वतन्त्रताको ग्यारेन्टि गरिएको छ । यस अनुसार कानूनका आधारमा मात्र कसैले कसैको व्यक्तिगत स्वतन्त्रता अपहरण गर्न सकिन्छ भने मृत्यु दण्ड दिन नपाइने व्यवस्था छ ।

**स्वतन्त्रताका हकहरु निम्न बमोजिम छन् :**

विचार अभिव्यक्तिको स्वतन्त्रता, बिना हातहतियार शान्तिपूर्वक भेला हुने स्वतन्त्रता, राजनैतिक दलखोल्ने स्वतन्त्रता, संघ र संस्था खोल्ने स्वतन्त्रता, नेपालको कुनै पनि भागमा आवत जावत र बसोबास गर्ने स्वतन्त्रता, कुनै पेशा, रोजगार, उद्योग र व्यापार गर्ने स्वतन्त्रता ।

सार्वभौमसत्ता, अखण्डता वा विभिन्न जातजाती, धर्म सम्प्रदायको बीचमा खललपर्ने वा हिम्सात्मक कार्य गर्न दुरुत्साहित गर्न, सार्वजनिक नैतिकताको प्रतिकुल हुने काम गर्न प्रतिवन्ध लगाउन सक्ने कानून बनाउन छुट दिएको छ ।

यो संविधानले स्वतन्त्रताका मूलभूत कुराहरु विचार, अभिव्यक्ति हिडडुल, राजनैतिक दल खोल्न पाइने तथा व्यक्तिगत स्वतन्त्रतालाई पूर्णतः मौलिक प्रदक्त भएको पाइन्छ । यो हकलाई मानव अधिकारको विश्वव्यापी घोषणापत्रको धारा १३, २०, २१ र २२ भएका अधिकारलाई संवोधन गरेको पाइन्छ ।

**ख)** **समानताको हक** (**धारा -१३**)

- सबै नागरिक कानूनको दृष्टिको समान हुनेछन् । कसैलाई पनि कानूनको समान संरक्षणबाट वञ्चित गरिने छैन ।
- सामान्य कानूनको प्रयोगमा कुनै पनि नागरिक माथि धर्म, वर्ण, लिंग, जात, जाती, उत्पत्ती, भाषा वा वैचारिक आस्था वा ती मध्ये कुनै कुराको आधारमा भेदभाव गरिने छैन ।
- राज्यले नागरिकहरुका बीच धर्म, वर्ण, जात, जाती, लिंग, उत्पत्ती, भाषा वा बैचारिक आस्था वा ती मध्ये कुनै कुराको आधारमा भेदभाव गर्ने छैन तर महिला, दलित, आदिवासी, जनजाती, मधेशी, वा किसान, मजदुर वा आर्थिक, सामाजिक वा सांस्कृतिक दृष्टिले पिछडीएको वर्ग वा बालक, बृद्ध तथा अपाङ्ग वा शारीरिक वा मानसिक रुपले अशक्त व्यक्तिको संरक्षण सशक्तिकरण वा विकासको लागि कानूनद्वारा विशेष व्यवस्था गर्न रोक लगाएको मानिने छैन ।
- समान कामका लागि महिला र पुरुषका बीच परिश्रमिक तथा सामाजिक सुरक्षामा भेदभाव गरिने छैन ।

"समानातको अर्थ बराबरी वा सम्य हुने अवस्था हो तर संविधानले समानताको हक प्रदान गर्नुको अर्थ कुनै हालतमा पनि कुनै कुरामा भेदभाव नगरी समानता प्रदान गर्नु चाहि होइन" (हमाल र दुलाल, २०४९:२२०) । समानताको अर्थमा जात, जाति, धर्म, वर्ण, लिङ्ग उत्तपत्ती, भाषा वा विचारको आधारमा कुनै भेदभाव गर्न पाइदैन ।

मानव अधिकारको विश्वव्यापी घोषणापत्रको धारा २ मा उल्लेखित अधिकारहरुमा जातजाति, वर्ण, लिङ्ग, धर्म, राजनैतिक वा अरु विचार, राष्ट्रिय वा सामाजिक उत्पत्ति वा अरु कुनै मर्यादाको आधारमा भेदभाव नगरी प्रदान गरिनु पर्ने तथा धारा ७ मा कानूनको दृष्टिमा सबै समान भएको र सबै कानूनको समान संरक्षणको अधिकारी हुने उल्लेख गरिएको छ । "कानूनको शासन (Rule of Law) लाई शासन संचालनको आधार स्तम्भ बनाइएका मुलुकमा त यो समानताको हक निर्विवाद र नैसर्गिक नै मानिन्छ" (पाठक, २०५५:२९) । विश्वको इतिहास हेर्दा अमेरिकी स्वतन्त्रता संग्राम फ्रान्सको राज्यक्रान्ति, चिनको नौलो जनवादी क्रान्ति, रुषको वोल्सेभिक क्रान्तिहरु सबै समानताको निम्ति नै भएका थिए" (हमाल र दुलाल, २०४९:२२१) ।

अन्तरिम संविधानको धारा १३ मा समानताको हकको व्यवस्था गरिएको छ । यसमा व्यवस्था भएका हकहरु - सबै नागरिक कानूनको दृष्टिमा समान हुने, कानूनको समान संरक्षणबाट कसैलाई पनि वञ्चित नगरीने, धर्म, वर्ण, लिङ्ग, जात जाति, उत्पत्ती, भाषा, विचारको यी कुराको आधारमा भेदभाव नगरीने । कानूनद्वारा विशेष व्यवस्था गर्न सक्ने अवस्थाको पनि व्यवस्था छ । जसमा महिला, दलित, आदिवासी, जनजाती, मधेशी, किसान, मजदुर, पिछडिएको वर्ग, वालक, बृद्ध, अपाङ्ग वा शारीरिकरुपले अशक्त आदि ।

**ग) छुवाछुत तथा जातिय भेदभाव विरुद्धको हक** (धारा -१४)

- कुनै पनि व्यक्तिलाई जात, वंश, समूदाय वा पेशाका आधारमा कुनै पनि किसिमको छुवाछुत तथा जातीय भेदभाव गरिने छैन । यस्तो भेदभावपूर्ण व्यवहार दण्डनिय हुनेछ र पिडित व्यक्तिले कानूनद्वारा निर्धारण भए वमोजिमको क्षतिपूर्ति पाउनेछ ।
- कुनै पनि व्यक्तिलाई जातजातिको आधारमा सर्वजनिक प्रयोगमा रहेका सेवा, सुविधा वा उपयोगका कुराहरु प्रयोग गर्नबाट वा सर्वजनिक स्थल वा सार्वजनिक धार्मिक स्थलमा प्रवेश गर्न धार्मिक कार्य गर्नबाट बञ्चित गरिने छैन ।
- कुनै वस्तु सेवा वा सुविधा उत्पादन वा वितरण गर्दा त्यस्तो सेवा सुविधा वा वस्तु कुनै खास जातजातिको व्यक्तिलाई खरिद वा प्राप्त गर्नबाट रोक लगाउन वा त्यस्तो वस्तु, सेवा वा सुविधा कुनै खास जातजातिका व्यक्तिलाई विक्रीवितरण गरिने छैन ।
- कुनै जात जाति वा उत्पत्तिका व्यक्ति वा व्यक्तिहरुको समूहको उच बीच दर्शाउने, जात, जाती आधारमा सामाजिक विभेदलाई न्यायोचित ठहऱ्याउने वा जातिय सर्वोच्चता वा घृणामा आधारित विचारको प्रसार प्रसार गर्ने वा जातिय विभेदलाई कुनै पनि कुनै पनि किसिमले प्रोत्साहन गर्न पाइने छैन ।

मानव अधिकारको विश्वव्यापी घोषणापत्रको धारा २ मा जाति, वर्ग, लिङ्ग, भाषा, धर्म, राजनैतिक वा अन्य विचारधारा, राष्ट्रिय वा सामाजिक उत्पत्ती, जन्म वा अन्य कुनै हैसियत जस्ता कुनै पनि आधारमा भेदभाव नगरीने व्यवस्था छ ।

नेपालमा परापुर्व कालदेखि चल्दै आएको सामाजिक विसंगतिको रुपमा छुवाछुत जस्तो चलन कायम छ । यसलाई हटाउन यस अघिका संविधानमा पनि व्यवस्था गरिएको पाइन्छ । तैपनि पूर्ण रुपमा हटाउन सकिएको छैन । अन्तरिम संविधानको व्यवस्था अनुसार,

कुनै व्यक्तिलाई जात, वंश, समुदाय वा पेशाका आधारमा छुवाछुत तथा भेदभाव नगरीने । सार्वजनिक प्रयोगमा रहेका सेवा सुविधा वा उपयोगका कुराहरु प्रयोग गर्न वञ्चीत गर्न नपाइने । कुनै सेवा सुविधा वा वस्तु किनवेच गर्न जातिपातिका आधारमा रोकलगाउन नपाउने । आदि व्यवस्था भएको पाइन्छ ।

**घ) प्रकाशन, प्रशारण तथा छापाखाना सम्बन्धी हक** (धारा - १५)

- विद्युतिय प्रकाशन, प्रशारण तथा छापा लगायतका अन्य जुनसुकै माध्यमबाट कुनै पनि समाचार, सम्पादकीय लेख, रचना वा अन्य कुनै पाठ्य, श्रव्यदृष्य, सामग्रीको प्रकाशन तथा प्रशारण गर्न वा छाप्न पुर्व प्रतिबन्ध लगाईने छैन । तर नेपालको सार्वभौमिकसत्ता वा अखण्डता वा विभिन्न जात, जाति, वा सम्प्रदाय वीचको सुसम्बन्धमा खलल पर्ने खालको, राज्यद्रोह, गाली वेइजेती, वा अदालतको अवहेलना हुने, अपराध गर्न दुरतसाहित पार्ने वा सार्बजनिक शिष्टाचार वा नैतिकता प्रतिकुल हुने कार्यमा मनासिक प्रतिवन्ध लगाउने गरी कानून बनाउन रोक लगाएको मानिने छैन ।
- कुनै श्रव्यदृष्य वा विद्युतिय उपकरणको माध्यमबाट कुनै सामग्रीको प्रकाशन तथा प्रशासरण गर्ने वा छापेवापत त्यस्तो सामग्रीको प्रकाशन तथा प्रशारण गर्ने वा छाप्ने, रेडियो, टेलिभिजन, अनलाइन वा अन्य कुनै किसिमको डिजटल वा विद्युतीय, छापा वा अन्य सञ्चार माध्यमलाई वन्द, जफत वा दर्ता खारेज गरिने छैन ।
- कुनै समचार, लेख, सम्पादकीय, रचनावा अन्य कुनै पाठ्यसामग्री मुद्रण वा प्रकाशन गरेवापत कुनै समाचारपत्र, पत्रिका वा छापाखाना बन्द, जफत वा दर्ता खारेज गरिने छैन ।
- कानून बमोजिम बाहेक कुनै छापा, विद्युतिय प्रशारण तथा टेलिफोन लगायतका सञ्चारका साधनलाई अवरुद्ध गर्न सकिने छैन भन्ने व्यवस्था गरिएको छ ।

"शक्ति सन्तुलनको सिद्धान्तले एक अर्को अङ्ग माथि नियन्त्रण गर्ने व्यवस्था भए पनि पत्रपत्रिकाले एकै पटक तीन वटै अङ्गहरुमा नियन्त्रण गरी ती अङ्गहरुलाई चुस्त रहनको निम्ति सतर्क गराउँदछ" (हमाल र दुलाल, २०४९:२२७) । नेपालको अन्तरिम

संविधानको धारा १५ मा राज्यको चौथो अङ्गको रुपमा प्रेश जगतको पूर्ण स्वतन्त्रताको लागि प्रकाशन, प्रशारण तथा छापासम्बन्धी हकको व्यवस्था गरिएको छ ।

कुनै समाचार, सम्पादकिय लेख, रचना, कुनै पाठ्य, श्रव्य दृश्य सामग्रीको प्रकाशन, प्रसारण गर्न पाइने । नेपालको सार्वभौमसत्ता, अखण्डता, विभिन्न जातजाति, सम्प्रदाय बीचको सुसम्बन्धमा खलल पार्ने, राजद्रोह, गालिवेइज्जती, अदालतको अपहेलना आदि कार्य गरेमा त्यस्तालाई रोक्न सक्ने व्यवस्था गरेको पाइन्छ । कानूनमा व्यवस्था भए भन्दा विपरित तरिकाले कुनै छापा, विद्युतिय प्रकाशन, टेलिफोन तथा सञ्चारका साधन नगरीने व्यवस्था गरिएको छ ।

**ङ) वातावरण तथा स्वास्थ्य सम्बन्धी हक** (धारा -१६)

- प्रत्येक व्यक्तिलाई स्वच्छ वातावरणमा बाँच्ने हक हुनेछ ।
- प्रत्येक नागरिकलाई राज्यका कानूनमा व्यवस्था भए बमोजिम आधारभूत स्वास्थ्य सेवा निःशुल्क रुपमा पाउने हक हुनेछ ।

यस संविधान पूर्वका संविधानमा वातावरण तथा स्वास्थय सम्बन्धी हकलाई मौलिकहकमा व्यवस्था गरिएको थिएन । यस अन्तर्गत निम्न कुराहरु व्यवस्था गरिएको छ - सबै नागरिकले स्वच्छ वातावरणमा बच्न, आधारभूत स्वास्थ्य सुविधा राज्यबाट निःशुल्क पाउने । यस यो संविधानले राज्यलाई नागरिकको स्वास्थ्यमा पनि ध्यान दिनुपर्ने व्यवस्था गरेको छ ।

**च) शिक्षा तथा संस्कृति सम्बन्धी हक** (धारा -१७)

- प्रत्येक समूहदायलाई कानूनमा व्यवस्था भए वमोजिम आफ्नो मातृभाषामा आधारभूत शिक्षा पाउने हक हुनेछ ।
- प्रत्येक नागरिकलाई राज्यबाट कानूनमा व्यवस्था भए बमोजिम माध्यमिक तहसम्म निःशुल्क शिक्षा पाउने हक हुनेछ ।
- नेपालमा बसोबास गर्ने प्रत्येक समूदायलाई आफ्नो भाषा, लिपि, संस्कृति, सांस्कृतिक सभ्यता र सम्पदाको संरक्षण र सम्वर्द्धन गर्ने हक हुनेछ ।

शिक्षा र संस्कृति प्रत्येक राष्ट्रका राष्ट्रिय गौरवका प्रतिक हुन । विश्वव्यापी मानव अधिकारको घोषणापत्रको धारा २६ र २७ मा शिक्षा तथा संस्कृति सम्बन्धी व्यवस्था छ । यस संविधानको धारा २७ मा आफ्नो मातृभाषामा आधारभूत शिक्षा पाउने, माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने, नेपालका प्रत्येक समुदायलाई आफ्नो भाषा, लिपि, संस्कृति, सम्पदाको संरक्षण र सम्बर्द्धन गर्ने हकको व्यवस्था गरिएको छ ।

**छ) रोजगारी तथा सामाजिक सुरक्षा सम्बन्धी हक** (**धारा -१८**)

- प्रत्येक नागरिकलाई कानूनमा व्यवस्था भए बमोजिम रोजगरिको हक हुनेछ ।
- महिला, श्रमिक, बृद्धा, अपाङ्ग तथा अशक्त र असहाय नागरिकलाई कानूनमा व्यवथा भए वमोजिम सामाजिक सुरक्षाको हक हुनेछ ।
- प्रत्येक नागरिकलाई कानूनमा व्यवस्था भए बमोजिम खाद्य सम्प्रभुताको हक हुनेछ ।

"स्वास्थ्य, सुरक्षा, उपचार, रोगव्याधी लाग्दा बुढेसकालमा समेत मानिसलाई सामाजिक सुरक्षा चाहिने हुँदा यसको सुनिश्चितता हुनु जरुरी हुन्छ । विश्वमा वेलायत, यूरोपियन मुलुकले सामाजिक सुरक्षा वापत भत्ता प्रदान गर्ने गर्दछन्" (ज्ञवाली, २०६८) । संविधान धारा १८ मा व्यवस्था गरिए बमोजिम सबै नागरिकलाई रोजगारीको हक हुने र महिला, श्रमिक, बृद्ध, अपाङ्ग, अशक्त र असहाय व्यक्तिको लागि सामाजिक सुरक्षाको तुलनामा थप गरेको पाइन्छ । बृद्धाश्रमको व्यवस्था भएमा बृद्धहरु अपमानित भएर बस्नु पर्ने थिएन ।

**ज) सम्पत्तिको हक** (**धारा -१९**)

- प्रत्येक नागरिकलाई प्रचलित कानूनको अधिनमा रही सम्पत्ति आर्जन गर्ने, भोग गर्ने, वेचविखन गर्ने र सम्पत्तिको अन्य कारोबार गर्ने हक हुनेछ ।
- सार्वजनिक हितको लागि वाहेक राज्यले कुनै व्यक्तिको सम्पत्ति अधिग्रहण वा प्राप्त गर्ने वा त्यस्तो सम्पत्ति उपर अरु कुनै प्रकारको कुनै अधिकारको सिर्जना गर्ने छैन । तर अवैध ढंगले आर्जन गरेको सम्पत्तिको हकमा यो उपधारा लागू हुनेछैन ।
- वैज्ञानिक भूमिसुधार कार्यक्रम लागू गर्दा वा सार्वजनिक हितको लागि राज्यले कुनै व्यक्तिको सम्पत्ति अधिग्रहण वा प्राप्त गर्दा वा त्यस्तो सम्पत्ति उपर कुनै अधिकारको

सिर्जना गर्दा कानून बमोजिम क्षतिपूर्ति दिइनेछ । क्षतिपूर्ति र सोको आधार र कार्यप्रणाली कानूनद्वारा निर्धारण गरिए बमोजिम हुनेछ ।

मानव अधिकारको विश्वव्यापी घोषणापत्रको धारा १७ (१) ले प्रत्येक व्यक्तिलाई एक्लै वा अरुसँग मिलेर सम्पत्ति राख्ने र १७ (२) ले कसलाई पनि मनोमानी ढङ्गबाट सम्पत्तिवाट बञ्चीत गरिने व्यवस्था गरेको छ । नेपालको वर्तमान संविधानले पनि नियमनुसार सम्पत्ति आर्जन गर्ने, भोग गर्ने वेचविखन, सम्पत्तिको अन्य कारोवार गर्ने हक दिइएको छ । "कुनै देशमा यथोचित क्षतिपूर्ति (Due process of Law) त कतै कानून वमोजिम (According to Law) का रुपमा क्षतिपूर्ति दिएर अधिग्रहण गर्न सकिन्छ । यसैललाई Power of Eminent Domain र State Policy Power पनि भन्ने गरिन्छ" (ज्ञवाली, २०६८:७९) । नेपालमा राज्यले अधिग्रहण गर्नुपरेमा क्षतीपूर्ति दिएर मात्र ग्रहण गर्ने व्यवस्था छ ।

**झ) महिलाको हक (धारा -२०)**

- महिला भएकै कारणबाट कुनै पनि किसिमको भेदभाव गरिने छैन ।
- प्रत्येक महिलालाई प्रजनन स्वास्थ्य तथा प्रजनन सम्बन्धी हक हुनेछ ।
- कुनै पनि महिला विरुद्ध शारीरिक, मानसिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य गरिने छैन र त्यस्तो कार्य कानूनद्वारा दण्डनिय हुनेछ ।
- पैतृक सम्पत्तिमा छोरा र छोरीलाई समान हक हुनेछ ।

"अन्तर्राष्ट्रिय सम्मेलनहरुले लिङ्गका आधारमा भेदभाव गर्नु नहुने महासन्धि पारित गऱ्यो । वेइजिङ सम्मेलनले महिलाको समानताको हकको पूर्णरुपमा दिलाउन प्रयत्न गऱ्यो । महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मुलन गर्ने महासन्धि १९७९ महत्वपूर्ण रह्यो" (ज्ञवाली, २०६८) । यो संविधान अघिका संविधानमा महिलाको हक सम्बन्धी संवैधानिक व्यवस्था थिएनन् । यस संविधानमा महिलालाई कुनै किसिमको भेदभाव नगरीने, प्रजनन् स्वास्थ्य तथा प्रजनन सम्बन्धी हक महिलामा हुने, महिलालाई शारीरिक, मानसिक हिंसा नगरीने, पैत्रिक सम्पत्तिमा छोराछोरीमा समान हक हुने व्यवस्था गरेको छ ।

**ञ) सामाजिक न्यायको हक (धारा -२१)**

- आर्थिक, सामाजिक, वा शैक्षिक दृष्टिले पछि परेका माहिला, दलित आदिवासी, जनजाती, मधेसी, समूदाय, उत्पीडित बर्ग, गरिब किसान र मजदुरलाई समानुपातिक, समावेशी सिद्धान्तको आधारमा राज्यको संरचनामा सहभागी हुने हक हुनेछ ।

२०१९ सालको संविधानमा सामाजिक न्यायलाई राज्यको निर्देशक सिद्धान्तमा राखेको पाइन्थ्यो भने हालको संविधानले मौलिकहकमा व्यवस्था गऱ्यो । यस संविधानको धारा २१ मा आर्थिक, सामाजिक, शैक्षिक दृष्टिले पछि परेका महिला, दलित, आदिवासी, जनजाती, मधेशी समुदाय, उत्पीडित वर्ग, गरिब, किसान र मजदुरलाई समानुपातिक समावेसी सिद्धान्तको आधारमा राज्यको संरचनामा सहभागी हुने हकको व्यवस्था गरिएको छ ।

**ट) बालबालिकाको हक (धारा - २२)**

- प्रत्येक बालबालिकालाई आफ्नो पहिचान तथा नामको हक हुनेछ (उपधारा-१) ।
- प्रत्येक बालबालिकालाई पालनपोषण, आधारभूत स्वास्थ्य र सामाजिक सुरक्षा प्राप्त गर्ने हक हुनेछ ।
- प्रत्येक बालबालिकालाई शारीरिक मानसिक र अन्य कुनै पनि किसिमको शोषण विरुद्धको हक हुनेछ । यस्तो पोषणजन्य कार्य कानूनद्वारा दण्डनीय हुनेछ र त्यस्तो व्यवहार गरिएको व्यक्तिलाई कानूनले निर्धारण गरे बमोजिमको क्षतिपुर्ति दिईनेछ ।
- असहाय, अनाथ, सुस्तमनस्थिति, द्वन्द्वपीडित एवम जोखिममा परेका सडक बालबालिकाहरुलाई सुनिश्चित भविष्यको लागि राज्यबाट विशेष सुविधा पाउने हक हुनेछ ।
- कुनै पनि नावालकलाई कुनै कलकारखाना, खानी वा यस्तै अन्य कुनै जोखिमपूर्ण काममा लगाउन वा सेना, प्रहरी वा द्वन्दमा प्रयोग गर्न पाइने छैन ।

बाल अधिकार सम्बन्धी महासन्धी १९८९ को प्रस्तावनामा बालबालिकाको सम्बन्धमा भएको व्यवस्था "... बालबालिकाको संरक्षणत तथा सामजस्यपूर्ण निकासका लागि प्रत्येक जनताको परस्पर तथा सांस्कृतिक मूल्यहरुको महत्वप्रति उचित ध्यान दिदै" (पहाडी र दाहाल, २०६५) । अन्तरिम संविधानको धारा २२ बालबालिकाहरुको हक व्यवस्था गरिएको छ । संविधानमा व्यवस्था भए अनुसार बालबालिकाहरुलाई आफ्नो पहिचान र नामको हक, पालन पोषण आधारभूत स्वास्थ्य र सामाजिक सुरक्षाको हक, शारीरिक, मानसिक शोषण विरुद्धको हक, असाहाय, अनाथ, सुस्त मनस्थिति, द्वन्द्वपिडितको लागि राज्यले विशेष सुविधा दिनुपर्ने व्यवस्था गरिएको छ ।

ठ) **धर्मसम्बन्धी हक** (धारा -२३)

- प्रत्येक व्यक्तिलाई प्रचलित सामाजिक एवम् सांस्कृतिक परम्पराको मर्यादा राखि परापूर्वदेखि चलि आएको आफ्नो धर्मको अवलकन, अभ्यास र संरक्षण हुनेछ । तर, कसैले कसैको धर्म परीवर्तन गराउन पाउने छैन र एक अर्काको धर्मको खलल पार्ने गरी कुनै काम व्यवहार गर्नु पाइने छैन ।
- प्रत्येक धार्मिक सम्प्रदायलाई कानून बमोजिम आफ्नो स्वतन्त्र अस्तित्व कायम राखी आफ्नो धार्मीक स्थल र धार्मिक गुठीको सञ्चालन र संरक्षण गर्ने हक हुनेछ ।

संविधानको धारा २३ मा धर्मसम्बन्धी हकको व्यवस्था गरिएको छ । सबै नागरिकलाई आफ्नो धर्मको अवलम्वन गर्ने, अभ्यास र संरक्षण गर्ने, प्रत्येक सामुदायलाई आफ्नो धार्मिक स्थल र धार्मिक गुठीको संरक्षण, संचालन गर्ने हकको व्यवस्था गरिएको छ ।

संविधानको धारा २३ मा धर्मसम्बन्धी हकको व्यवस्था गरिएको छ । सबै नागरिकलाई आफ्नो धर्मको अवलम्वन गर्ने, अभ्यास र संरक्षण गर्ने, प्रत्येक सामुदायलाई आफ्नो धार्मिक स्थल र धार्मिक गुठीको संरक्षण, संचालन गर्ने हकको व्यवस्था गरिएको छ ।

ड) **न्याय सम्बन्धी हक** (धारा -२४)

- कुनै पनि व्यक्तिलाई पक्राउ भएको कारण सहितको सूचना नदिइ थुनामा राखिने छैन ।
- पक्राउमा परेका व्यक्तिलाई पक्राउ परेको समयमा नै आफूले रोजेको कानून व्यवसायिसँग सल्लाह लिन पाउने हक हुनेछ । त्यस्तो व्यक्तिले आफ्नो कानून

व्यवसायसँग गरेको परामर्स र निजले दिइएको सल्लाह गोप्य रहनेछ र त्यस्तो व्यक्तिलाई आफ्नो कानून व्यवसायीद्वारा पुर्पक्ष गर्ने हकबाट वञ्चित गरिने छैन ।

- पक्राउ गर्ने हकबाट वञ्चित व्यक्तिलाई पक्राउ परेको समयवाट बाटोको म्याद बाहेक चौविस घण्टा भित्र मुद्दा हेर्ने अधिकारी समक्ष उपस्थित गराउनु पर्ने छ र त्यस्तो अधिकारीबाट आदेश भएमा बाहेक पक्राउ भएका व्यक्तिलाई थुनामा राखिने छैन । तर उक्त कुराहरु निवारक नजरबन्द र शत्रु राज्यको नागरिकको हकमा भने लागू हुने छैन ।
- तत्काल प्रचलित कानूनले सजाय न हुने कुनै काम गरेवापत कुनै व्यक्ति सजायको भागी हुने छैन र कुनै पनि व्यक्तिलाई कसुर गर्दाको अवस्थामा प्रचलित कानूनमा तोकिए बमोजिम भन्दा बढी सजाय दिइने छैन ।
- कुनै पनि अभियोग लगाइएको व्यक्तिलाई निजले गरेको कसुर प्रमाणित नभएसम्म कसुरदार मानिने छैन ।
- कुनै पनि व्यक्ति विरुद्ध अदालतमा एकै कसुरमा एक पटक भन्दा बढी मुद्दा चलाइने र सजाय दिइने छैन ।
- कुनै कसुरको अभियोग लागेको व्यक्तिलाई आफ्नो विरुद्ध साक्षी हुन कर लगाइने छैन ।
- प्रत्येक व्यक्तिलाई निज विरुद्ध गरिएको कारबाहिको जानकारी पाउने हक हुनेछ ।
- कुनै पनि व्यक्तिलाई सक्षम अदालत वा न्यायिक निकायबाट स्वच्छ सुनवाइको हक हुनेछ ।
- असमर्थ पक्षलाई कानूनका व्यवस्था भए बमोजिम निःशुल्क कानूनी सेवा पाउने हक हुनेछ ।

मानव अधिकारको विश्वव्यापी घोषणापत्रको धारा ७ देखि ११ सम्म न्याय सम्बन्धी हकको व्यवस्था गरिएको छ । यी नै घोषणासँग मिल्दाजुल्दा हकहरु संविधानको धारा २४ मा गरिएको छ । यो धारामा व्यवस्था भएका हकहरुमा कारणसहितको सुचना नदिइ थुनामा नराखिने, अभियोग लागेको व्यक्तिले आफूले रोजेको कानून व्यवसायीसँग सल्लाह लिनपाउने, तत्काल प्रचलित कानूनले तोकेभन्दा वढी सजाय नगरीने, एउटै कसुरमा एक

पटक भन्दा बढी सजाय गर्न नपाइने, अभियुक्तलाई आफ्नो विरुद्धमा आफै साक्षी हुनपर्ने, सक्षम न्यायिक निकायबाट स्वस्थ्य सुनुवाईको अवसर दिने, असमर्थताको लागि निःशुल्क कानूनी सेवा पाउने व्यवस्था गरिएको छ । यी व्यवस्थाहरु हुँदाहुदै पनि हाल नेपालमा न्याय सम्पादन कार्य पनि भ्रष्टाचारको गन्ध आएको आभास हुन्छ ।

**ढ) यातना विरुद्धको हक** (धारा -२६)

- अनुसन्धान, तहकिकात वा पूर्पक्षको सिलसिलामा वा अरु कुनै किसिमले थुनामा रहेको निर्मम, अमानविय वा अपमानजनक व्यवहार गरिने छैन ।
- उक्त कार्य कानूनद्वारा दण्डनिय हुनेछ र त्यस्तो व्यवहार गरिएको व्यक्तिलाई कानूनले निर्धारण गरे बमोजिमको क्षतिपूर्ति दिइनेछ ।

यातना विरुद्धको हक नेपालका यस अधिकार संविधानमा व्यवस्था गरिएको थिएन । यो संविधानको धारा २६ मा व्यवस्था गरिए बमोजिम अनुसन्धान, तहकिकात र पूर्पक्षको सिलसिलामा थुनामा रहेको व्यक्तिलाई शारीरिक यातना दिन हुँदैन । यस्तो गरेमा नजरवन्दमा रहेको व्यक्तिले कानून बमोजिम क्षतिपूर्ति पाउने व्यवस्था गरेको पाइन्छ ।

**ण) निवार नजरवन्द विरुद्धको हक** (धारा -२५)

- नेपाल राज्यको सार्वभौम सत्ता र अखण्डता वा सार्वजनिक शान्ति र व्यवस्थामा तत्काल खलल पर्ने प्रायाप्त आधार नभई कसैलाई पनि निवारक नजरबन्दमा राखिने छैन ।
- निवारक नजरवन्द राख्ने अधिकारीले कानून विपरित वा वदनियत पूर्वक कसैलाई नजरवन्द राखेमा नजरवन्द रहेको व्यक्तिले कानूनद्वारा तोकिए बमोजिम क्षति पूर्ति पाउनेछ ।

कुनै पनि व्यक्तिलाई अधिकार प्राप्त अदालतमा मुद्दा नचलाई र अनुसन्धान नगरी थुनामा राख्न पाइदैन । संविधानको धारा २५ मा यस सम्बन्धी व्यवस्था गरिएको छ । “भारतको संविधानले नजरवन्द सम्बन्धी कानून बनाउन सक्ने अधिकार प्रदान गरेको छ तर अत्यन्त होसीयारी साथ प्रयोग गरिन्छ । वेलायतमा शान्ति समयमा यस्तो कार्य हुँदैन, अमेरीकामा पनि सङ्कटकालमा मात्र नजरवन्द प्रभावकारी हुन्छ” (पाठक, २०५५:३२) । यो

व्यवस्था शासक वर्गमा हुने निरंकुशतामा रोक लगाउन खोजी नागरिकमा स्वतन्त्रता दिइएको पाइन्छ ।

**त) सूचनाको हक (धारा -२७)**

प्रत्येक नागरिकलाई आफ्नो सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने वा पाउने हक हुनेछ तर कानूनद्वारा गोप्य राख्नुपर्ने सूचनाको जानकारी दिन कसैलाई पनि कर लगाइएको मानिने छैन ।

आजको २१ औं शताब्दि सूचना र प्रविधिको यूगको रुपमा विकास भएको पाइन्छ । विज्ञानले सूचना प्रविधिको क्षेत्रमा ठूलो योगदान दिएको छ । "प्रजातन्त्रिक समाजमा आफूले देखे जानेको कुरा स्वतन्त्र अभिव्यक्त गर्ने हरेक ढोका खुल्ला राखिएको हुन्छ" (पाठक, २०५५:३२) । वर्तमान संविधानको धारा २७ मा सबै नागरिकलाई आफ्नो तथा सार्वजनिक सरोकारको जुनसुकै विषयमा सूचना माग्ने पाउने हक दिइएको छ । यसमा गोप्य सूचनाको जानकारी दिन कर नलगाइने व्यवस्था पनि गरेको पाइन्छ ।

**थ) गोपनियताको हक (धारा -२८)**

कुनै पनि व्यक्तिलाई जीउ, आवास, सम्पत्ति, लिखत, तथ्याङ्क, पत्राचार, चरित्रसम्बन्धी कुराहरुको गोपनियता कानुद्वारा तोकिएको अवस्थामा बाहेक अनतिक्रम्य हुनेछ ।

सामाजिक विकासको कारण मौलिक वन्न पुगेको हकहरु मध्ये गोपनियताको हक पनि एक हो । हुन त जन्मेदेखि नै यो हक पनि अनिवार्य मानविय हक बनेको छ (थापा र पौडेल, २०५९:२१) । संविधानको धारा २८ मा व्यक्तिको जीउ, आवास, सम्पत्ति, लिखत तथ्याङ्क, पत्राचार र चरित्र सम्बन्धी कुरा कानून वमोजिमको अवस्थामा वाहेक अनतिक्रम्य नहुने व्यवस्था छ । यसबाट नेपाली नागरिकमा गोपनियताको हकको व्यवस्था छ भन्न सकिन्छ ।

**द) शोषण विरुद्धको हक (धारा -३०)**

- प्रत्येक व्यक्तिलाई शोषण विरुद्धको हक हुनेछ ।
- प्रथा, परम्परा र प्रचलनको नाममा वा कुनै पनि किसिमको कसैलाई शोषण गर्न पाइने छैन ।

- मानिसलाई बेचविखन गर्न, दास वा बाँधा बनाउन पाइनेछैन ।
- कसैलाई पनि निजको इच्छा विरुद्ध काममा लगाउन पाइने छैन तर सार्वजनिक प्रयोजनको लागि नागरिकलाई अनिवार्य सेवमा लगाउन सकिने कानून बनाउन रोक लगाएको मानिने छैन ।

मानिसले मानिसलाई वेचविखन गर्ने, दाष बनाउने, कमारा कमारी राख्ने जस्ता वर्वतापुर्ण व्यवहारका विरुद्धका हकलाई शोषण विरुद्धको हक भनीन्छ । भारत, अमेरिका तथा सम्पूर्ण प्रजातान्त्रीक मुलुकले शोषण विरुद्धका हकको संरक्षण र सुनिश्चीतता गरेको पाइन्छ । अन्तरिम संविधानको धारा २९ मा प्रथा, परम्परा, प्रचलनको आधारमा शोषण गर्न नपाइने, कसैलाई पनि उसको इच्छा विपरित काममा लगाउन नपाइने व्यवस्था गरेको पाइन्छ । यो धारा विश्वव्यापी मानव अधिकारको धारा ४ सँग सम्बन्धित छ ।

**ध) श्रमसम्बन्धी हक (धारा -३०)**

- प्रत्येक कामदार र कर्मचारीलाई उचित श्रम अभ्यासको हक हुनेछ ।
- कानूनमा व्यवस्था भए वमोजिम प्रत्येक कामदार र कर्मचारीलाई आ-आफ्ना हित रक्षाको निमित्त ट्रेडयुनियन खोल्न पाउने, संगठीत हुने र सामुहिक सौदावाजी गर्ने हक हुनेछ ।

यो हक नेपालको संविधानमा व्यवस्था गरिएको पहिलो पल्ट हो । मानव अधिकारको विश्वव्यापी घोषणापत्रको धारा २३ र २४ सँग सम्बन्धित छ । संविधानको धारा ३० मा व्यवस्था गरिएका अनुसार प्रत्येक कामदार र कर्मचारीलाई उचित श्रमको अभ्यास हुने, कामदार र कर्मचारीलाई ट्रेड यूनियन खोल्न, संगठित हुन तथा सामुहिक सौदावाजीको हकको व्यवस्था गरेको छ ।

**न) देशनिकाला विरुद्धको हक (धारा -३१)**

यस संविधानमा कुनै पनि नागरिकलाई देश निकाला नगरीने व्यवस्था गरिएको छ । मानव अधिकारको विश्वव्यापी घोषणा पत्रको धारा १४ (१) मा श्रण खोज्ने र लिने अधिकार उल्लेख गरिएको छ । सो घोषणापत्रको धारा ९ मा कसैलाई मनमानी ढङ्गबाट देश नीकाला, गिरफ्तार नगर्ने उल्लेख गरिएको छ । “आजको विकसित समाजमा नागरिकता

लगायत पासपोर्ट, भिषाको प्रचलन भएको जमानामा देश निकाला गर्ने कार्य सम्भव पनि हुँदैन" (हमाल र दुलाल, २०४९:२४०) ।

यो संविधानको धारा ३१ मा कुनै पनि नागरिकलाई देश निकाला नगर्ने कुरा व्यवस्था गरिएको छ ।

**प) संवैधानिक उपचारको हक (धारा -३२)**

भाग तीनद्वारा प्रदत्त हकको प्रचलनका लागि धारा १०७ मा लेखिएको तरिका अनुसार कारबाही चलाउन पाउने हक सुरक्षित गरिएको छ ।

हकको मात्र व्यवस्था गर्ने तर यी हक हनन् भएमा उपचारको बाटो छैन भने त्यस्ता हकको अर्थ हुँदैन । भारतको संविधान अनुसार मौलिक हकको उपचार संविधानको धारा ३२ ले दिएको अधिकार प्रयोग गरि सर्वोच्च अदालतमा रिट दिन सकिने व्यवस्था छ । वेलायतको वैयक्तिक हकको संरक्षण विशेषाधिकार रिटहक (Profgressive Writes) बाट गरिन्छ, अमेरीकामा संविधानमा मौलिक हकको उपचारको उल्लेख नभएको भए तापनि Justification Act, 1925 ले रिट जारी गर्ने अवस्था र कार्यविधिको व्यवस्था गरेको छ" (पाठक, २०५५:३५) । नेपालको अन्तरिम संविधान २०६३ को धारा ३२ मा संवैधानिक उपचारको हकको व्यवस्था गरिएको छ ।

निरंकुश जहानिया राणा शासन जोगाउन २००४ सालमा नेपाल सरकार वैधानिक कानून २००४ को घोषणा पद्म शंसेरले गरेका थिए । यसले जनतालाई स्वतन्त्रताको केही हक दिन खोजेको थियो तर लागु हुन सकेन । २००७ सालमा राणा शासनको अन्त्य भइ प्रजातन्त्र प्राप्ति भयो २००७ सालमा अन्तरिम संविधान जारी गरियो । यो संविधानले जनतालाई वाक तथा प्रकाशन, घुमफिर गर्ने, निवास र घरजम गर्ने, सम्पत्ति आर्जन, भोगचलन, जातजाति, धर्म, वर्णको आधारमा भेदभाव नगर्ने स्वतन्त्रता दियो । २०१५ सालमा नेपाल अधिराज्यको संविधान २०१५ जारी गरियो । यो संविधानले पहिलाका भन्दा केहि बढी मौलिकहकको व्यवस्था गऱ्यो । जस अनुसार समानताको हक, वैयक्तिक स्वतन्त्रताको हक, धर्म, राजनीति, सार्वजनिक हित र संवैधानिक उपचारका हकको व्यवस्था गरिएको थियो ।

२०१७ सालमा निर्दलिय पञ्चायती व्यवस्थाको घोषणा गरी राजा महेन्द्रले प्रजातन्त्रको घाटी निमठे । २०१९ सालमा पञ्चायती संविधान "नेपालको संविधान २०१९"

जारी भयो । राजामा सार्वभौमिकता गयो । जनतालाई राजभक्तिमा लाने प्रयास गरिएको थियो । ३० वर्षसम्म यस्तो एकदलिय शासनव्यवस्था सञ्चालित भयो । २०४६ सालमा जन आन्दोलन गरी पञ्चायती व्यवस्थालाई फालि बहुदलीय प्रजातान्त्रिक व्यवस्था पुनः स्थापित भयो । २०४७ सालमा "नेपाल अधिराज्यको संविधान २०४७" जारी भयो यसले नेपाली नागरिकलाई पहिलाका भन्दा बढी मौलिकहकको व्यवस्था गर्‍यो । मृत्युदण्ड दिन नपाइने व्यवस्था भयो । बहुदलीयता प्राप्त भए तापनि राज्यशक्ति राजामा नै सीमित भयो जसको कारण राजाले आफ्नो शक्ति बढाउँदै गए र फेरि २०६२-०६३ जनआन्दोलन भयो र राजतन्त्र समाप्ती सहितको अन्तरिम संविधान जारी भयो । यो संविधानले धर्म निरपेक्षता र संघीय राज्यको परिकल्पना गरी मानव अधिकारको विश्वव्यापी घोषणापत्रमा उल्लेखित धेरै जसो धाराहरुलाई समेट्ने गरी मौलिकहकको व्यवस्था गरेको छ ।

## ४.२ मानव अधिकारलाई नेपालका संविधानहरुमा के कसरी समावेश गरिदै आएको छ त्यसको तुलनात्मक अध्ययन

संयुक्त राष्ट्र संघको वडापत्रको धारा - १ अनुसार जात, जाति, लिङ्ग, भाषा वा धर्मको कुनै भेदभाव नराखि सबैका लागि मानव अधिकार र मौलिक स्वतन्त्रताहरु प्रतिको सम्मान र आस्थालाई बढाउन एवम् प्रोत्साहित गर्न अन्तर्राष्ट्रिय सहयोग प्राप्त गर्नु संयुक्त राष्ट्र संघको प्रमुख उद्देश्यमध्ये एक हो ।

"सत्रौं शताब्दिको अन्त्यतिर विभिन्न दार्शनिकहरुले मानव अधिकार सम्बन्धी आ-आफ्ना विचारहरु प्रस्तुत गर्न थाले । सन् १६९० मा प्रकाशित एक ग्रन्थमा वेलायतका दार्शनिक जोनलक (John Locke) ले मानिसका प्राकृतिक अधिकारहरुलाई समावेश गरेको पाइन्छ" (शर्मा, २०४९) । "कसैले पनि कुनै पनि व्यक्तिलाई उसको चाहना विपरित व्यवहार गर्नु हुँदैन भन्ने सिद्धान्त मानव अधिकारको अभिन्न पक्ष हो । मानव अधिकार अन्तर्राष्ट्रिय तहमा सीमित हुने दस्तावेजमात्र होइन अन्तर्राष्ट्रिय तहमा भएका मानव अधिकारको अन्तरसम्बन्ध स्थापित कानूनी पद्धति धर्म, संस्कृति र परम्परामा रहन्छ" (तिमिल्सिना र अन्य, २०६६:४८) ।

मानव अधिकारको विश्वव्यापी घोषणा पछि विश्वका धेरै जसो मुलुकहरुमा मानव अधिकारलाई आ-आफ्ना संविधानमा व्यवस्था गर्ने गरेको पाइन्छ । नेपालमा हालसम्म जम्मा ६ वटा संविधानहरु जारी गरेको पाइन्छ ।

**तालिका १**

**संविधानहरुमा व्यवस्था गरिएका मौलिक हकहरु निम्न बमोजिम**

| **नेपाल सरकार वैधानिक कानून २००४** | **नेपालको अन्तरिम शासन विधान २००७** |
|---|---|
| ✱ "व्यक्तिगत स्वतन्त्रता, वाक स्वतन्त्रता, प्रकाशन स्वतन्त्रता, भेला र छलफलको स्वतन्त्रता, आराधनाको स्वतन्त्रता, कानूनको सम्पूर्ण स्वतन्त्रता, सस्तो र सरल न्यायप्राप्तिको स्वतन्त्रता, सर्व निःशुल्क र अनिवार्य प्राथमिक शिक्षाको हक, वयस्क मताधिकार, व्यक्तिगत सम्पत्ती सुरक्षाको हक जस्ता मौलिकहरुको उल्लेखित थिए" (पोखरेल, २०६३:४४) | ✱ वाक तथा प्रकाशन स्वतन्त्रता<br>✱ शान्तिपूर्वक र विना हतियारको सम्मेलन सभा गर्ने, संघसंस्था खडा गर्ने,<br>✱ विनारोकटोक नेपाल अधिराज्यभर घुमफिर निवास र घरजम गर्ने,<br>✱ सम्पत्ति आर्जन गर्ने, भोग गर्ने वेचविखन गर्ने<br>✱ कुनै पेशा, रोजगार, उद्योग र व्यापार गर्ने<br>✱ धर्म, जाति, जात वर्णको आधारमा भेदभाव गर्ने |
| **नेपाल अधिराज्यको संविधान २०१५** | **नेपालको संविधान २०१९** |
| यो संविधानको भाग ३ को धारा ३ देखि ९ सम्म मौलिकहकको व्यवस्था भएको पाइन्छ। ती हकहरु निम्नानुसार छन् :<br>✱ वैयक्तिक स्वतन्त्रता,<br>✱ समानता, धर्म, राजनीतिक स्वतन्त्रता,<br>✱ सार्वजनिक हित,<br>✱ संवैधानिक उपचारको हक | यो संविधानको धारा ९ देखि १७ सम्म मौलिक हक र कर्तव्यको व्यवस्था गरिएको छ । ती हकहरु निम्नानुसार छन् :<br>✱ नागरिकको मूल कर्तव्य,<br>✱ समानताको हक, स्वतन्त्रताको हक,<br>✱ देश निकाला विरुद्धको हक, सम्पत्तिको हक<br>✱ धर्म सम्बन्धी हक,<br>✱ संवैधानिक उपचारको हक |
| **नेपाल अधिराज्यको संविधान २०४७** | **नेपालको अन्तरिम संविधान २०६३** |
| यो संविधानको भाग ३ मा धारा ११ देखि २३ सम्म मौलिकहको व्यवस्था गरिएको छ । ती हक निम्न बमोजिम छन् :<br>✱ समानताको हक, स्वतन्त्रताको हक<br>✱ छापाखाना र पत्रपत्रिका सम्बन्धी हक<br>✱ फौजदारी न्याय सम्बन्धी हक | यो संविधानको भाग ३ मा धारा १२ देखि ३२ सम्म मौलिकहकको व्यवस्था गरिएको छ । ती हकहरु निम्न बमोजिम छन् :<br>✱ स्वतन्त्रताको हक, समानताको हक<br>✱ छुवाछुत तथा जातीय भेदभाव विरुद्धको हक<br>✱ प्रकाशन प्रशारण तथा छापाखाना सम्बन्धी हक |

| | |
|---|---|
| ✷ निवारक नजरवन्द विरुद्धको हक<br>✷ सूचनाको हक, सम्पत्तिको हक<br>✷ संस्कृति तथा शिक्षा सम्बन्धी हक<br>✷ धर्म सम्बन्धी हक, शोषण विरुद्धको हक, देश निकाला विरुद्धको हक<br>✷ गोपनियताको हक, संवैधानिक उपचारको हक | ✷ वातावरण तथा स्वास्थ्य सम्बन्धी हक<br>✷ शिक्षा तथा संस्कृति सम्बन्धी हक<br>✷ रोजगारी तथा सामाजिक सुरक्षा सम्बन्धी<br>✷ सामाजिक न्यायको हक, बालबालिकाको हक, धर्म सम्बन्धी हक, न्याय सम्बन्धी हक, निवारक नजरवन्द विरुद्धको हक<br>✷ यातना विरुद्धको हक, सूचनाको हक, गोपनियताको हक, शोषण विरुद्धको हक, श्रम सम्बन्धी हक, देश निकाला विरुद्धको हक र संवैधानिक उपचारको हक । |

छ वटै संविधानमा व्यवस्थ गरिएका मौलिक हकको तुलना नेपाल सरकार वैधानिक कानून २००४ र नेपालको अन्तरिम संविधान २००७ मा भएका समानताहरुमा वाक तथा प्रकाशन स्वतन्त्रता, शान्ति पूर्वक र विना हातहतियार सम्मेलन सभा गर्ने, सम्पत्तिको हक थिए भने २००७ को संविधानमा पेशा रोजगार उद्योग व्यापार गर्ने र धर्म, जाति, वर्णको आधारमा भेदभाव नगर्ने थप व्यवस्था भएको पाइन्छ । २००४ को संविधानमा आराधानाको स्वतन्त्रता कानूनको सम्पूर्ण स्वतन्त्रता सर्व निःशुल्क र अनिवार्य प्रथमिक शिक्षा र वयस्क मताधिकार आदि हक बढी थिए ।

नेपाल अधिराज्यको संविधान २०१५ र नेपलको संविधान २०१९ को मौलिक हकको तुलना गर्दा दुबै संविधानमा व्यवस्था गरिएका हकहरु समानताको हक, स्वतन्त्रताको हक, धर्म सम्बन्धी हक तथा संवैधानिक उपचारको हक हुन् भने २०१५ सालको संविधानमा भएका र २०१९ सालको संविधानमा व्यवस्था नभएमा हकहरुमा राजनीतिक स्वतन्त्रता र सार्वजनिक हित हुन् र २०१९ सालको निर्दलीय पञ्चायती संविधान भएकोले राजनीतिक स्वतन्त्रताको हकको व्यवस्था गर्न सकेको देखिदैन । नेपल अधिराज्यको संविधान २०४७ र नेपालको अन्तरिम संविधान २०६३ दुबैमा व्यवस्था गरिएका मौलिक हकहरु : स्वतन्त्रता र समानताको हक, छापाखाना र पत्रपत्रिका सम्बन्धी हक, फौजदारी न्यायको हक, सूचना र सम्पत्तिको हक, शिक्षा तथा संस्कृतिको हक, धर्म सम्बन्धी हक, शोषण विरुद्धको हक, देश निकाला विरुद्धको हक हुन्, गोपनियताको हक, संवैधानिक उपचारको हक तथा निवारक नजरबन्द विरुद्धको हक हुन् भने २०४७ सालको संविधानमा भन्दा बढी व्यवस्था गरिएका

२०६३ को अन्तरिम संविधानमा भएका मौलिक हकहरु यसप्रकार छन् : छुवाछुत तथा जातीय भेदभाव विरुद्धको हक, वातावरण तथा स्वास्थ्य सम्बन्धी हक, रोजगारी तथा सामाजिक सुरुक्षा सम्बन्धी हक, सामाजिक न्यायको हक, बालबालिकाको हक, यातन विरुद्धको हक, श्रम सम्बन्धी हक, र महिलाको हक छन् ।

हालसम्म जारी भएका संविधानहरुलाई हेर्दा पहिलो नेपाल सरकार वैधानिक कानून २००४ मा राणाहरुले आफ्नो शासनसत्ता जोगाउन थोरै मात्रामा जनतालाई मौलिकहरु दिन खोजेका थिए तर यो संविधान ऐतिहासिक लिखित मात्र रह्यो, लागू हुन सकेन । लिखित र लागु भएकोमा पहिलो संविधान २००७ सालको “नेपाल अन्तरिम शासन विधान २००७” हो । यो संविधानमा छुट्टै मौलिक हकको व्यवस्था थिएन । तर मौलिक हकलाई राज्यका निर्देशक सिद्धान्त अन्तर्गत राखिएको थियो जसलेगर्दा यी हकलाई पनि राज्य विरुद्धका हक भन्न मिल्दैन किनकि निर्देशक सिद्धान्तहरु बन्धनकारी नभएर राज्यका मार्गदर्शकका रुपमा रहन्छन् ।

नेपालको प्रजातन्त्र प्राप्ति पछिको महत्वपूर्ण संविधानको रुपमा २०१५ सालको “नेपाल अधिराज्यको संविधान २०१५” लाई लिन सकिन्छ । यो संविधानले पूर्ण रुपमा प्रजातन्त्रलाई स्थापित गर्न खोजेको पाइन्छ । यसले संघसंस्था खोल्ने, ट्रेडयूनियन खोल्ने, निवारक नजर बन्दमा राख्न नपाइने, स्वतन्त्र न्यायप्रणाली, संवैधानिक उपचारको हकको व्यवस्था गरेको पाइन्छ । तर २०१७ सालमा राजा महेन्द्रले बहुदलीयता माथि प्रतिबन्ध लगाई एकदलिय शासन सञ्चालन गरे । २०१९ सालमा “नेपालको संविधान २०१९” जारी गरी एकदलिय पञ्चायति व्यवस्था लागु गरे, प्रजातन्त्रको घाँटी निमोठी ३० वर्षसम्म यस्तो निरंकुश निर्दलिय पञ्चायती व्यवस्था चल्यो । सार्वभौमसत्ता राजामा निहित भयो ।

२०४७ सालमा पुनः प्रजातन्त्रको प्राप्ति पछि लागू गरिएको नेपाल अधिराज्यको संविधान २०४७ ले पुनः बहुदलीयतालाई मान्यता दियो । राजनीतिक दल खोल्न, ट्रेडयुनियन खोल्न, आफ्ना विचार राख्न स्वतन्त्ररुपले पाइने व्यवस्था नेपाल अधिराज्यको संविधान २०४७ ले गऱ्यो । लोकतान्त्रिक जनआन्दोलन २०६२/०६३ को आडमा ०६३ मा नयाँ संविधान जारी भयो । यो अन्तरिम संविधान हो । संविधान सभाबाट नयाँ सविधान जारी नभएसम्म यो संविधानले काम गर्दछ । यो संविधानमा नागरिकका मौलिक हकमा बृद्धि गरिएको पाइन्छ । यो संविधानमा धर्म निरपेक्षताको व्यवस्था गरिएको पाइन्छ, संविधानमा

संघीयताको समेत कल्पना गरिएको छ । तुलनात्मक रुपमा सबै संविधानमा व्यवस्था गरिएका मौलिक हकहरुमा एकपछि अर्कोमा बृद्धि गर्दै लगेको पाइन्छ ।

**तालिका २**

**नेपालको अन्तरिम संविधान २०६३ र मानव अधिकारको विश्वव्यापि घोषणापत्र**

| नेपालको अन्तरिम संविधान २०६३ मा व्यवस्था गरिएका मानव अधिकारहरु | मानव आधिकारको विश्वव्यापी घोषणपत्र १९४८ अनुसूची १ मा दिइएको छ । त्यसमा व्यवस्था गरीएिका मानव अधिकार निम्न बमोजिम छन् । |
|---|---|
| ✸ स्वतन्त्रताको हक ।<br>✸ समानताको हक ।<br>✸ छुवाछुत तथा जातीय भेदभाव विरुद्धको हक ।<br>✸ प्रकाशन प्रशारण तथा छापाखान सम्बन्धी हक ।<br>✸ वातावरण तथा स्वास्थ्य सम्बन्धी हक ।<br>✸ शिक्षा तथा संस्कृति सम्वन्धी हक ।<br>✸ रोजगारि तथा सामाजिक सुरक्षा सम्वन्धी हक ।<br>✸ सम्पत्तिको हक ।<br>✸ महिलाको हक ।<br>✸ सामाजिक न्यायको हक ।<br>✸ बालबालिकाको हक ।<br>✸ धर्म सम्बन्धी हक ।<br>✸ न्याय सम्बन्धी हक ।<br>✸ निवारक नजरवन्द विरुद्धको हक ।<br>✸ यातना विरुद्धको हक ।<br>✸ सूचनाको हक ।<br>✸ गोपनियताको हक ।<br>✸ शोषण विरुद्धको हक ।<br>✸ श्रक सम्बन्धी हक । | ✸ सबैको समान प्रतिष्ठा र अधिकार प्रत्येकले परस्परमा भातृत्वको व्यवहार गर्नु पर्ने ।<br>✸ जाति, पर्ण, लिङ्ग, भाष, धर्म, राजनीति आदिको आधारमा भेदभाव नगरिने ।<br>✸ वैयक्तिक स्वतन्त्रता र आत्मसुरक्षाको अधिकार<br>✸ दासदासी नराखिने र यस सम्वन्धी व्यापारमा पूर्ण निशेध ।<br>✸ कसैलाई पनि शारीरिक यातना, क्रुर, अमानवीय व्यवहार र सजाय नगरिने ।<br>✸ कानूनको दृष्टिमा सबै व्यक्ति समान हने ।<br>✸ सबै व्यक्तिले बिना भेदभाव कानूनी संरक्षण पाउने ।<br>✸ मौलिक हकको उल्लघनमा कानूनी उपचारको हक ।<br>✸ देश निकाला गर्न नपाइने हक ।<br>✸ स्वतन्त्र र न्याययुक्त अदालतबाट सुनुवाइको हक ।<br>✸ राष्ट्रिय वा आर्त्राष्ट्रिय कानून अनुसार अपराध नमानिने काममा दोषी नठहरीने, कानूनमा तौकीए भन्दा बढी सजाय नगरीने । |

| | |
|---|---|
| ✷ देश निकाला विरुद्धको हक ।<br>✷ संवैधानिक उपचारको हक । | ✷ कसैको सम्मान तथा प्रतिष्ठामा हस्तक्षेप नगरिने ।<br>✷ आफ्नो देशको सीमाना भित्र हिडडुल, बसोबास गर्ने, आफ्नो देश वा अरु कुनै देशबाट वाहिर जान आउन पाउने ।<br>✷ राष्ट्रियताको अधिकार ।<br>✷ स्त्री पुरुषहरु आपसमा स्वतन्त्रता पूर्वक विवाह गर्न पाउने ।<br>✷ सम्पत्तिको हक ।<br>✷ सूचनाको हक, विचार र अभिव्यक्तिको हक ।<br>✷ शान्ति पूर्वक सभा गर्ने र संस्था खोल्ने अधिकार ।<br>✷ सरकारमा प्रत्यक्ष वा स्वतन्त्र रुपले चुनिएर भाग लिने, सरकारी जागिरमा समान प्रवेशाधिकार, सरकारको सत्ताको आधार जनताको इच्छा हुने ।<br>✷ प्रत्येक व्यक्तिलाई सामाजिक सुरक्षाको हक ।<br>✷ रोजगार रोज्ने, काम गर्ने, समान कामको लागि समान ज्याला, व्यक्तिहितको लागि ट्रेड युनियन खोली त्यसमा सम्मिलित हुन ।<br>✷ सबैतनिक आवधिक विदा, आराम र विश्रामको अधिकार ।<br>✷ स्वास्थ्य सम्बन्धी अधिकारमा औषधोपचार विरामी असमर्थता, विधवा लाई सुरुक्षाको अधिकार ।<br>✷ प्रारम्भिक शिक्षा अनिवार्य तथा निःशुल्क शिक्षाले व्यक्तित्वको विकास गर्ने, छोरा छोरीलाई दिने शिक्षा रोज्ने अधिकार |

| | |
|---|---|
| | आमाबाबुलाई हुने ।<br>✸ साँस्कृतिक कार्यक्रममा भाग लीने, आनन्द लिने वैज्ञानिक प्रगतिको उपभोग गर्ने, व्याक्तिको रचना वा सिर्जना, वैज्ञानिक, साहित्यिक कृतिको संरक्षणको अधिकारको व्यवस्था छ ।<br>✸ स्वतन्त्ररुपले घोषणापत्रमा व्यवस्था गरिएका सामाजिक र अन्तराष्ट्रिय व्यवस्थामा भाग लिन पाउने ।<br>✸ समाज प्रति कर्तव्य हुने व्यक्ति समाजमा वसेर व्यक्तिको स्वतन्त्र र पूर्ण विकास हुने, आफ्नो हकको प्रयोग गर्दा अरुको स्वतन्त्रतामा हनन् गर्न नहुने कानूनद्वारा निर्धारित सीमा भित्र रहनु पर्ने ।<br>✸ यस घोषणपत्रमा उल्लेखित अधिकार र स्वतन्त्रतालाई कुठाराघात गर्ने उद्देश्यले व्याख्या गर्न नहुने । |

स्वतन्त्रताको हक, समानताको हक, छुवाछुत तथा जातीय भेदभाव विरुद्धको हक, प्रकाशन, प्रशारण थता छापाखाना सम्बन्धी हक, वातावरण तथा स्वास्थ्य सम्बन्धी हक, शिक्षा तथा तथा संस्कृती सम्बन्धी हक, सामाजिक सुरक्षाको हक, सम्पत्तिको हक, महिलाको हक, सामाजिक न्यायको हक, बालबालिकाको हक, न्याय सम्बन्धी हक, यातना विरुद्धको हक, सूचनाको हक, शोषण विरुद्धकोहक, श्रम सम्बन्धी हक र संवैधानिक उपचारको हक यी हकहरु मावन अधिकारको विश्वव्यापी घोषणापत्र १९४८ र नेपालको अन्तरिम संविधान २०६३ दुवैमा समानरुपमा छन् । मानव अधिकारको विश्वव्यापी घोषणापत्रमा व्यवस्था गरिएका तर अन्तरिम संविधानमा नभएका अधिकारहरु यस प्रकार छन् - कसैको सम्मान तथा प्रतिष्ठामा हस्तक्षेप नगरिने, शरण खोज्ने अधिकार, स्त्रीपुरुषहरु आपसमा स्वतन्त्रतापूर्वक विवाह गर्न पाउने अधिकार समाजप्रति कर्तव्य हुने व्यक्ति समाजमा बसेर

स्वतन्त्र र पूर्ण विकास गर्न पाउने अधिकार, प्रत्येक व्यक्तिले स्वतन्त्रतापूर्वक प्रत्यक्ष वा अप्रत्यक्ष रुपबाट चुनिएर सरकारमा भागलिने अधिकार आदि ।

## ४.३ नेपालको अन्तरिम संविधान २०६३ मा भएका मानवअधिकारको विश्लेषण

"अन्तरिम संविधानको प्रस्तावनामा अन्तरिम संविधान लेखिनु पर्ने आधार र कारण, त्यसका स्रोतहरु, पुरानो संविधान खारेज गर्नुपर्ने कारण र नयाँ अन्तरिम संविधान ल्याउनु पर्ने कारण खोलिएको छैन" (ज्ञवाली, २०६८) । विश्वको संवैधानिक पद्धतिको अध्ययन गर्दा पुरानो राजनीतिक सत्ता परीवर्तन भई नयाँ राजनीतिक सत्ताको निर्माण नयाँ संविधान नवनाएसम्म सङ्क्रमणकालमा राज्य शक्ति हस्तान्त्रण गर्न अन्तरिम संविधान निर्माण गर्ने अधिकार जन आन्दोलनकारी शक्ति वा परीवर्तनको वाहक शक्तिलाई हुन्छ" (दाहाल, २०६३) । नेपालका द्वन्द्व व्यवस्थापन नगरी मुलुकमा शान्तिलाई संस्थागत गर्ने काममा यो संविधान कोशेढुङ्गा सावित हुन सक्छ । राजनीतिक दलहरुले बुद्धिमत्तापूर्वक काम गर्न सके भने यो संविधान सहजै नेपालमा लोकतान्त्रीक गणतन्त्रको प्रवेशद्वार हुन सक्छ" (पोखरेल, २०६३:१०६) ।

नेपालको राजनीतिक व्यवस्थामा सक्रिय राजतन्त्रात्मक भूमिकाबाट बाक्क भएका नेपाली जनताले जन आन्दोलन २०६२-०६३ को माध्यमबाट राजनैतिक परीवर्तन गरी राजतन्त्रात्मक राज्य व्यवस्थाबाट मुक्त भई गणतन्त्रात्मकता कायम गरी अन्तरिम संविधान जारी गरिएको नेपालको अन्तरिम संविधान २०६३ मा निम्न बमोजिम मौलिक हकको व्यवस्था भएको पाइन्छ ।

हालसम्म नेपालमा जम्मा ६ वटा संविधानहरु जारी गरिए । पहिलो संविधान लिखित भयो तर लागु भएन । त्यसपछिका पाँच ओटा संविधानहरु लागू भए । वर्तमान संविधान मौलिक हकका दृष्टिले अरु संविधान भन्दा फराकिलो देखिन्छ । संविधानको मूल भावनामा राजनीतिक सहमतिका आधारमा राज्य संरचना गर्ने भन्ने भएकोले यो कार्यान्वयन हुन कठिन भएको पाइन्छ । राज्यमा दण्डहिनता, सत्तालोलुपता, भ्रष्टचार जस्ता विकृतिहरुले गर्दा मानव अधिकारमा आधात पर्न गएको पाइन्छ ।

# परिच्छेद : पाँच

## निष्कर्ष र निचोड

आजको मानिस हिजको ढुङ्गेयुगको मानिसभन्दा बढी अधिकार प्रयोग गर्छन् । यी अधिकार स्वयम्सिद्ध रुपमा भने प्राप्त भएको होइनन् । यी अधिकार प्राप्त हुनुमा विधिन्न परिस्थिति र घटनाहरु जिम्मेवार छन् । मानिसमा अधिकारप्रतिको चेतना आएपछि यसको उपयोगका लागि धेरै प्रयाहरु भएका छन् । मानिसलाई मानिस जस्तै भएर बाँच्नका लागि जब अधिकारहरु र यसको उपयोगको आवश्यकता महसुस गरियो । अधिकार भनेको ती सम्पूर्ण अधिकारहरु हुन् जुन मानिस भएर बाँच्नमा लागि आवश्यक हुन्छन् । मानव अधिकार एक सैद्धान्तिक कुरा हो ।

बेलायतमा भएको राजा र संसदवादी (जनताका प्रतिनिधि) बीचको विवाद मानव अधिकारसँग सम्बन्धित थियो । लामो संघर्ष पछि वेलायतमा सन् १२१५ मा स्वतन्त्रताको महाअधिकार पत्र (Magna Carta) को घोषणा गरियो । यसबाट जनताले धेरै अधिकारहरु पाए । विश्वसमूदायमा मानव अधिकारका आन्दोलन अगाडि बढे । मानव अधिकारकै लागि त्यहाँ राजा चार्ल्स प्रथमलाई फाँसी दिइयो । राजालाई स्वेच्छाचारी हुनबाट रोक्न अधिकारपत्र (Petition of Right 1628) राजा समक्ष प्रस्तुत गरियो । यसले मानव अधिकारको आन्दोलनलाई अगाडि बढाउन टेवा पुऱ्यायो । वैयक्तिक स्वतन्त्रताको अपहरण भएमा अदालतीय उपचारको व्यवस्था गरियो ।

अमेरिकी स्वतन्त्रताको घोषणपत्र (American Declaration of Independent) १७७६ ले वेलायतमा गरिएको मानव अधिकारको व्यवस्थालाई अमेरिकी जनताले उपभोग गर्ने काम गरे । जीवन स्वतन्त्रता र सुखलाई प्रमुख अधिकारको रुपमा संविधानमा संसोधन गर्न नसकिने गरी ग्रहण गरियो । प्रथम विश्वयुद्धमा धेरे धनजनको क्षती हुँदा मानव अधिकारमा ठूलो चोठ पऱ्यो । विश्वमा शान्ति स्थापनामो लागि गठन गरिएको राष्ट्र संघ (League of Nations) ले खासै मानव अधिकारको संरक्षण गर्न सकेन । फेरि सन् १९३९ देखि १९४५ सम्म दोस्रो विश्वयुद्ध भयो । यो युद्धले मानव अधिकारमा ठूलो क्षती पुऱ्यायो । दोस्रो विश्वयुद्ध पछि गठित संयुक्त राष्ट्र संघले मानव अधिकारको संरक्षणमा ठूलो टेवा पुऱ्याएको छ । तैपनि यसले आफ्नो कार्यलाई अझै मानव अधिकारमुखि बनाउन आवश्यक छ । संयुक्त राष्ट्र संघको वडापत्रका आधारमा सन् १९४८ मा मानव अधिकारको

विश्वव्यापी घोषणापत्र जारी गरियो । यो नै विश्वका मानिसहरुले एकसाथ प्रयोग गर्न पाउने पहिलो मानव अधिकारको दस्तावेज हो । यो दस्तावेजमा उल्लेख गरिएका कुराहरुलई व्यवहारमुखी बनाउनु सम्बन्धित राष्ट्रको दायित्व हो । सबै राष्ट्रले विश्वव्यापी मानव अधिकारको घोषणापत्रमा भएका हुराहरुलाई आ-आफ्नो संविधानमा मौलिक हकका रुपमा व्यवस्था गर्नु पर्दछ । मानव अधिकारको संरक्षणका लागि विभिन्न सरकारी तथा गैह्र सरकारी संध संगठनले गरेको पाइन्छ । विभिन्न सन्धि सम्झौताहरुले मानव अधिकारको संरक्षणमा खेलेको भूमिका महत्वपूर्ण देखिन्छ ।

नेपालको प्रचिनकालमा धर्मको आधारमा शासन गरिन्थ्यो धर्मशास्त्र नै कानून मानिन्थे । धर्मशास्त्रकै आधारमा कठोर सजाय दिइन्थे । यसले मानव अधिकारमा ठूलो क्षति भएको पाइन्छ । मध्यमकालमा नेपाली समाजलाई चार वर्ण ३६ जातमा विभाजन गरियो । यसले पनि मानव अधिकारमा क्षति पुऱ्यायो । आधुनिक काल शुरु भए पछि पनि मानव अधिकारको संरक्षण हुन सकेन । राणाशासन शूरु हुनु पूर्वको समयमा भएका केही व्यवस्थाहरु मानव अधिकारमा लागि सकारात्मक नै पाइन्छन् । नेपाल एकिकरणमा भएका घटनाले मानव अधिकारको उल्लङ्घनलाई प्रष्ट पार्दछ । त्यो समयमा केही संरक्षणका कामहरु पनि भएका थिए । १९१० सालमा श्री ५ सुरेन्द्रको पालमा बनेको मुलुकी ऐनले मानव अधिकारका धेरै कुराहरुलाई लिखित रुपमा स्वीकारेको पाइन्छ ।

मानव अधिकारको विश्वव्यापी घोषणापत्र १९४८ जारी गरिएको समयमा नेपालमा राणाहरुले आफ्नो शासन सत्ता जोगाउन नेपाल सरकार वैधानीक कानून २००४ लागू हुने भनी घोषणा गरेको थिए । यो नै नेपालको पहिले संविधान हो । यसमा व्यवस्था गरिएका मौलिक अधिकार सम्बन्धी व्यवस्थाहरु अपूरा भए पनि महत्वपूर्ण थिए तर पनि ती लागू भएनन् । २००७ सालमा निर्माण गरिएको अन्तरिम संविधान २००७ मा व्यवस्था गरिएका मौलिक हकलाई कार्यान्वयन गराउन मिलेन किनकि यी निर्देशक सिद्धान्तमा राखिएका थिए ।

नेपाल अधिराज्यको संविधान २०१५ मा पहिलाका संविधानमा भन्दा केही बढोत्तरी गरी मौलिक हकको व्यवस्था गरियो । मौलिक हकको उपचारको लागि न्यायपालिकाको पनि व्यवस्था गरिएको थियो तर २०१७ सालमा बहुदलीय व्यवस्थाको अन्त्य गरी राजा महेन्द्रले निर्दलीय पञ्चायती व्यवस्थाको घोषणा गरी २०१९ सालमा पञ्चायती संविधान जारी गरे । प्रजातन्त्रीक व्यवस्थाको घाँटी निमोठ्ने काम भयो । ३० बर्षसम्म यो निर्दलीय पञ्चायती व्यवस्था संचालित भयो ।

मानव अधिकार मानव मात्रले पाउने अधिकार हो । मानव अधिकारको दृष्टिमा नेपालको अन्तरिम संविधान २०६३ को सन्दर्भमा अध्ययन विश्लेषण गर्दा के कुरा स्पष्ट भयो भने मानव अधिकारलाई हरेक मुलुकमा मूल कानून संविधानमा राखिएको हुन्छ । संविधान जनमुखी हुनु पर्छ । जनमुखी संविधानले जनताका हक र अधिकारको ग्यारेण्टी जनतालाई दिलाउन संविधान लिपिवद्ध गर्ने र त्यसरी लिपीबद्ध गरी सकेपछि जनताको मौलिक हकको रुपमा मानव अधिकारलाई संरक्षण र संबर्धन गर्ने कार्य राज्यको हुन्छ । संसारको संवैधानिक इतिहासको अध्ययन गर्दा हरेक मुलुकको मानव अधिकारको विश्वव्यापी घोषणापत्रमा उल्लेख गरेका कुरा आ-आफ्ना संविधानमा मौलिक हकको रुपमा राखी जनतालाई अधिकार सम्पन्न गराउने कार्य गरेका हुन्छन् । त्यस्तै नेपाल सन् १९५५ मा संयुक्त राष्ट्र संघको सदस्य बनी सकेपछि बनेका नेपालका संविधानहरुमा मौलिक हकको रुपमा विश्वव्यापी मानव अधिकारका व्यवस्था गरेको देखिन्छ । नेपालको २०६२/०६३ सालको लोकतान्त्रिक आन्दोलन पश्चात् बनेको गणतन्त्रात्मक संविधान, नेपालको अन्तरिम संविधान २०६३ मा पनि मौलिक हकको व्यवस्था गरिएको छ ।

मानव अधिकारको विश्वव्यापि घोषणा सन् १९४८ अनुसार नेपालले यी अधिकारहरु नेपाली जनताले उपभोग गर्न पाउने र राष्ट्रले जनताको ती मानव अधिकारलाई मौलिक हकको रुपमा विभिन्न संविधानमा उल्लेख गरी कार्यान्वयन गर्ने प्रयास गरेको पाइन्छ । तथापी नेपालमा संवैधानिक रुपमा मानव अधिकारलाई मौलिक हकको रुपमा व्यवस्था गरे पनि नेपाल राज्य आर्थिक रुपमा सम्पन्न नभएको हुनाले सम्पूर्ण अधिकारको ग्यारेण्टी गर्न सकेको छैन । त्यति मात्र होइन नेपालमा लोकतान्त्रिक प्रक्रिया संस्थागत हुन सकेको छैन । पटक पटक राजनीतिक व्यवस्था परिवर्तन भएका छन् । राजनीतिक व्यवस्था परिवर्तन हुनासाथ संविधान नयाँ निर्माण भएका छन् । २०६२/०६३ सालको लोकतान्त्रिक जनआन्दोलनले मात्र नेपाली जनतालाई वास्तविक रुपमा सार्वभौमसत्ता सम्पन्न बनाएको छ । संविधानसभाको निर्वाचनमा नेपाली जनताले प्रत्यक्ष र अप्रत्यक्ष एवम् मनोनयन समेत गरी ६०१ सदस्यीय संविधानसभा बनेको छ । नेपालको अन्तरिम संविधान, २०६३ उक्त आन्दोलनको जनादेशको आधारमा नेपालमा लामो समयसम्म शासन सञ्चालन गरेको सामन्ती निरंकुश राजतन्त्रको अन्त गरी गणतन्त्रको स्थापना भएको छ । यो गणतन्त्रको संघारमा बनेको अन्तरिम संविधानमा स्वभाविक रुपमा यस अघि बनेका संविधानमा भन्दा बढी मानव अधिकारका विषयवस्तुहरु यो संविधानमा उल्लेख गरिएको छ । अब

संविधानसभाले बनाउने संविधानमा यसमा उल्लेख गरिएका मानव अधिकार मौलिक हकको रुपमा राखिनु पर्दछ।

मानव अधिकारको विश्वव्यापि घोषणापत्रको धारा १ मा सबै व्यक्ति जन्मजात स्वतन्त्र हुन र ती सबैको समान अधिकार हुन्छ भनी उल्लेख गरिएको छ। साथै धारा २ मा जाति, वर्ण, लिङ्ग, भाषा, राजनीतिक विचार वा सामाजिक उत्पत्ति वा अरु कुनै मर्यादा आधारमा भेदभाव गरिने छैन र प्रत्येक व्यक्तिलाई स्वतन्त्रताको अधिकार हुनेछ। त्यसैगरी धारा ३ मा स्वतन्त्रता र सुरक्षा सम्बन्धी अधिकारको व्यवस्था गरिएको छ भने नेपालको अन्तरिम संविधान २०६३ को धारा १२ मा स्वतन्त्रताको हकको व्यवस्था गरिएको छ। त्यसैगरी धारा १३ मा समानताको हकको व्यवस्था गरिएको छ। जसमा भनिएको छ कुनै पनि नागरिक माथि धर्म, वर्ण, लिङ्ग, जात, जाति, उत्पत्ति, भाषा वा वैचारिक आस्था वा ती मध्ये कुनै कुराको आधारमा भेदभाव गरिने छैन भन्ने व्यवस्था गरी मानव अधिकारको ग्यारेण्टी गर्ने कार्य गरिएको छ।

अन्तरिम संविधानको धारा १४ मा छुवाछुत तथा जातिय भेदभाव विरुद्धको हक राखिएको छ। जसमा भनिएको छ कुनै व्यक्तिलाई वंश, समूदाय वा पेशाका आधारमा भेदभाव गरिने छैन, जातीय आधारमा सार्वजनिक प्रयोगका सेवा सुविधामा रोक लागाइने छैन। मानव अधिकारको विश्वव्यापी घोषणापत्रको धारा १९ मा विचार र प्रकाशनको अधिकार छ। विना हस्तक्षेप मत ग्रहण गर्ने र रोकतोक विना कुनै माध्यमद्वारा मत प्राप्त गर्ने खोज्ने र प्रशारण तथा छापाखाना सम्बन्धी हकको व्यवस्था गरिएको छ। यसमा कुनै समाचार, सम्पादकीय लेख, रचना वा अन्य कुनै पाठ्य, श्रव्यदृष्य सामग्रीको प्रकाशन प्रशाारण गर्न प्रतिवन्ध नलाग्ने व्यास्था छ।

घोषणपत्रको धारा २५ मा प्रत्येक व्यक्ति र उसको पविारको स्वास्थ्य र कृयाकलापको जीवनस्तरको अधिकार, खाना, घर तथा औषधीको सुविधा, मृतकाल वा बाल्यअवस्थामा रहेको सबै व्यक्तिलाई विशेष हेरचाह र सहायताको व्ययवस्था गर्नु पर्ने व्यवस्था छ भने अन्तरिम संविधानको धारा १६ मा प्रत्येक नागरिकालाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा निःशुल्क रुपमा पाउने हकको व्यवस्था गरिएको छ। घोषणापत्रको धारा २६ र २७ मा प्रत्येक व्यक्तिलाई शिक्षा पाउने अधिकार प्रारम्भिक शिक्षा अनिवार्य र निःशुल्क हुने, मौलिक स्वतन्त्रतालाई बलियो पार्न शिक्षाको प्रसार गरिने, कसैले रचना गरेको कुनै वैज्ञानिक साहित्यिक वा कृतिबाट प्राप्त भएको नैतिक र भौतिक उपलब्धिको

संरक्षणको अधिकारको व्यास्था गरिएको छ । अन्तरिम संविधानको धारा १७ मा शिक्षा तथा संस्कृति सम्बन्धी हकको व्यवस्था गरिएको छ ।

घोषणापत्रको धारा २३ र २४ मा व्यक्तिलाई काम गर्ने, नोकरी रोज्ने वेकारीबाट रक्षा पाउने, विना भेदभाव समान कामको समान ज्याला, वैयक्तिक अधिकारको व्यवस्था गरिएको छ भने अन्तरिम संविधानको धारा १८ मा रोजगारी तथा सामाजिक सुरक्षा सम्बन्धी हकको व्यवस्था गरिएको छ। घोषणपत्रको धारा १ मा व्यक्तिलाई एक्लो वा अरुसँग मिलेर सम्पत्ति राख्ने र कुनै व्यक्तिको सम्पत्ति मनमानी ढङ्गले अपहरण नगरिने व्यवस्था गरिएको छ। अन्तरिम संविधानको धारा १९ मा सम्पत्तिको हकको व्यवस्था गरिएको छ।

घोषणापत्रको धारा २ मा जाति, वर्ण, लिङ्ग, विचार, राष्ट्रियता, सामाजिक उत्पत्तिको आधारमा भेदभाव नगरिने व्यवस्था छ भने अन्तरिम संविधानको धारा २० मा महिलाको हकको व्यवस्था गरिएको छ । यस धारामा महिला भएको कारणबाट कुनै किसिमको भेदभाव नगरिने व्यवस्था छ । घोषणापत्रको धारा २२ मा प्रत्येक व्यक्तिलाई सामाजिक सुरक्षाको हक, प्रत्येक व्यक्तिको सम्मान, व्यक्तित्व विकासको निमित्त आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारहरु अन्तर्राष्ट्रिय सहयोगको व्यवस्था गरिएको छ भने अन्तरिम संविधानको धारा २१ मा आर्थिक, सामाजिक वा शैक्षिक दृष्टिले पछाडि परेका वर्ग, किसान, महिलालाई समानुपातिक सिद्धान्तको आधारमा राज्यको संरचनामा सहभागि हुने अधिकारको व्यवस्था गरिएको छ।

घोषणापत्रको धारा १८ मा प्रत्येक व्यक्तिलाई विचार, मत, धार्मिक स्वतन्त्रताको व्यवस्था गरिएको छ । अधिकार, धर्म वा मतलाई आचरण पूजाको स्वतन्त्रताको व्यवस्था गरिएको छ भने संविधानको धारा २३ मा धर्मसम्बन्धी हकको व्यवस्था गरिएको छ । यो धारामा आफ्नो धर्मको अवलम्वन अभ्यास र संरक्षण गर्ने हकको व्यवस्था छ। घोषणपत्रको धारा ५, ७, ११ मा न्याय सम्बन्धी हकको व्यवस्था गरिएको छ । त्यस अनुसार प्रत्येक व्यक्ति कानूनको दृष्टिमा समान हुनेछन्, कानून अनुसार अपराधि नठहरिन्जेल व्यक्ति निरअपराध मानिनेछ । अन्तरिम संविधानको धारा २४ मा न्याय सम्बन्धी हकको व्यवस्था गरिएको छ । घोषणापत्रको धारा ५ मा कुनै पनि व्यक्तिलाई शारीरिक यातना दिइने छैन, निर्दयी, अमानुसीक वा अपमानजनक व्यवहार वा सजाय नगरिने व्यवस्था छ । अन्तरिम संविधानको धारा २६ मा यातना विरुद्धको हकको व्यवस्था गरिएको छ। घोयाणापत्रको धारा ९ मा कसैलाई पनि मनमानि ढङ्गले गिरफ्तार वा नजरबन्द नगरिने व्यवस्था गरिएको छ

भने संविधानको धारा २५ मा निवारक नजरवन्द नगरिने व्यवस्था गरिएको छ । घोषणापत्रको धारा २३ मा व्यक्तिलाई काम गर्ने, काम गर्नको निमित्त उचित र अनुकुल परिस्थिती प्रप्त गर्ने र वेकारीबाट रक्षा पाउने, धारा २४ मा काम गर्ने घण्टाको हदवन्दि भित्र प्रत्येक व्यक्तिलाई विदा र विश्रामको अधिकारको व्यवस्था गरिएको छ । अन्तरिम संविधानको धारा ३० मा श्रम सम्बन्धी हकको व्यवस्था गरिएको छ । घोषणापत्रको धारा १२ मा कुनै व्यक्तिको गोपनियता वा पत्र व्यवहारप्रति मनमानी हस्तक्षेप नगरिने व्यवस्था गरिएको छ भने अन्तरिम संविधानको धारा २८ मा पनि गोपनियताको हकको व्यवस्था गरिएको छ ।

मानव अधिकारको विश्वव्यापी धोषणापत्रको धार ४ मा बाँदा र दास बनाई कसैलाई नराखिने र दासत्व वा दासदासीको व्यापारलाई निषेध गरिएको भन्ने व्यवस्था छ । नेपालको अन्तरिम संविधानको धारा २९ मा शोषण विवरुद्धको हकको व्यवस्था गरिएको छ । यो धारामा पनि मानिसलाई वेचविखन गर्न, दास बाँधा बनाउन नपाउने व्यवस्था गरिएको छ । घोषणापत्रको धारा १४ मा प्रत्येक व्यक्तिलाई लगाइएको अभियोगबाट उम्किन अरु देशमा शरण लिन पाउने अधिकारको व्यवस्था छ भन्ने अन्तरिम संविधानको धारा ३१ मा कुनै पनि नागरिकलाई देश निकाल नगरिने हकको व्यवस्था गरिएको छ ।

साथै संविधानमा उल्लेख भएका मौलिक हकको हनन् भएमा न्यायालयमा रीट निवेदन गर्न सक्ने व्यवस्था छ । यसरी मानव अधिकार र मौलिक हकको संवैधानिक उपचारको समेत व्यवस्था गरिएको छ । नेपालको अन्तरिम संविधानको धारा १२ देखि ३२ सम्म मौलिक हकको रुपमा समावेश गरिएको छ ।

विगतको संवैधानिक अभ्यास नेपालको अन्तर्राष्ट्रिय सन्धि सम्झैताद्वारा सिर्जित दायित्व नेपालको न्यायिक दृष्टिकोण, मित्रराष्ट्रहरुको संवैधानिक अभ्यास समेतको आधारमा संविधानसभाबाट निर्माण गरिने संविधानमा निम्नलिखित मौलिकहकहरुको व्यवस्था गर्नुपर्ने देखिन्छ : -

१. स्वतन्त्रताको हक । २. आदर पूर्वक बाँच्न पाउने हक ।

३. समानाताको हक । ४. सञ्चारको हक ।

५. न्याय सम्बन्धी हक । ६. अपराधकापिडितको हक ।

७. छुवाछुत तथा जातिय भेदभाव विरुद्धको हक ।

८. यातनाविरुद्धको हक । ९. सम्पत्तिको हक ।

१०. धर्म सम्बन्धी हक ।

११. निवारक नजरवन्द विरुद्धकको हक ।

१२. गोपनियाताको हक ।

१३. वातावरण सम्बन्धी हक ।

१४. शोषण विरुद्धको हक ।

१५. शिक्षा सम्बन्धी हक ।

१६. भाषा तथा संस्कृतिको हक ।

१७. श्रम सम्बन्धी हक ।

१८. रोजगारी सम्बन्धी हक ।

१९. स्वास्थ्य सम्बन्धी हक ।

२०. खाद्य सम्बन्धी हक ।

२१. महिलाको हक ।

२२. बालबालिकाको हक ।

२३. दलित तथा पिछडिएका वर्गको हक ।

२४. सामाजिक सुरक्षाको हक ।

२५. परिवार सम्बन्धी हक ।

२६. उपभोक्ताको हक ।

२७. देशनिकाला विरुद्धको हक ।

२८. सवैधानिक उपचारको हक आदि ।

# सन्दर्भ सामग्री


अधिकारी, सूर्यमणी (२०५५), **नेपालमा प्रजातान्त्रीक आन्दोलनको इतिहास,** नयाँदिल्ली : निरौला पब्लिकेशन ।

उपाध्याय, डा. श्रीरामप्रसाद (२०५४), **विश्वको इतिहास,** काठमाडौं : रत्नपुस्तक भण्डार ।

ओझा, पवनकुमार (२०५०), **मानव अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय दस्तावेज र नेपाल मानव अधिकार सँगालो,** काठमाडौं : अनौपचारिक सेवा केन्द्र (इन्सेक) ।

काफ्ले, यामप्रसाद (२०३८), **नेपाल अधिराज्यको संविधान २०१५,** नेपालको वैधानिक तथा नागरिक जीवन र संवैधानिक विकास, विराटनगर, काफ्ले प्रकाशन ।

काफ्ले मायप्रसाद (२०५८) **विश्वको इतिहास,** काठमाडौं भूवन प्रकासन

खत्री, प्रेमकुमार (२०५५), **मानव सभ्यताको केहिपक्षको ऐतिहासिक एवम् नवशास्त्रीय अध्ययन,** नेपाल एशियाली अनुसन्धानकेन्द्र त्रि.वि.वि., किर्तिपुर, काठमाडौं ।

चापागाई ईश्वर, भट्टराइ, लेखनाथ (२०६४), **अधिवक्ता दिग्दर्शन,** काठमाडौं : दिपक पुस्तक पसल ।

चुडाल, कुमार (२०५५), **मानव अधिकार सम्बन्धी विश्वव्यापी धारणा,** काठमाडौं, आठराइ पुस्तक भण्डार ।

जोशी, कृष्ण (२०५५), **नेपालमा सार्वजनिक प्रशासन,** सार्वजनिक प्रशासन आधुनिक अध्ययन, काठमाडौं, रत्नपुस्तक भण्डार ।

जोशी, सुरेन्द्रप्रसाद (२०६५), **विश्वका प्रमुख संविधानहरु,** भोटाहिटी, काठमाडौं, सुकुन्द पुस्तक भवन ।

तिमिल्सीना देविका, चापागाई स्थिरराज, मिश्र अम्बिका (२०६६), **मानव अधिकार आधारभूत प्रशिक्षण निर्देशीका (इण्डोफ),** काठमाडौं, सिन्धुली शान्ति तथा विकास प्रतिष्ठान ।

थापा, मोहनकुमार र पौडेल, केदारनाथ (२०५९), **नेपाल अधिराज्यको संविधान २०४७ मा व्यवस्था गरिएका मौलिक हकहरु,** अधिवक्ता दिग्दर्शन, पुतलिसडक, खसीबजार, काठमाडौं, आशिष प्रकाशन, ।

दाहाल, कपिलमणी (२०५९), **नेपालमा मानव अधिकार र वन्दिप्रत्यक्षीकरण अप्रकाशित शोधपत्र,** पोखरा राजनीतिशास्त्र विभाग पृथ्वीनारायण क्याम्पस ।

दाहाल, काशिराज (२०६३), **सविधानसभा र संवैधानिक विकास (विश्वको तुलनात्मक अध्ययन),** काठमाडौं, निरन्तर प्रकाशन प्रा.लि. ।

दाहाल, गिरधारी (२०६४), **मानव अधिकारको संरक्षणमा युवाहरुको भूमिका : युवा आव्हान,** कास्की, मानव अधिकार शिक्षा क्लव (रिलेक) ।

दाहाल, गिरधारी (२०६३), **राजनीतिशास्त्रको सिद्धन्तहरु,** काठमाडौं, न्यु हिरा बुक्स इन्टरप्राइजेज ।

देवकोटा, गृष्म बहादुर (२०३६), **नेपालको राजनीतिक दर्पण (दोस्रो भाग),** काठमाडौं, अर्जुन बहादुर देवकोटा ।

दुलाल, टंकप्रसाद (२०५१), **उत्तराधिकार सम्बन्धी हिन्दू कानूनी अवधारणा,** प्रमुख कानूनी प्रणालीहरु, काठमाडौं, एम.के. पब्लिसर्स डिस्ट्रिब्युटर्स ।

**नेपाल अधिराज्यको संविधान २०१५,** काठमाडौं, कानून किताब व्यवस्था समिति ।

**नेपाल अधिराज्यको संविधान २०४७,** काठमाडौं, कानून किताब व्यवस्था समिति ।

**नेपालको संविधान २०१९,** काठमाडौं, कानून किताब व्यवस्था समिति ।

**नेपालको अन्तरिम संविधान २०६३,** कानून किताब व्यवस्था समिति ।

**नेपालमा कानून परिचर्चा** अङ्क - २, पृष्ठ ५७ ।

**नेपालको संवैधानिक कानून (२०५४) ,** काठमाडौं, कानून अनुसन्धान तथा विकास फोरुम (फ्रिडिल) ।

पहाडी कृष्ण, दाहाल, पुरुषोत्तम (२०६५), **मानव अधिकार : लोकतन्त्र र अहिंसाको आधार,** कालिकास्थान केशरीमार्ग, काठमाडौं, मानव अधिकार तथा शान्ति समाजको केन्द्रिय कार्यालय ।

पाठक, गोपालप्रसाद (२०५५), **संविधान एवम् कानूनका सिद्धान्त र व्यवहार,** काठमाडौं, आठराइ पुस्तक भण्डार ।

पोखरेल, कृष्ण (२०६३), **नेपाल तथा भारतको सरकार र राजनीति,** काठमाडौं, एम.के. पब्लिसर्स एण्ड डिष्ट्रिब्युटर्स ।

प्रसाइ, दीर्घराज (२०४३), **नेपालमा राजनैतिक व्यवस्थाको विश्लेषण,** काठमाडौं, सानुबाबु प्रसाइ ।

बराल, उमानाथ (२०५७), **"नेपालमा मानव अधिकारको संवैधानिक स्थिति",** पोखरा, जनप्राज्ञमञ्च प्राध्यापक संघ एकाइ समिति जनप्रिय क्याम्पस ।

मल्ल, कटक (२०४८), **मानव अधिकार : अन्तर्राष्ट्रिय संघ संस्थासम्बन्धी कानून र मानव अधिकार,** काठमाडौं, आठराइ पुस्तक भण्डार ।

**मानव अधिकार र नेपाल (२०४५),** प्रजातान्त्रिक राष्ट्रिय एकता मञ्च, नेपाल ।

**मानव अधिकार आयोग ऐन (२०५३),** कानून किताब व्यवस्था समिति ।

**मानव अधिकार संगालो (२०५०),** अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक), ललितपुर ।

**मानव अधिकारमा कार्यरत संयुक्त राष्ट्र संघ,** काठमाडौं, संयुक्त राष्ट्र संघीय सूचना केन्द्र ।

**मानव अधिकार प्रश्नोत्तर संगालो (२०६५),** ललितपुर, राष्ट्रिय मानव अधिकार आयोग ।

**मानव अधिकार प्रश्नोत्तर संगालो (२०६६),** ललितपुर, राष्ट्रिय मानव अधिकार आयोग, ।

मिश्र, डा. तिर्थप्रसाद (२०५७), **आधुनिक नेपालको इतिहास,** काठमाडौं, एम.के. पब्लिसर्स एण्ड डिष्ट्रिव्यूटर्स ।

**मुलुकी ऐन (२०६४),** कानून किताब व्यवस्था समिति ।

यादव, पिताम्बर लाल (२०४०), **नेपालको राजनीतिक इतिहास,** राजविराज ।

रेग्मी, डा. जगदिशचन्द्र (२०३६), **नेपालको वैधानिक परम्परा,** विराटनगर तन्नेरी प्रकाशन, ।

शर्मा, डा. गोपाल (२०५१), **मानव अधिकार सम्बन्धी क्षेत्रीय तथा राष्ट्रिय व्यवसथहरु,** अन्तर्राष्ट्रिय मानव अधिकार, डिल्लीबजार निशान बुक्स एण्ड स्टेशनर्स ।

शर्मा, डा. गोपाल (२०४९), **मानव अधिकारको संरक्षण सम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय व्यवहारहरुको पारस्परिक सम्बन्ध,** काठमाडौं, संक्षिप्त अन्तर्राष्ट्रिय कानून, रत्न पुस्तक भण्डार ।

शर्मा, डा. गोपाल (२०४९), **मानव अधिकार,** काठमाडौं, रत्नपुस्तक भण्डार

शर्मा, डा. गोपाल (२०५४), **अन्तर्राष्ट्रिय मानव अधिकार,** काठमाडौं, रत्नपुस्तक भण्डार ।

शर्मा, जनकलाल (२०३९), **हाम्रो समाज एक अध्ययन,** काठमाडौं, साझा प्रकाशन ।

शर्मा, बालचन्द्र (२०५७), **नेपाली शब्दकोष,** चावहिल, काठमाडौं, सृष्टिप्रकाशन ।

**संक्षिप्त संविधान सङ्ग्रह (२०४७),** काठमाडौं, नेपाल वार एसोसिएसन ।

श्रेष्ठ, रामप्रसाद (२०५९), **प्रमाणका लागि गुप्ताङ्गको जाँच गोपनियता सम्बन्धी घटनाको उल्लंघन,** मानव अधिकार सम्बन्धी सर्वोच्च अदालतका फैसलाहरुको टिप्पणी, काठमाडौं, त्रिभुवन विश्वविद्यालय मानव अधिकार केन्द्र ।

श्रेष्ठ, ज्ञाइन्द्रबहादुर (२०५०), **हिन्दू विधिशास्त तथा नेपाली कानूनी व्यवस्था,** काठमाडौं, पैरवि प्रकाशन ।

श्रेष्ठ, ज्ञाइन्द्रबहादुर (२०५४), **हिन्दू विधिशास्त्र र नेपाली कानूनी व्यवस्था,** काठमाडौं, पैरवि प्रकाशन ।

हमाल राजेश, दुलाल टंकप्रसाद (२०४९), **नेपालको संवैधानिक विकास, संवैधानिक कानून,** काठमाडौं : समित्राहमाल ।

ज्ञवाली, डा. चन्द्रकान्त (२०६८), **नेपालको संवैधानिक कानून,** काठमाडौंःपैरवि प्रकाशन ।

ज्ञवाली धनराज, बुर्लाकोटी गोकुल प्रसाद (२०५४), **नेपाली नागरिक अधिकार समिति,** नविनतम सामान्यज्ञान दर्पण, चौथो संस्करण, काठमाडौं, पद्म्म एजुकेशनल ट्रेडर्स, ।

ज्ञवाली, सूर्य विक्रम (२०३३), **पृथ्वीनारायण शाह,** काठमाडौंःराजकिय प्रज्ञाप्रतिष्ठान ।